वर्ष : १६, अंक : ३८, काठमाडौं, २०७७ पुस २४ गते शुक्रबार, 8 January 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## 'सर्वोच्च अदालतको निर्णय मान्छौं'

काठमाडौं । संसद विघटनविरुद्ध आन्दोलन घोषणा गरेको जनता समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले सर्वोच्च अदालतको निर्णय आफूहरुले स्वीकार गर्ने बताएका छन् । संसद विघटनविरुद्धको रिटहरुमा सर्वोच्च अदालतमा अहिले विचाराधीन अवस्थामा रहेको बताउँदै अध्यक्ष ठाकुरले संविधानको अन्तिम व्याख्याता सर्वोच्च नै रहेकोले उसको निर्णय मान्ने बाहेक अर्को विकल्प नरहेको समेत जिकिर गरेका हुन् । सोमबार जसपानिकट राष्ट्रिय इन्जिनियर संघले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट बोल्दै अध्यक्ष ठाकुरले संसद विघटन विरुद्ध आफूहरु आन्दोलन गरे तापनि सर्वोच्चले यदि त्यसलाई सदर गऱ्यो भने चुनावको तयारीमा लाग्नुपर्ने संकेतसमेत गरेका थिए ।

उनले इन्जिनियरहरु राष्ट्र निर्माणका ठूलो भूमिका निर्वाह गरिरहेको बताउँदै प्रशंसा गरेका थिए । अन्तरक्रिया कार्यक्रमको अध्यक्षता राष्ट्रिय इन्जिनियर संघको केन्द्रीय अध्यक्ष ई.भगवान झाले गरेका थिए भने विशिष्ट अतिथि जसपा नेपालका वरिष्ठ नेता राजेन्द्र महतो थिए । कार्यक्रममा जसपा नेतागण मृगेन्द्र सिंह यादव, उमाकान्त झा, अकवाल अहमद साह, केशव झा, डा.सुरेन्द्र झा, जितेन्द्र सिंह, मनिष मिश्र, ई. भवेश मिश्र, ई.बिनोद यादवलगायतको सहभागिता थियो । यसैगरी, नेपाल तराई इन्जिनियर समाजका अध्यक्ष डा.अजय झा, सल्लाहकार ई.दिगम्बर झा, पूर्व अध्यक्ष ई.दिलिप झा, उपाध्यक्ष ई.आनन्द सिंह, ई.दिपेन्द्र साह लगायतहरूको उपस्थिति रहेको थियो भने कार्यक्रममा उल्लेखनीय युवा इन्जिनियरहरू राष्ट्रिय इन्जिनियर संघमा प्रवेश गरेका छन् ।

## 'संसद पुनर्स्थापना मात्रै समाधान होइन'

काठमाडौं । जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले संसद पुनःस्थापना गरेर अहिलेको समस्या समाधान नहुने बताएका छन् । संसद पुनःस्थापना वा चुनाव जे भएपनि फेरि प्रतिगमन हुने तर्क गर्दै समस्याको स्थायी समाधान खोज्नुपर्ने उनले बताए । संसद पुनःस्थापना र मध्यावधि चुनाव दुवै सम्भ्रान्तहरुको स्वार्थ रक्षाको एजेन्डा भएको उनको भनाई छ । 'संसद पुनःस्थापनाले अहिलेको समस्या समाधान हुँदैन, यसले सम्भ्रान्तहरुको मात्र स्वार्थ रक्षा गर्छ' राजधानीमा आयोजित साक्षात्कारमा उनले भने, 'स्थायी समाधान गर्ने हो भने बहुल राष्ट्रको निर्माण गर्नुपर्छ ।'

## प्रभु साहको 'अग्रगामी छलाङ्ग'

# राजनीतिक धरातल बिर्सिएर ओली समूहको मन्त्री बने

**मधेशवाणी डेस्क**

काठमाडौं । संसद विघटन र पार्टी विभाजनपछि तीव्र दबाबमा परेका प्रधानमन्त्री केपी शर्मा ओलीले केही मन्त्रीहरुलाई थपेर मन्त्रिपरिषद् विस्तार गरे ।

नयाँ मन्त्री बनेका मध्ये पाँच जना पूर्वमाओवादी समूहका नेता हुन् । उनीहरु पार्टी विभाजनपश्चात् प्रचण्ड-नेपालको समूह त्यागेर ओली तिर लागे । ती पाँच भाइ मध्ये प्रभु साह पनि हुन ।

नेकपा विभाजन भएपछि प्रधानमन्त्री ओलीको समूहलाई साथ दिने टोपबहादुर रायमाझीले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको जिम्मेवारी पाएका छन् भने पूर्वमाओवादी समूहकै प्रभु साह, मणि थापा, हरिशंकर चौधरी र दावा लामा पनि मन्त्री बने ।

अचम्म के छ भने शहरी विकासमन्त्री बनेका साह तिनै नेता हुन्, जो प्रधानमन्त्री ओलीले प्रतिनिधि सभा विघटनको सिफारिस गरेपछि चर्को असहमति जनाउँदै प्रचण्ड-नेपालले नेतृत्व गरेको नेकपाको केन्द्रीय समिति बैठकमा सहभागी भएका थिए ।

बैठकमा ओलीलाई अध्यक्षबाट हटाउने सर्वसम्मत निर्णयको पक्षमा उभिएका साह माधवकुमार नेपाललाई अध्यक्ष बनाउने बेलामा भने विपक्षमा देखिएका थिए ।

प्रतिनिधि सभा विघटन गर्ने प्रधानमन्त्री ओलीको कदमको सामाजिक सञ्जालमा चर्को आलोचना गरेका र ओलीलाई अध्यक्षबाट हटाउँदा सहमति जनाएका उनै साह पार्टी विभाजनको पाँच दिनपछि मन्त्री बने । उनी मन्त्री बन्दा उनकै कार्यकर्ताहरु चकित पनि भए ।

साह रौतहटबाट निर्वाचित प्रतिनिधि सभा सदस्य हुन्, जो पहिले माओवादीमा बाबुराम भट्टराई निकट मानिन्थे । नेकपा एकीकरण पछि उनी प्रचण्ड निकट रहे । तर जिल्लाको विवाद काठमाडौं ल्याएर उनले माधव नेपालको विरोध गर्न भने कहिल्यै छाडेनन् ।

मधेशमा नेकपाकै अर्का नेता मातृका यादवका पनि कट्टर विरोधी मानिने साहमाथि केही महिनाअघि पर्सामा भएको नेकपाकै कार्यकर्ताको हत्या आरोपीको पक्ष लिएको आरोप पनि छ ।

**साहको 'यु टर्न'**

'पार्टी नेतृत्वबीच सहमतिमा अगाडि बढ्नुको सट्टा नेपालको संविधानको मूलमर्म र जनादेश विपरित दुई वर्ष कार्यकाल बाँकी रहँदारहँदै प्रतिनिधि सभा विघटनको निर्णय गर्नु आफैंमा आत्मघाती एवं आपत्तिजनक कार्य हो', ओलीले संसद विघटन गरेपछि साहले पुस ५ गते सामाजिक सञ्चाल फेसबुकमा दिएको प्रतिक्रिया हो ।

त्यसपछि पनि उनले ओलीको कदमको आलोचना गर्दै आए । तर, पुस ७ गते प्रचण्ड-माधव नेपाल पक्षले केपी ओलीलाई हटाएर माधव नेपाललाई अध्यक्षको चयन गरेपछि उनी यूटर्न बनेका हुन् । थापाथलीस्थित कार्की बैंक्वेटमा बसेको प्रचण्ड-नेपाल पक्षको केन्द्रीय समिति बैठकले माधव नेपाललाई चयन गरेसँगै बैठक हलमै उनले दुई अध्यक्षात्मक व्यवस्था आफूलाई अमान्य हुने भन्दै विरोध गरे । तर, हलबाट पारित भइसकेको विषयमा पुनः छलफल हुन नसक्ने भन्दै प्रवक्ता नारायणकाजी श्रेष्ठले उनको माग अस्वीकार गर्दै बैठक अघि बढाए ।

विगतमा आफूलाई मन्त्री नबनाएको तथा सांगठनिक कार्यविभाजनमा समेत प्रचण्डसँग असन्तुष्ट बन्दै आएका साहले पुस ९ गते सार्वजनिक विज्ञप्ति नै जारी गरेर दुई अध्यक्षात्मक प्रणालीको विरोध गरे । यसो त उनले माधव नेपालको समेत सुरुदेखि नै विरोध गर्दै आएका थिए भने पार्टीले स्पस्टीकरण समेत सोधेको थियो ।

साहले पुस ९ गते जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'मार्क्सवादी मान्यता र लेनिनवादी संगठनात्मक सिद्धान्त विपरित निर्माण भएको दुई अध्यक्षीय प्रणाली अवस्तुवादी र अवैज्ञानिक भएकै कारण देशले गम्भीर घात व्यहोर्नु परेको छ ।' उनले थप भनेका छन, 'यसै पृष्ठभूमिमा केपी ओलीद्वारा गरिएको संसद विघटनको सिफारिसलाई आत्महत्याको संज्ञा दिँदै प्रचण्ड नेतृत्वलाई सहयोग गर्न अग्रसर भएको थिएँ । तर प्रचण्ड नेतृत्वको समूहले विगतको गल्तीलाई समीक्षा गरी सच्याउनुको साटो पुनरावृत्ति गरेको देखियो ।'



साहले ओली समूहतिर लाग्नका लागि छलफल चलाएको उनी निकट नेताको भनाइ छ । उनको सोही विज्ञप्तिपछि साह ओलीतिर लाग्न खोजेको गाइगुइँ चलेपनि ओली पक्षले बोलाएका बैठकमा सहभागी भएका थिएनन् । तर, पुस १० गते एकाएक उनी मन्त्री बनेको सार्वजनिक भएपछि धेरैलाई चकित बनायो । साह मन्त्री बनेसँगै पदका लागि राजनीतिमा के सम्म हुँदो रहेनछ भन्दै टिप्पणी पनि भइरहेका छन् ।

नेकपा माधव-प्रचण्ड समूहका प्रदेश २ कमिटी सह-इन्चार्ज महेन्द्र पासवान भन्छन्,' प्रदेश २ कमिटीका अध्यक्ष साह जसरी मन्त्री पदका लागि ओली समूहमा जानुभयो, एकदमै हास्यास्पद कुरा हो ।' मधेशवाणीसँगको कुराकानीमा उनले भने, 'ओलीको प्रलोभनमा परेर व्यक्तिगत स्वार्थ सिद्ध गर्ने हिसावले उहाँले छलाङ हान्नुभयो र रातारात मन्त्री बन्नुभएको छ । उहाँले नै भनेको कुरालाई उहाँले ठाडै खारेज गर्नुभएको छ । उहाँले यस्तो कदम चाल्नु देश र जनताका लागि घातक नै हो । मन्त्री पदकै लागि उहाँले समूह परिवर्तन गरेको छर्लङ्गै छ ।'

**यसरी बने मन्त्री**

नेकपामा ओली र प्रचण्ड-नेपाल समूहमा विवाद सुरु हुँदा साह प्रचण्ड समूहमै खुलेर उभिएका थिए । मन्त्री बनेका साह पुस १० गते बिहानदेखि प्रचण्ड समूहका विभिन्न कार्यक्रममा व्यस्त थिए । मन्त्री बन्नुभन्दा करिब ३ घण्टाअघिसम्म साह प्रचण्डसँगै थिए । प्रचण्डसँग गफ गरिरहेका बेला साहको फोन निरन्तर आइरहेको थियो । त्यसपछि मधेशका केही नेतासँग भेटघाट र राजनीतिक विषयमा छलफल गरेर आउँछु भनेर साहले प्रचण्डसँग बिदा मागेर बाहिरिए । तर उनी प्रचण्डको कार्यक्रमा नफर्केर बालुवाटार पुगे र मन्त्री बने । अर्थात् साह सडक आन्दोलनबाट सिधै सत्तामा पुगे ।

लामो समयदेखि प्रचण्डलाई साथ दिँदै आएका साहले अरु केही नभई मन्त्रीको लोभमा ओली समूहमा लागेको भन्नेहरुको कमी छैन । साहले मन्त्री बन्नका लागि राजनीतिक धरातल भुलेको टिप्पणी पनि भइरहेको छ । प्रचण्ड-नेपाल समूहमा साहलाई ओलीले कसरी बनाए भनेर बहस नै चलेको थियो ।

**तिवारी काण्ड**

यसअघि पनि प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद् पुनर्गठन गर्दा साहको टिप्पणी थियो, 'कार्यसम्पादनको आधारमा मन्त्रिपरिषद् पुनर्गठन गर्ने भनिए पनि अन्ततः गुटगत पूर्वाग्रह र लेनदेनकै आधारमा भयो ।' उनको यो आक्षेप सीधा प्रधानमन्त्रीलाई थियो ।

साहको उक्त अभिव्यक्तिप्रति विदेश विभाग उपप्रमुख विष्णु रिजालले प्रभु साहको फेसबुक स्ट्याटस देख्दा लाज लागेको बताएका थिए । 'यस्ता अराजक र अनुशासनहीन अभिव्यक्तिप्रति पार्टीको ध्यान जान जरूरी छ,' रिजालले भनेका थिए ।

ओलीप्रति कटाक्षसहित साहको अभिव्यक्तिप्रति सामाजिक सञ्जालमार्फत नै नेता विष्णु रिजालले काशी तिवारी हत्याकाण्डको प्रसङ्ग पनि कोट्याए । रिजालले 'अँ, साँच्चै काशी तिवारी हत्याकाण्डको फाइल पनि खुल्न लागेको हो र ?' भन्दै प्रश्न गरेका थिए ।

हिन्दु युवा संघका संस्थापक अध्यक्ष काशी तिवारीको २०६७ असार १२ गते वीरगञ्ज-१३ मसानघाट शिवपार्वती मन्दिर नजिकै हत्या भएको थियो । उक्त हत्या काण्डका आरोपीलाई साहले सघाएको आरोप छ ।

२०६७ वैशाख दोस्रो साता माओवादीले आह्वान गरेको साताव्यापी आम हड्तालविरुद्ध तिवारीले नेतृत्व गरेको हिन्दू संघले प्रतिकार गर्दा वीरगञ्जमा करिब ६० जना माओवादी कार्यकर्ता घाइते भएका थिए । त्यसको दुई महिनापछि १२ असारमा तिवारीको हत्या भयो । प्रहरीले २१ भदौमा वीरगञ्जको रानीघाटबाट समातेको अमन कुशवाहले 'माओवादी नेता साहको योजनामा उनकै स्वकीय सचिव फिरोज भनिने सियाराम कुशवाहले गोली प्रहार गरेको र आफूले रु.२ लाख पाउने शर्तमा सियारामलाई पछाडि राखेर मोटरसाइकल मात्र चलाएको' बयान अदालतमा दिएका थिए ।

*बाँकी अन्तिम पृष्ठमा*

## निर्माणाधीन बहुप्राविधिक क्याम्पस शहीद रामवृक्ष यादवकै नाममा बन्छ : ओली



काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले महोत्तरीको खयरमारामा निर्माणाधीन बहुप्राविधिक क्याम्पस शहीद रामवृक्ष यादवकै नाममा बन्ने स्पष्ट पारेका छन् । नेकपा प्रदेश २ का अध्यक्ष एवं सहरी विकासमन्त्री प्रभु साह नेतृत्वको टोलीसँग बिहीबार छलफल गर्दै प्रधानमन्त्री ओलीले नियम प्रक्रियाविना हचुवाका भरमा उक्त शिक्षालयको नामकरण भएकाले अब सच्याएर कानुनसम्मत ढंगले रामवृक्ष यादवको नाम राख्ने बताए । प्रधानमन्त्री ओलीले रामवृक्षको नाममा चाँडै क्याम्पस सञ्चालन गराउने प्रतिबद्धता जनाएको बैठकमा सहभागी नेता रामपृत रामले बताए । खयरमारा सहिद रामवृक्ष यादवको मान(सम्मान र पहिचानसँग जोडिएको ऐतिहासिक भूमि रहेकाले त्यहाँ उनकै नाममा पूर्वाधार निर्माण हुनेमा ढुक्क हुन प्रधानमन्त्री ओलीले आग्रह गरेका थिए । छलफलमा मन्त्री प्रभु साहका साथै राष्ट्रियसभा सदस्य सुमन प्याकुरेल, कानुनमन्त्री लीलानाथ श्रेष्ठ, प्रदेशसभा सदस्य दिलीप साह, नेता रामपृत रामलगायतको सहभागिता थियो ।

## जसपामा गाभियो नेकपा एकीकृत मार्क्सवादी



काठमाडौं । जनता समाजवादी पार्टी नेपालमा नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी समाहित भएको छ। गत शुक्रबार बालकुमारीस्थित समाजवादी ट्रेड युनियन महासंघको हलमा एकीकरण घोषणा कार्यक्रममा एकीकृत मार्क्सवादी गाभिएको हो । नेकपा एकीकृत मार्क्सवादी सम्पूर्ण जिल्ला केन्द्रीय समितिदेखि जिल्ला तहसम्म समितिहरु जसपामा समाहित भएको घोषणा संयोजक अमृत पुरीले गरेका छन् । नेता पुरीले जसपाले संसद विघटनविरुद्ध सुरु गरेको आन्दोलनमा आफूहरुले पनि पूर्णरुपमा लाग्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

'यस एकताले नेपालमा लामो समयदेखि चलिआएको लोकतान्त्रिक आन्दोलनमा श्रमजीवी जनता र उत्पीडित राष्ट्रियता, महिला र शिल्पी/दलित समुदायको मुक्ति आन्दोलनमा शक्ति प्रदान गर्दै सशक्त पार्नेछ ।' एकता घोषणा कार्यक्रममा जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ, 'साथै अग्रगामी लोकतान्त्रिक ध्रुवीकरणमा योगदान गर्नेछ भन्ने विश्वास लिएका छौं ।'

एकीकरण घोषणा कार्यक्रममा जसपाका संघीय परिषद् अध्यक्ष डा.बाबुराम भट्टराई, अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव, वरिष्ठ नेताद्वय अशोक राई र राजेन्द्र महतो, नेकपा एकीकृत मार्क्सवादीका संयोजक अमृत पुरी लगायतका नेता कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

## प्रदेश २ सरकारले अस्थायी इजलास भवन बनाउने

वीरगन्ज । प्रदेश २ सरकारले वीरगन्जमा ३ वटा अस्थायी इजलासको भवन निर्माण गर्ने भएको छ । प्रदेश २ सरकारको भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले प्रदेशको सन्तुलित विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको भन्दै उच्च अदालतको अस्थायी इजलासको भवन निर्माणको तयारी गरेको बताए ।

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजमा निर्माण गरिने ३ वटा इजलास भवन निर्माण स्थलको स्थलगत निरीक्षण गर्दै भवन निर्माणका लागि आवश्यक प्राविधिक प्रतिवेदनहरू तयार गर्नसमेत मन्त्री सोनलले निर्देशन दिए । वीरगन्जस्थित उच्च अदालत अस्थायी इजलासका न्यायाधीश शेखर पौडेलले भौतिक पूर्वाधार विकासमन्त्रीको कार्यकक्षमा पुगेर अदालतमा इजलासको अभाव रहेकोले निर्माणका लागि ध्यानाकर्षण गराए । इजलासको अभावमा न्याय सम्पादनमा समस्या भएको जानकारी पाए लगतै मन्त्री सोनलले अदालत परिसरमा पुगेर इजलास भवन निर्माणका लागि जग्गा निरीक्षण गरेका थिए ।



ठाउँको निरीक्षण गर्दै मन्त्री सोनलले न्यायमा जनताको सहज पहुँचका लागि प्रदेश सरकार गम्भीर भएकोले छिटोभन्दा छिटो इजलास भवन निर्माणका लागि तयारी गर्न मन्त्रालयका इन्जिनियर बिनोद यादवलाई निर्देशन दिए ।

इजलास भवन निर्माणको लागत अनुमान तयार गरी छिटो प्रतिवेदन मन्त्रालयमा पेश गर्न निर्देशन दिएका छन् । प्राविधिक प्रतिवेदनहरू त्यार भएपछि तुरुन्तै इजलास भवन निर्माणका लागि रकम निकासा गरि निर्माण सुरु गरिने मन्त्री सोनलले बताएका छन् ।

**समय–सन्दर्भ**

**निमिष झा**



## कांग्रेसले के रोज्ने : निर्वाचन, संसद पुनर्स्थापना वा महाधिवेशन ?

नेपाली काँग्रेसले फागुन ७ गते पार्टीको १४औं महाधिवेशन गर्ने निर्णय गरिसकेको छ तर महाधिवेशन होला न होला अनिश्चित छ । संसद विघटनपछि यो मुद्दामा नेताहरु बोल्नै छाडेका छन् । तय मितिमा महाधिवेशन नहुने पक्का भइसकेको छ । फागुनमा महाधिवेशन सम्भव नभएपछि २०७८ जेठ या भदौलाई नयाँ मितिको बहस भइरहेको बेला प्रधानमन्त्री केपी ओलीले प्रतिनिधिसभा विघटनको घोषणा गरेसँगै कांग्रेस अलमलमा परेको देखिन्छ ।

गत वर्ष पुस ११ गते पार्टीको महाधिवेशन २०७६ फागुन १९ भित्र सम्भव नहुने र महाधिवेशन गर्न नसकेको अवस्थालाई नै असामान्य परिस्थिति घोषणा गर्दै एक वर्ष म्याद थपेको थियो । पार्टीले एक वर्षको म्याद थपे पनि महाधिवेशनको अन्योलता यस वर्ष पुस ५ गते संसद विघटनको दिनसम्म कायमै थियो ।

प्रधानमन्त्री केपी ओलीले संसद विघटन गरेपछि काँग्रेस भित्र महाधिवेशनको चर्चा नै हराएको छ । यसअघि पनि गत वर्ष चैत ११ देखि कोरोना महामारीको त्रास रोक्न लकडाउन लागेपछि पनि महाधिवेशनको चर्चा सेलाएको थियो । लकडाउनपछिका दिनहरुमा जिल्ला-जिल्लामा पार्टी प्रवेशसहितका कार्यक्रम सञ्चालन भए पनि महाधिवेशनको कार्यासूचीमा प्रवेश गर्न नसक्दा पटक-पटक कार्यतालिका परिवर्तन हुँदै आइरहेको छ । गत वर्ष थपिएको म्याद पनि आगामी फागुन १९ देखि समाप्त हुँदैछ । कांग्रेसको विधानअनुसार अब म्याद थप्ने बाटो बाँकी छैन । आगामी फागुन ७ देखि १० गतेसम्म काठमाडौंमा हुने भनिएको १४ औं महाधिवेशन पनि अनिश्चय बनेको छ ।

कोरोनाको त्रास र संक्रमण केही कम भएर पार्टी भित्र महाधिवेशनको दबाब बढे पनि प्रतिनिधिसभा विघटनपछि कांग्रेस पुनः आन्दोलन केन्द्रित हुँदा महाधिवेशनको कार्यसूची नै हराएको छ । त्यसैले कांग्रेसको विधानअनुसार महाधिवेशन सम्भव नहुने भएपछि संविधानको सहारा लिनुपर्ने अवस्था छ ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भनेर कांग्रेसले सडक संघर्षको बाटो रोजेको छ/ । उसले दोस्रो चरणको आन्दोलन पनि घोषणा गरिसकेको छ । उता संसद विघटनको मुद्दा अदालतमा प्रवेश गरिसकेको अवस्थामा सभापति शेरबहादुर देउवा आन्दोलन नगर्ने मनस्थितिमा छन् तर चौतर्फी दबाबले घेरिएपछि आन्दोलनमा जान सहमत भएका हुन । यद्यपी काँग्रेस भित्र आन्दोलन कि संसद पुनर्स्थापना भन्ने विषयमा नेताहरु विभाजित छन् । सभापति देउवा अदालतबाट संसद ब्युँतिने आशमा छन भने वरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलासहितका नेताहरू आन्दोलन गर्नुपर्ने बताइरहेका छन् । पौडेलले संसद पुनःस्थापनाले मात्रै असंवैधानिक कदम नसच्चिने भन्दै नेतृत्वलाई आन्दोलनतिरै तान्न दबाब दिइरहेका छन् । संसद् पुनःस्थापना नहुने र निर्वाचन पनि नगराउने परिस्थितिको आकलन गर्दै सिटौलाले पार्टीलाई दोधारमा नराखेर तत्काल आन्दोलनका लागि तयार हुनुपर्ने बताउँछन् ।

आन्दोलनमा जान तयार भए पनि संसद पुनःस्थापनाको मुद्दा उठाउन भने सभापति देउवा हच्चेका छन् । उनको असहमतिकै कारण पार्टीले संसद पुनःस्थापनाको विषय केन्द्रीय समितिको निर्णयमा उल्लेख गरिएको छैन । 'असंवैधानिक र अलोकतान्त्रिक कदमविरुद्धको आन्दोलन भन्नुको अर्थ त्यसलाई सच्याउनु हो। त्यो भनेको संसद पुनःस्थापनाकै लागि हुने आन्दोलन हो। अदालतलाई पनि हाम्रो यही अपिल छ,' काँग्रेस केन्द्रीय समितिको बैठकमा पौडेलले भनेका थिए । सिटौलाले प्रधानमन्त्री केपी ओलीको पार्टी संगठनतिरको ध्यान, निर्वाचन आयोगको तयारीलगायतले वैशाखमा निर्वाचन हुने र संसद पुनःस्थापनासमेत नहुने अवस्थाले राजनीतिमा कालो बादल मडारिरहेको आफूले देखेको बैठकमा बताए।

'निर्वाचन हुने नै भयो भने आन्दोलनलाई त्यतैतिर डाइभर्ट गरौंला तर अहिले आन्दोलनको विकल्प छैन । आन्दोलनले पार्टीको संगठन पनि बनाउँछ। संविधान र राजनीतिक व्यवस्थालाई बचाउने काम पनि गर्छ,'बैठकमा सिटौलाको भनाइ थियो ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानमै नभएको अधिकार प्रयोग गरेर प्रतिनिधिसभा विघटन गरेको यतिका दिन बित्दा पनि पुनःस्थापना कि निर्वाचन भन्नेमा कांग्रेस दोधारमा छ/। संसद विघटनपछि पुस १३ गते कांग्रेसले १ सय ६५ निर्वाचन क्षेत्रमा विरोध प्रदर्शन गऱ्यो तर उक्त विरोध प्रदर्शनमा पनि पार्टी नेताहरूको समान धारणा रहेको थिएन । सभापति देउवा र उनीपक्षीय धेरैजसो नेता संसद पुनःस्थापनाको विपक्षमा उभिए भने संस्थापनइतर नेताहरू पुनःस्थापनाको पक्षमा देखिए ।

सभापति देउवा निकट नेताहरुकाअनुसार प्रतिनिधिसभा विघटनविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले र नेकपाको पार्टी विभाजनसम्बन्धी विवादमा निर्वाचन आयोगले निर्णय नदिएसम्म पर्खनुपर्ने पक्षमा उनी छन् । जबकी पौडेले पक्षको जोड प्रतिनिधिसभा पुनःस्थापनालाई प्राथमिकतामा राखेर सडक संघर्षमा जानुपर्नेमै छ । अदालतले विघटनलाई सदर गरेपछि मात्रै निर्वाचनको मुद्दा

*बाँकी पृष्ठ २ मा*

## सम्पादकीय

# संघर्ष, पुनर्स्थापना कि निर्वाचन

प्रधानमन्त्रीले पुस ५ गते प्रतिनिधि सभा विघटन गरेर आगामी बैशाखमा निर्वाचनको मिति तोकेका छन् । प्रधामन्त्रीको उक्त कदमको सर्वत्र विरोध भइरहेको छ । संसद विघटनको प्रकरणले सत्तारुढ नेकपा पनि विभाजित भएको छ । नेकपाको असन्तुष्ट पक्षले प्रधानमन्त्रीको विरोध गर्दै सडकमा उत्रिएका छन् ।  यसका साथै विघटनको मुद्दा अहिले सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ । राजनीतिक वृत्त पक्ष विपक्षमा विभाजित छ । प्रधानमन्त्रीले आफ्नो बाध्यता बताइरहनुभएको छ भने अरूले संवैधानिक कदम भएन भनी अर्थ्याएका छन् ।

नेपालको संविधानले संसद् विघटनको सुविधा वा विशेषाधिकार प्रधानमन्त्रीलाई दिँदैन भन्ने तर्क धेरैको छ । विगत ७० वर्षको इतिहासमा नेपालमा कुनै पनि सरकारले पूरा कार्यकाल शासन गर्न पाएको छैन । पञ्चायत कालमा समेत यो सम्भव भएन । २०४७ सालका अवधिमा पनि झन् बढी संसद् विघटनका घटना व्यहोर्न पर्‍यो । पूरा अवधि सरकार टिकेन मात्रै हैन, व्यवस्था र संविधान नै टिकेन ।

विगतका र तत्कालका समेत तिता अनुभवका आधारमा नयाँ संविधानमा संसद् विघटन हुन नसक्ने प्रावधानका साथ संविधान जारी भयो । संविधानको यो पाँच वर्षको अवधि अब जनप्रतिनिधि संस्था विहीन अवस्था रहने छैन भनेर दोहोराइ तेहराइ भट्याउने काम पनि गरियो तर आज ती संविधानका व्यवस्थाहरू र संविधान निर्माताका ती भावनाहरू र संविधानविद्का विचार र मतहरू झुठा भएका छन् ।

**प्रतिनिधिसभा विघटन भइसकेपछि सत्ताइतर राजनीतिक दलहरू अदालत कि आन्दोलन ? भन्ने प्रश्नमा अल्मलिएका छन् । कसैले दुवै बाटो रोज्न खोजेका देखिन्छन् भने कोही अदालतको फैसला पर्ख र हेरको अवस्थामा छन् ।**

नेपालमा पटक-पटक संसद् विघटन भएका र कुनैमा पुनःस्थापना भएका र कुनैमा सदर भएका आ-आफ्नै मिश्रित अनुभव छन् तर साझा अनुभव के भएको छ भने संसद् विघटनले देश र जनताको हित गरेको छैन । यति मात्रै नभएर संसद् विघटनका बखत तोकिएको मितिमा निर्वाचन भएको छैन । संसद् विघटन गर्ने दलले निर्वाचनमा विजय हासिल गरेको पनि छैन । सबैभन्दा खतरनाक कुरा त संसद् विघटनले लोकतन्त्रमाथिको जनविश्वास धर्मराउने डर छ । विगतमा त निरङ्कुशता निम्तिएको, प्रतिगमन हावी भएको र संसद् विघटन गरेर लोकतन्त्र दरबारमा बुझाएको आरोप लागेको हाम्रै अनुभव छ । प्रतिनिधिसभा विघटन भइसकेपछि सत्ताइतर राजनीतिक दलहरू अदालत कि आन्दोलन ? भन्ने प्रश्नमा अल्मलिएका छन् । कसैले दुवै बाटो रोज्न खोजेका देखिन्छन् भने कोही अदालतको फैसला पर्ख र हेरको अवस्थामा छन् । आन्दोलन र अदालत दुवै बाटो समात्दा दुवै हातमा लड्डु आउने अनुमान एकथरिको छ । विभाजित नेकपाको प्रचण्ड-माधव पक्षले अदालतभन्दा आन्दोलनलाई प्राथमिता दिएको देखिन्छ । उसले गर्ने आन्दोलन भनेको संसद्को पुनर्स्थापनाका पक्षमा नै हो । अदालतसँग गरिएको माग पनि पुनर्स्थापना नै हो ।

राजनीतिक दलका हैसियतमा अदालत गएको नेकपाको यो समूह मात्रै हो । बरु आन्दोलनमा जाने नैतिक अधिकार अदालतमा नगएका नेपाली काँग्रेस र जनता समाजवादी पार्टीलाई छ । उनीहरू प्रधानमन्त्रीको कदमका विरुद्ध नागरिकमा गएका छन् । प्रतिनिधिसभा विघटनलाई असंवैधानिक भनेर नै उनीहरू जनतामा गएका हुन् ।

अदालतले निर्वाचनका पक्षमा फैसला दियो भने सरकारले निर्वाचन नै गराउँदैन भन्ने आशङ्का पनि दलहरूले उठाउने गरेको देखिन्छ । आन्दोलनका पक्षमा उत्प्रेरित गर्न पनि यो तर्कलाई अघि सार्ने गरिएको छ । अहिले नै यो आशङ्काका आधारमा कुनै निर्णयमा पुग्नुभन्दा दुई महिना कुरेर निर्णय लिनु नै श्रेयष्कर हुन्छ ।

# ‘संविधान त्रुटीपूर्ण छ संसद विघटनले साबित गर्‍यो’



**महन्थ ठाकुर**
**अध्यक्ष, जसपा नेपाल**



**राजेन्द्र महतो**
**वरिष्ठ नेता, जसपा नेपाल**



**अशोक राई**
**वरिष्ठ नेता, जसपा नेपाल**

हामी परिवर्तनकारी शक्ति हौं र परिवर्तनका लागि हामी संघर्ष गर्दै आएका हौं । संसद पाँच वर्षका लागि थियो तर बीचैमा जसरी प्रधानमन्त्री ओलीले विघटन गरे, यसबाट जनताको मतादेशमाथि प्रहार भएको छ । देश एकचोटि फेरि संकटमा परेको छ । संघीयता, लोकतन्त्र, गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षताका लागि हामीले संघर्ष गरेका थियौं र स्वीकार गरिएको थियो कि ऐतिहासिक रुपमा नै हाम्रो देशमा जातीय, क्षेत्रीय, वर्गीय आदिको आधारमा हुँदै आएको विभेद अन्त्य गर्ने । कसरी अन्त्य गर्ने ? त्यसका लागि नयाँ संरचना बनाउने, पहिचानको आधारमा जुन विभेद भइरहेको छ, त्यसलाई हटाउनका लागि नयाँ संरचना बनाउने र सबैलाई सम्बोधन गर्ने गरी राज्य पुनर्संरचना गर्ने । यहाँ जातीय आधारमा पनि शोषण र विभेद हुँदै आएको छ । त्यसका विरुद्धमा हामीले संघर्ष गर्दै आएका हौं । फेरि हामी संघर्षमै जानुपरेको अवस्था छ ।

जुन संविधान बन्यो त्यो त्रुटिपूर्ण छ । राजनीतिक सहमतिको आधारमा संविधान बनाउने सहमति भएको थियो । तर, त्यो भएन । एकतर्फीरुपमा संविधान बनाइयो । त्यसपछि हामीले संशोधनको पनि माग गर्‍यौं तर संशोधन हुन सकेन । यो संविधान त्रुटिपूर्ण छ । यो संविधान जबसम्म त्रुटिपूर्ण रहन्छ, तबसम्म मुलुकमा अस्थिरता आउँदैन । जब दुई तिहाइसम्मको बहुमत पाएको सरकार नेकपाका अध्यक्ष ओलीले चलाउन सक्नुभएन, यसबाट नै प्रष्ट हुन्छ कि संविधान संशोधनको आवश्यकता छ । प्रमुख प्रतिपक्षी पार्टी त कमजोर छ, उसले सरकारले बनाउने स्थितिमा नै छैन । हामी त नयाँ पार्टी भयौं । अब अनुशासित भएर आफ्नो संघर्षलाई अगाडि बढायौं भने हामी बलियो अवस्थामा आउन सक्छौं । सरकारले संसद विघटन गरेर चुनावको घोषणासमेत गरिसकेको छ । तर हामी संसद पुनर्स्थापनाकै पक्षमा छौं । संसद विघटनको मुद्दा अदालतमा गइसकेको हुनाले अदालतको निर्णय मान्नुपर्ने अवस्था नै हुन्छ । किनकि कुनै न कुनै यस्तो निकाय हुन्छ जसलाई सबै मान्नुपर्ने अवस्था हुन्छ । हाम्रो यहाँ अदालत छ, अदालतमा मुद्दा गइसकेको छ, अब उसको के निर्णय हुन्छ । तर हामीमाथि जुन विभेदहरु भइरहेका छन्, त्यसलाई हटाउनका लागि र समावेशी सहभागिताका लागि हामी संघर्षरत् नै रहनुपर्छ । सबैले आआफ्नो क्षमता, योग्यताका आधारमा राज्यका अंगहरुमा प्रतिनिधित्व गर्न पाउनुपर्छ । हाम्रो संघर्ष पनि त्यसैका लागि हो । जन्म, वंश र जातिको आधारमा कसैको मूल्यांकन गर्नु हुँदैन । उसको दक्षता, क्षमता र योग्यता आदिको आधारमा समाजमा स्थान हुनुपर्छ ।

### नश्लीय राष्ट्रवाद नेपाललाई काम लाग्दैन : राजेन्द्र महतो

मुलुकलाई एउटा वैकल्पिक शक्ति चाहिएको छ । नेपालमा नेपाली जनतालाई एउटा विकल्प चाहिएको छ । किनकि पुराना पार्टीहरु कम्युनिष्ट र कांग्रेसले जनताका आकांक्षाअनुसार काम गर्नुपर्ने हो, त्योअनुसार काम गरेन, लोकतान्त्रिक आन्दोलनका कार्यभार पूरा गर्न सकेन । जनताका अधिकार, पहिचान लगायतका जुन सवालहरु थियो, त्यसलाई पूरा गर्न सकेन । नेपाललाई समृद्धितर्फ लैजानुपर्ने थियो, त्यो कार्यभार पूरा गरेन । कुनै पनि कार्य पूरा नगरेपछि जनताले विकल्प खोजेको हो ।

कांग्रेस र कम्युनिष्टले पटक-पटक प्रतिगमन गरे । नश्लवादी शासक जहिले पनि प्रतिगमनबाहेक अरु केही गरेकै छैन । यो देशमा सात वटा संविधान बन्यो, तैपनि नेपाली जनताले अधिकार र पहिचान पाएनन् । समृद्धि, प्रगतिको कुरै छैन । शासन प्रणालीको कुरा गर्ने हो निरंकुश राणा शासन हुँदै अहिले हामी गणतन्त्रमा आइसक्यौं । तर नेपाली जनता अहिले पनि शासन प्रणालीको शासनमा हिमाल, पहाड, तराई-मधेशका जनता आफ्नो अनुभूति गर्न सकेन । त्यसैले विकल्प चाहिएको हो । जनता समाजवादी पार्टी यो मुलुकलाई विकल्प दिन निर्माण भएको हो । विकल्प दिने क्रममा यो देशका परिवर्तनकारी पार्टी, संगठन र समूहहरुलाई एकीकृत गर्ने अभियानमा लागेका छौं । त्यसैक्रममा नेकपा एकीकृत मार्क्सवादी पार्टीसँग एकता गरेका छौं । यो क्रम आगामी दिनमा पनि जारी रहनेछ र यो देशलाई चाहिएको वैकल्पिक शक्ति दिन सक्नुपर्छ ।

प्रगतिगमनबाट मुलुकलाई मुक्ति दिलाउनुपर्छ । एउटा प्रतिगमन भए पो भन्ने हो । २०१७ सालमा प्रगतिगमन राजाबाट भयो । त्यसपछि २०५९/६० तिर राजा ज्ञानेन्द्रबाट प्रतिगमन भयो । त्यसपछि जनता लडे-मरे, हामी सात दल गठबन्धन गर्‍यौं, माओवादी समेत आयो । हामी सबै मिलेर देशलाई अब अग्रगमनतर्फ लाने रे, अब नयाँ नेपाल बनाउने रे, अब यो देश सबैको हुने रे । यो देश कुनै एउटा नश्लको देश होइन । यो बहुल राष्ट्रिय राज्य हो, यो सबैको देश हो । संविधान र शासनमा सबैको अपनत्व हुनुपर्छ, त्यसका लागि हामी सबै मिलेर आन्दोलन गर्‍यौं । सयौं सहादत पनि भए । तर जब जनताका लागि संविधान बनाउने सवाल आयो, त्यतिबेला फेरि प्रतिगमन भइहाल्यो । अग्रगमनका लागि लड्ने सात दलमध्ये माओवादी प्रतिगमनतर्फ गयो । कांग्रेस-एमाले यथास्थितिवादी, अनि हामी अग्रगमनवादीहरु एक ठाउँमा थियौं । त्यहाँबाट पनि छोडेर प्रचण्डजी हिंडिहाल्नुभयो र प्रतिगमनकारी संविधान बनाइहाले । कतिपय सवालमा अति प्रतिगमनतर्फ गएको छ । जुन कुरा आन्दोलनमा स्वीकारिएको थियो, सबैलाई रद्दीको टोकरीमा फाले र नश्लवादी संविधान बनाए । पटक-पटक संविधान बनेर असफल हुने कारण के त ? भनेपछि नश्लवादी संविधान बनाउँदो रहेछ ।

एउटा नश्लका लागि २००४ सालमा राणाहरुले संविधान बनाए । राजा महेन्द्रले संविधान बनाए आफ्नो नशलका लागि । त्यसपछि एउटा संविधान बने त्यो पनि एउटा नश्लका लागि । शासन प्रणाली पनि त्यस्तै आउँदै गए । एउटा नश्लको मात्र यो देश होइन । नेपाल भनेको नेपालीको हो । सम्पूर्ण नेपाली बनेपछि एउटा नेपाल बनेको हो । त्यसैले सबैको साझा फुलबारी बन्न सकेन नेपाल । जहिले पनि शासन र संविधान एउटा नश्लका लागि बनाइन्छ । नश्लवादीबाट मुक्ति दिलाउन जनता समाजवादी पार्टीको निर्माण भएको हो । बहुल राष्ट्रिय राज्य हो नेपाल, त्यसको स्थापना गराउने हो । नश्लीय राष्ट्रवाद नेपाललाई काम लाग्दैन । नश्लीय राष्ट्रवादले नेपालको समृद्धि हुन सक्दैन । त्यसैले नेपालीको राष्ट्रवाद चाहियो । जनता समाजवादी पार्टीको लक्ष्य भनेको नेपाल सबै नेपालीको बनोस् । सबैको अधिकार, पहिचानको सवाल स्थापित हो । शासन प्रणाली र संविधानमा सबैको अपनत्व र प्रभुत्व होस् । त्यसका लागि जनता समाजवादी पार्टीको निर्माण भएको छ । यो अभियानमा हामी अगाडि बढेका छौं । आगामी दिनमा अधिकार, पहिचान चाहिने जमात, संगठन, समूहसँग हामी एकता गर्दै जान्छौं र यो देशलाई विकल्प दिन्छौं हामी । जनता विकल्पको खोजीमा छन् । त्यो विकल्प जनता समाजवादी पार्टीले दिन सक्नुपर्छ । त्यसका लागि हाम्रो पार्टीको आन्तरिक प्रक्रिया, गतिविधिहरु अझ गतिका साथ अगाडि बढाउनुपर्छ । हाम्रा समायोजनका कार्यक्रमहरु अगाडि बढाउनुपर्छ ।

प्रतिगमनमाथि प्रतिगमन गरिएको केपी ओलीबाट त्यसलाई हटाउनुपर्छ । केपी ओलीले प्रतिगमनमाथि पनि प्रतिगमन गरेका हुन् । एउटा यिनीहरु संविधान बनाउने बेलामा प्रतिगमन गरे । जनताप्रति कांग्रेस, कम्युनिष्ट सबै मिलेर गरेका हुन् । सबैका लागि संविधान बनाइदिएन । आन्दोलनका एजेन्डाअनुसार संविधान बनाइदिएन । यतिबेला पनि प्रतिमन गरियो । त्यो प्रतिगमनले पनि नपुगेर यो देशको प्रधानमन्त्री भनाउँदा केपी ओलीले फेरि प्रतिगमन गरिहाले । संविधानमा लेख्दै नलेखेको कुरा, हुँदै नभएको कुरा त्यसको प्रयोग गरिहाले । जनताको निर्वाचित संसदलाई विघटन गरिहाले । प्रतिगमन गर्न केपी ओली महाबहादुर छन् । यो प्रतिगमनका विरुद्धमा पनि हामी लड्नुपर्ने ।

त्यसैले हाम्रो काँधमा दोहोरो जिम्मेवारी आएको छ । एक प्रतिगमनको विरुद्धमा, लोकतन्त्रको रक्षाका लागि हामी संघर्ष गर्नुपर्छ । लोकतान्त्रिक मूल्य र मान्यताको रक्षा हुन सकिएन भने हामी जुन सपना देखेका छौं, त्यो पूरा हुन सक्दैन । त्यसैले लोकतान्त्रिक मूल्य र मान्यताका लागि, प्रतिगमनको विरुद्धमा संघर्ष गर्ने, लड्ने जनता समाजवादी पार्टीको कर्तव्य र दायित्व हो । सँगसँगै यो देशलाई नश्लीय राष्ट्रवाद, शासन र संविधानबाट बहुल राष्ट्रिय राज्य निर्माण गर्ने दायित्व पनि हाम्रै हो । त्यो अभियानमा पनि हामी जुट्ने हो । त्यसैले यी सबै कामका लागि हामी एकताबद्ध भएर हिंडौं । हाम्रो लक्ष्य कुनै पनि हालतमा प्राप्त गर्नुपर्छ ।

### आन्दोलनको एउटा आँधीहुरी ल्याउँछौं : अशोक राई

यो मुलुकमा जनताले ७० वर्ष लडेर प्राप्त गरेका उपलब्धिहरुलाई मास्ने चलखेल भइरहेका छन् । वर्तमान प्रधानमन्त्रीजी त्यो षड्यन्त्रको वाहकको रुपमा देखिनुभएको छ । दुःख लाग्छ । उहाँ आफै पनि १४ वर्ष जेल बसेको मान्छे हो । तर कसरी आज यो किसिमले जनताका अधिकारहरु, प्राप्त उपलब्धिहरु नष्ट गर्न उद्धत हुनुभएको छ । कल्पना नै गर्न नसकिने विषयवस्तु भएको छ ।

जनता समाजवादी पार्टीले संविधानमा रहेका अपूर्णताहरुलाई पूरा गर्दै जाने, त्यसलाई संशोधन गरेर, सुधारेर, पुनर्लेखन गरेर, सच्याएर त्यसलाई पूर्णता प्रदान गर्दै जाने अभियानमा छ । विभेदयुक्त व्यवस्थाहरुलाई विभेदरहित बनाउने बाटोमा हामी छौं । नश्लीय किसिमका, साम्प्रदायिक वा जातिवादी खालका व्यवस्थाहरुलाई सुधारेर समानतायुक्त बनाउँदै जानुपर्छ । सबै मिलेर नेपाली भएर बाँच्न सक्ने वातावरण बनाउनु पर्छ । त्यो उद्देश्यका साथमा हामी काम गरिरहेका थियौं । संविधान सुधार्नु त परै जाओस्, संविधानलाई समाप्त पार्ने दिशातर्फ अहिलेका प्रधानमन्त्रीज्यू उद्धत हुनुभयो ।

मुलुकमा एक किसिमको अँध्यारो छाएको स्थिति छ । जनतामा निराशा छाउन खोजेको स्थितिमा जनता समाजवादी पार्टीले जनतामा उत्साह बढाउने, जनतालाई संगठित गर्ने र यो प्रतिगमनलाई रोक्ने सन्दर्भमा एउटा अग्रगामी अगुवाको भूमिका खेलिरहेको अवस्था छ । अहिले हामी आन्दोलनको एउटा आँधीहुरी सिर्जना गर्ने अवस्थामा छौं । त्यसका निम्ति हामी सबैले आआफ्नो ठाउँबाट योगदान गर्ने नै छौं । समानतायुक्त नेपाल, सुन्दर नेपाल, समृद्ध नेपाल, संघीय नेपाल, सबैको पहिचान झल्किने नेपाल, बहुराष्ट्रिय नेपाल, सुशासनयुक्त नेपाल र समाजवादी नेपाल बनाउने हाम्रो लक्ष्य रहेको छ ।

*(जसपा र नेकपा एकीकृत मार्क्सवादीबीच एकीकरण घोषणा कार्यक्रममा अध्यक्ष ठाकुर, वरिष्ठ नेताद्वय महतो र राईले राख्नुभएको मन्तव्यको सम्पादित अंश)*

# कांग्रेसले...

कांग्रेसले बोक्नुपर्ने मत पौडेलको छ । विघटनको विरोधमा रहेको नेकपाको दाहाल-नेपाल समूहसमेत निर्वाचनको तयारीमा अघि बढिसकेकाले कांग्रेस निर्वाचनबाट भाग्न नसक्ने नेताहरुको भनाइ छ ।

‘अदालतले पुनःस्थापना गरे पनि ठीकै भयो, विघटनलाई सदर गरेमा हामी निर्वाचनकै लागि तयारी गर्ने हो, त्यतिबेला निर्वाचन सुनिश्चितताका लागि सडकमा निस्कनुपर्ने हुन सक्छ’ सहमहामन्त्री प्रकाशशरण महतले भने । प्रतिनिधिसभा विघटन, अध्यादेशबाट संवैधानिक परिषदमा पदाधिकारी नियुक्ति सिफारिस र कामचलाउ सरकारको मन्त्रिपरिषद् विस्तारजस्ता असंवैधानिक कदमलाई लिएर सडकमा जानुपर्ने पौडेलनिकट नेता नवीन्द्रराज जोशीको मत छ ।

निर्वाचन क्षेत्रमुखी विरोध प्रदर्शन गर्नु आफैंमा चुनावी तयारी भएको संस्थापन पक्षका नेताहरूको तर्क छ । तर पार्टीभित्रको एउटा खेमाको दबाब र बाहिरी जनमतसमेत विरोधमा भएकाले आफ्नो अनुकुलको निर्णय गराउन देउवालाई अप्ठ्यारो परेको छ । पार्टी नेतृत्वलाई तीव्र दबाब दिन अरू नेताहरूले पनि नसक्दा परिस्थितिजन्य रूपमा आइपरेको एजेन्डासमेत कांग्रेसले बोक्न सकेको छैन । निर्वाचनमा जाँदा कांग्रेसलाई फाइदा हुनसक्छ तर त्योभन्दा ठूलो संविधान र लोकतन्त्रको एजेन्डा हो । यो एजेन्डा पनि अहिले दाहाल-नेपाल समूह र नागरिक समाजको बन्न पुगेको छ । कांग्रेस यो एजेन्डा लिन पूर्णतः चुकेको छ ।

सभापति देउवाको भित्री चाहना प्रतिनिधिसभा पुनःस्थापनातिर छैन । प्रधानमन्त्री ओलीले गरेको प्रतिनिधिसभा विघटनलाई साथ दिएर मुलुकलाई निर्वाचनतिर जान सके फेरि पनि सत्ता र पार्टी नेतृत्वको सिँढी चढ्न सकिन्छ भन्ने ठानेरै देउवाले जानीबुझीकनै पार्टीलाई अलमल्याइराखेको विश्लेण गरिन्छ । निर्वाचनको बहानामा पार्टीको महाधिवेशन पनि लम्ब्याउन सकिने दाउमा देउवा छन् ।

विघटनको विषय अदालतमा प्रवेश गरिसकेकाले बोल्न नहुने देउवाको धारणा छ । स्वतन्त्र न्यायपालिकाको निर्णयप्रति पार्टीले जहिल्यै सम्मान गर्ने र निर्णय मान्ने र प्रतिनिधिसभा पुनःस्थापनाको विषय उठाउँदा अदालतलाई प्रभाव पार्ने काम हुने देउवाको भनाइ छ ।

जानकारहरुका अनुसार प्रधानमन्त्रीले गरेको संसद विघटनको सिफारिस र राष्ट्रपतिले गरेको अनुमोदन संविधानसम्मत छैन/ । संविधानविपरीतका यी कदमलाई संविधान र लोकतन्त्रको दृष्टिकोणले काँग्रेसले धारणा बनाउनुपर्छ ।

प्रतिनिधिसभा विघटनलाई असंवैधानिक र अलोकतान्त्रिक पनि भन्ने तर सच्याउने बाटो के हो भन्नेबारेमा पार्टीले स्पष्ट लाइन काँग्रेसको छैन । पार्टीले निर्वाचनको सुनिश्चिताका लागि दबाब दिनुपर्छ या प्रतिनिधिसभा पुनःस्थापना भनेर स्पष्ट अडान लिएर सडक संघर्ष आउनुपर्छ ।  तर अहिले पुनःस्थापना र सडक संघर्ष दुबै रोजे पनि नेतृत्व अलमलमा छ ।

आम जनमत विरोधमा भएकाले निर्वाचनमा जाने हो पनि भन्न नसक्ने र प्रतिनिधिसभा पुनःस्थापनाबारे बोल्नै हुँदैन भन्ने दोधारे चरित्र नेतृत्वमा देखिएको छ ।

ओलीको कदमलाई असंवैधानिक भनेर सडक संघर्षमा जाने तर त्यसलाई निर्वाचनको ‘वार्मअप’ मा परिणत गर्ने देउवाको योजना छ । प्रधानमन्त्री ओली र उनको समूहबाहेक सबैले यस कदमलाई असंवैधानिक भनिसकेको छ । समाजका सबै वर्ग प्रतिनिधिसभा पुनःस्थापनाको मुद्दा उठाइरहेका बेला कांग्रेसले अदालतमा प्रवेश गरेको विषयमा बोल्नु हुन्न भन्नु आफैमा तर्कहीन विषय हो । संविधान र प्रजातन्त्रका लागि लडेको कांग्रेसले यसको रक्षाका लागि पनि दह्रो साथ खुट्टा टेक्नुपर्छ । पार्टीलाई पुनर्ताजगीका लागि परिस्थितिले कांग्रेसलाई ठूलो एजेन्डा दिएको छ । यो ऐतिहासिक अवसरलाई समात्न कांग्रेस चुकिसकेको छ । संविधान, लोकतन्त्र र सिद्धान्तको पहरेदार हुनुपर्ने कांग्रेसले आफ्नो पहिचान पनि गुमाउन लागेको छ ।

नेता एनपी साउदले भने,‘संसद पुनःस्थापनाको एजेन्डा पार्टीको हुँदै होइन । बहुमतको सरकारले काम गर्न सकिन भनेर निर्वाचनमा जान्छु भन्दा प्रतिपक्षले पुनःस्थापना हुनुपर्छ भन्न मिल्दैन ।’

उता कांग्रेस सहमहामन्त्री सुनिलबहादुर थापा कांग्रेस चुनावबाट नभाग्ने बताउँछन् । ‘लोकतान्त्रिक शक्ति चुनावबाट पछि भाग्दैन । सर्वोच्च अदालतले चुनावमा जानू भन्ने निर्णय गरेमा त्यसलाई कांग्रेसले सहर्ष स्वीकार गर्छ’, थापाले भने । काँग्रसका केन्द्रीय नेतृत्व पुनःस्थापना कि निर्वाचनमा जसरी विभाजित छन् त्यसै गरी प्रदेशहरुमा पनि पार्टी अलमल रहेको छ ।  सभापति देउवाको भूमिका प्रस्ट नभएकाले पनि निर्णयमा पुग्न कठिनाइ परेको नेताहरूको भनाइ छ । ओलीको संसद् विघटनको कदमलाई बाहिर असवैधानिक भने पनि भित्रभित्रै देउवाले साथ दिइरहेको पार्टीभित्रै कतिपय नेताहरूले दाबी गरेका छन् ।

संसद पुनर्स्थापना हुनुपर्छ भनेर नेकपाको प्रचण्ड-नेपाल समूह, जसपालगायतका दलहरु प्रष्ट छन् । जसपाले पुस २५ गतेदेखि माघ ७ सम्म दोस्रो चरणको कार्यक्रम घोषणा पनि गरेको छ । जसपाको सडक संघर्ष प्रतिनिधिसभा पुनःस्थापनामै केन्द्रित छ । विघटनविरुद्ध २३ दल तथा संगठनले पनि सडक संघर्षमा उत्रेको छ ।

नेकपाको ओली समूह बाहेकका दल संसद विघटनविरुद्ध मैदानमा उत्रिएपछि काँग्रेसको अन्योलताबाट सबै चकिन छन् । देउवा पक्षीय अधिकांश नेता अदालतको फैसलापछि काँग्रेसले नीति निर्धारण गर्नुपर्ने पक्षमा उभिए पछि पार्टी भित्र दोधारको अवस्था सृजना भएको छ ।

संसद विघटनपछि पार्टीमा देखिएको अन्योलता चिर्न नेतृत्व पूर्णतः असफल भएको छ । पूर्वराजा ज्ञानेन्द्रले संसद विघटन गर्दा तत्कालीन सभापति गिरीजाप्रसाद कोइरालाले एकसूत्रीय माग राखेर संसद पुनर्स्थापनाको पक्षमा उभिएका थिए । तत्कालीन समयमा गिरीजाप्रसाद कोइरालाले देखाएको शाहस र पहलकदमी सभापति देउवाले पनि देखाउनुपर्ने आम काँग्रेस नेताहरुको मत  छ ।

# प्रभु साहले स्वार्थका लागि मन्त्री पद साटे



**महेन्द्र पासवान**

**पूर्वमन्त्री तथा नेकपा माधव-प्रचण्ड समूहका प्रदेश २ कमिटी सह-इन्चार्ज**

प्रदेश २ कमिटीका अध्यक्ष प्रभु साह जसरी मन्त्री पदका लागि ओली समूहमा जानुभयो, एकदमै हास्यास्पद कुरा हो। पुस ७ गतेको बैठकमा उहाँले माधव-प्रचण्ड समूहमै छौं, भन्नुभएको थियो। सबैलाई थाहा भएकै कुरा हो कि ओलीले चालेको कदमको उहाँले सामाजिक सञ्जालमार्फत् कडा विरोध गर्नुभएको थियो। उहाँले संसद विघटनलाई आत्मघाती र असवैधानिक भन्नुभएको थियो।

**० नेकपा विभाजनको प्रभाव प्रदेश २ मा कस्तो छ ?**

– प्रदेश २ मा पनि नेकपा विभाजनको असर परेको छ। यस प्रदेशमा पनि हामी प्रचण्ड- माधव समूह बलियो अवस्थामा छौं। प्रचण्ड- माधव समूहको नेकपा एकदम सवल छ। यस प्रदेशका केन्द्रीय कमिटीका साथीहरु बहुमत हामीसँग छ। प्रदेश कमिटीमा पनि २१४ मध्ये १३४ हामीसँग छ, १२ तटस्थ जस्तो देखिन्छ। प्रतिनिधिसभामा १६ जनामध्ये ११, राष्ट्रियसभामा ४ मध्ये २ हामीसँग नै छन्। त्यसकारणले सांगठनिक रुपले हामी प्रदेश २ मा सशक्त नै छौं। यसैगरी प्रदेशमा पनि ३२ जनामध्ये २० जना हामीसँग छन्। हामीले प्रदेश २ को संसदीय दलका नेतासमेत चयन गरिसकेका छौं। यस प्रदेशमा हाम्रो पक्षमा जनताको आधार पनि सशक्त छ। प्रधानमन्त्री केपी शर्मा ओलीले असंवैधानिक, अलोकतान्त्रिक र सर्वसत्तावादी चिन्तन प्रवृत्तिका कारण प्रतिनिधिसभा विघटन गर्नुभयो र प्रतिगामी कदम चाल्नुभयो। यो नेपाली जनता र राष्ट्रको विरुद्धमा छ। ओलीजीको कदम गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातिक समावेशिताको विपक्षमा देखिएको छ। त्यसकारणले यो असंवैधानिक कदमको विरुद्धमा प्रदेश २ का जनता सशक्त छन्। हामीले प्रत्येक जिल्लामा गरेको नेता कार्यकर्ता भेलाले पनि यो कुरा सिद्ध गरेको छ। ओली समूहको भेलामा जनताको उपस्थिति पनि देखिँदैन। यसले पनि पुष्टि गरेको छ कि हामी धेरै सवल छौं।

**० प्रदेश २ कमिटीका अध्यक्ष नै केपी ओली समूहमा गइसकेको देखिन्छ नि ?**

– प्रदेश २ कमिटीका अध्यक्ष प्रभु साह जसरी मन्त्री पदका लागि ओली समूहमा जानुभयो, एकदमै हास्यास्पद कुरा हो। पुस ७ गतेको बैठकमा उहाँले माधव-प्रचण्ड समूहमै छौं, भन्नुभएको थियो। सबैलाई थाहा भएकै कुरा हो कि ओलीले चालेको कदमको उहाँले सामाजिक सञ्जालमार्फत् कडा विरोध गर्नुभएको थियो। उहाँले संसद विघटनलाई आत्मघाती र असंवैधानिक भन्नुभएको थियो। तर पछि ओलीको प्रलोभनमा परेर व्यक्तिगत स्वार्थ सिद्ध गर्ने हिसावले उहाँले छलाङ हान्नुभो र रातारात मन्त्री बन्नुभएको छ। उहाँले नै भनेको कुरालाई उहाँले ठाडै खारेज गर्नुभएको छ। उहाँले यस्तो कदम चाल्नु देश र जनताका लागि घातक नै हो। मन्त्री पदकै लागि उहाँले समूह परिवर्तन गरेको छर्लङ्गै छ।

**० प्रतिनिधिसभा निर्वाचनको मिति पनि घोषणा भइसकेको छ, तपाईंहरुले पनि निर्वाचनको तयारी स्वरुप विरोधका कार्यक्रमहरु गरिरहनुभएको छ ?**

– निर्वाचन गराउनकै लागि प्रधानमन्त्री ओलीले मिति तोकेकै होइन। निर्वाचन हुन्छ भन्ने कुरामा जनतालाई पनि विश्वास छैन। चुनाव गराउने उद्देश्य लिएर प्रधानमन्त्री ओलीले संसद विघटन गरेका होइनन्। ओलीले जहिले पनि झुठो बोल्ने र बकवास गर्ने मात्रै काम गर्दै आउनुभएको छ। जनताले कम्युनिष्ट पार्टीलाई लगभग दुई तिहाइको जनमत दिएको थियो र पाँच वर्षसम्म सरकार चलाउने जनादेश दिएको थियो। देशमा आर्थिक समृद्धि र विकास निर्माणका कुराहरु अगाडि बढाउनका लागि जनताले करिब दुई तिहाइको मत दिएका थिए। तर केपी शर्मा ओलीले पार्टीभित्रको मतभेद र अन्तरविरोधलाई देखाएर षड्यन्त्रमूलक ढंगले गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता, धर्मनिरपेक्षतासहितको संविधानलाई समाप्त गर्ने उद्देश्यका साथ असंवैधानिक कदम चाल्नुभो। केपी ओलीले देशलाई निरंकुशतातर्फ धकेल्न खोज्नुभएको छ। यो धेरै गम्भीर कुरा हो। त्यसकारणले केपी ओली चुनाव गराउनकै लागि संसद विघटन गर्नुभएको हो भन्ने कुरामा विश्वासै गर्न सकिन्न। किनभने जनताले एक पटक त पाँच वर्षको म्यान्डेट दिएको थियो तर त्यसको विपरीत ओलीले चालेको असंवैधानिक कदमले देशलाई संकटमा पुऱ्याएको छ। यसको विरुद्धमा आम नागरिकदेखि सबै तह र तप्काबाट विरोध भइरहेको छ। ओलीको कदमको सशक्तरुपमा विरोध भएन भने अन्ततोगत्वा संघीयता र गणतन्त्रलाई समाप्त गर्नेछ।

**० गत निर्वाचनमा केपी ओलीकै कारण करिब दुई तिहाइको बहुमत आयो रे नि त ?**

– यो विल्कुल गलत छ। जनताको म्यान्डेट थियो कि वामपन्थीहरु जुन फुटको अवस्थामा छन्, ती सबै मिलोस्। वामपन्थी मत बाँडिएको छ, विभाजित भएको छ, यो एक ठाउँमा आउँदा मुलुकमा स्थिर सरकार बनाउन सक्छ। जसले देशलाई आर्थिक समृद्धि र विकासको बाटोमा लग्छ। त्यस हिसावले जनताले गत चुनावमा करिब दुई तिहाइ बहुमत दिएको थियो। त्यो दुई तिहाइको मत जनताले केपी ओलीको अनुहार हेरेर दिएको होइन। अर्को कुरा यो पार्टी एकता कमरेड प्रचण्डको सुझबुझका कारण भएको थियो। विभाजित रहेका कम्युनिष्टहरुलाई एक ठाउँमा ल्याउने, एकताबद्ध गर्ने महान सोच हाम्रो प्रचण्डको थियो। प्रचण्डकै चाहनाअनुसार पार्टी एकता हुँदा जनतामा एउटा आशा, भरोसा जागेर आयो। सोहीअनुसार जनताले कम्युनिष्ट गठबन्धनलाई लगभग दुई तिहाइको बहुमतसम्म पुऱ्यायो।

**० पार्टीभित्रबाटै प्रधानमन्त्रीलाई किन घेराबन्दी गर्न थालियो त ?**

– उहाँले आम जनसमुदायमा एउटा भ्रम सिर्जना गर्न खोज्नु भयो र अहिले पनि भ्रम फैलाइरहनुभएको छ। पार्टीले उहाँलाई सहयोग गरेन भन्ने कुरा सरासर गलत हो। प्रधानमन्त्री केपी शर्मा ओलीलाई कहाँ कसले काम गर्न रोक्यो ? विकास गर्न, राष्ट्रिय महत्वको योजनाहरु निर्माण गर्न पार्टीले असहयोग गरेको छैन।

**० तर तपाईंका नेताहरुले जेमा पनि भागवण्डा खोज्ने ?**

– यो भागवण्डाको विषय नै होइन। वामपन्थीको सरकारले जुन प्रकारको जनतामा अनुभूति दिने खालको कुनै पनि काम गर्न सकेन। जसले पार्टीले उहाँलाई सल्लाह सुझाव दिन खोज्यो। पार्टीको नीति र योजनाअनुसार पनि यो सरकारले काम गर्न सकेन। पार्टीलाई जनताले दिएको म्यान्डेटहरु सरकारले लागू गरेर जानुपर्ने थियो। त्यहीं कुराहरु पार्टीले प्रधानमन्त्रीलाई लागू गर्न भनेको हो। पार्टी एकता हुँदा आधा-आधा कार्यकाल सरकार चलाउने सहमति पनि भएको थियो तर त्यसलाई कमरेड प्रचण्डले छोडेर ओलीलाई नै पाँच वर्षसम्म सरकार चलाउन दिनुभएको थियो। यो देशमा जनताले हाम्रो सरकार छ भनेर अनुभूति गर्न पाओस् भन्ने उद्देश्य प्रचण्डले उहाँलाई सल्लाह सुझाव दिनुभएको थियो। त्यो हिसावले प्रधानमन्त्री ओलीले काम गर्न सक्नुभएन। जसले गर्दा पार्टी र सरकारप्रति पनि जनताको वितृष्णा फैल्न थाल्यो। केपी शर्मा ओलीका कारण देशमा संविधान विरोधी तत्वहरु सल्बलाउन थाले।

**० संसद विघटनको मुद्दा अहिले सर्वोच्च अदालतमा छ, यदि अदालतले यसलाई सदर गऱ्यो भने तपाईंहरु के गर्ने ?**

– संविधानविपरीत भएको संसद विघटनलाई यदि सर्वोच्च अदालतले पुनर्स्थापना गरेन भने जनताले अदालतमाथि पनि प्रश्न उठाउन थाल्छन्। तर हामीलाई न्यायालयमाथि आशा र भरोसा छ कि असंवैधानिक कदमलाई सर्वोच्चले खारेज नै गर्नेछ। संसद विघटन संविधानको पनि बर्खिलाप छ। न्यायमूर्तिहरुले संविधानअन्तर्गत नै रहेर फैसला गर्नुहुन्छ भन्नेमा हामी विश्वस्त छौं।

**० संविधानमा संसद पुनर्बहाली गर्ने धारा पनि छैन नि ?**

– संसद विघटनलाई अदालतले बदर गरेको हामीसँग दुई-दुईटा नजिरहरु पनि छन्। यदि सर्वोच्चले संसदलाई पुनर्बहाली गरेन भने जनताले सडक संघर्षको बलमा पनि संसदलाई पुनर्बहाली गर्न सक्छ। यसअघि पनि संसद विघटनलाई जनताले सडक संघर्षबाटै त्यसलाई पुनर्स्थापना गराएका थिए।

**० ताजा जनादेशका लागि निर्वाचनमा जाने तपाईंहरु आँट किन गर्नु हुन्न ?**

– कुनै पनि हिसावले संविधानको बर्खिलाप काम हामीले गर्न हुँदैन। सर्वोच्च अदालतले पनि असंवैधानिक कदमलाई समर्थन गर्दैन। सर्वोच्चले प्रतिनिधिसभालाई पुनर्स्थापना गर्छ भन्नेमा हामी पूर्ण विश्वस्त छौं।

# बहुमत प्राप्त दलका नेताले जनतामा जान्छु भन्नु कसरी संविधानविपरीत भयो

केपी ओलीबिना माधव-प्रचण्ड समूहलाई चुनाव जित्न गाह्रो छ। मेरो चुनौती छ, केपी ओलीबिना चुनाव जितेर देखाओस्। जनताको मनमष्तिस्कमा बसेका नेता नै प्रभावशाली हुन्छ। जुन अहिले सिंगो देशले देखाइरहेको छ कि केपी ओली कति प्रभावशाली छन्। उहाँहरु त्यतिकै प्रभावशाली हुनुहुन्छ भने चुनावको घोषणा भएको छ, जितेर देखाउनुस्। केपी ओलीको सहयोगबिना कमसेकम आफ्नो निर्वाचन क्षेत्रमा प्रतिनिधिसभाको चुनाव जितेर देखाउनुस्।



**सञ्जीव झा सुरज**

**युवा नेता, नेपाल कम्युनिष्ट पार्टी ओली समूह**

**० संसद विघटन संवैधानिक छ भनेर कसरी पुष्टि गर्नुहुन्छ ?**

– नेपाल कम्युनिष्ट पार्टी (नेकपा)लाई आम जनसमुदायले भरोसा र विश्वास गरेर करिब दुई तिहाइको बहुमत दिएर पठाएको थियो। जसले जति फूर्ति लगाए पनि गत निर्वाचनमा केपी ओलीकै नाममा त्यत्रो बहुमत आएको थियो। दुई वर्षसम्म प्रधानमन्त्रीविरुद्ध कुनै पनि किसिमको अविश्वासको प्रस्ताव राख्न पाउँदैन भनेर संविधानमै उल्लेख छ। त्यो अवधि कटिसकेपछि हाम्रै पार्टीका केही पदलोलुप नेताहरुले विभिन्न किसिमका चलखेल र षड्यन्त्रहरु गर्न सुरु गरे। प्रधानमन्त्रीलाई चारैतिरबाट घेराबन्दी गरेर जनमुखी काम गर्न सरकारलाई बाधा अवरोधहरु गर्न सुरु गरे। पद र कुर्सीबिना बस्न नसक्नेहरु विभिन्न शक्तिकेन्द्र धाएर प्रधानमन्त्रीलाई घेराबन्दीमा राख्न खोजे। त्यसले गर्दा यो देशलाई पुनः अस्थिरतातर्फ लान खोज्ने र अवसरवादीहरुको हातमा जान नदिनका लागि जनतामै जाने निर्णय प्रधानमन्त्रीज्यूले गर्नुभयो। दुई तिहाइ भएको दलका नेता एवं प्रधानमन्त्रीले जनतामा जान्छु भन्नु विधिवत् नै हो। एक तिहाइले सरकार बनाउने अवस्था रहेन, त्यही भएर पुनः नयाँ जनादेश लिन प्रधानमन्त्रीज्यूले निर्वाचनमा जाने घोषणा गर्नु स्वागतयोग्य नै हो।

**० आफ्नै पार्टीका नेताहरुको असहयोगका कारण प्रधानमन्त्रीले काम गर्न सक्नुभएन त ?**

– उहाँले देश र जनताका लागि धेरै काम गर्नुभएको छ। उहाँले गरेको कामको फेहरिस्त हेर्नुभयो भने उल्लेखनीय कामहरु छन्। तर पछिल्लो कालखण्डमा जब दुई वर्ष बितिसक्यो त्यसपछि पदलोलुप नेताहरुले सरकारलाई असफल बनाउन खोजे। त्यो षड्यन्त्रलाई संसद विघटनमार्फत् उहाँले जनतामाझ पुऱ्याउनु भएको हो।

**० तर प्रधानमन्त्रीले संसद विघटन गर्न पाउनुपर्ने कुनै अधिकार संविधानले दिएकै छैन नि ?**

– बहुमत प्राप्त दलका नेताले यदि जनतामा जान्छु भन्छ भने कसरी संविधानविपरीत भयो त ? एक तिहाइको संख्याले सरकार बनाउन सक्दैन। भनेपछि स्वतः जनतामा जाने कुरा भयो। कतिपयले आफ्नो व्यक्तिगत स्वार्थका लागि भ्रम फैलाउन खोजेका छन्। दुई तिहाइ बहुमत प्राप्त दलले जनता जान्छु भन्यो भने एक तिहाइले सरकारै बनाउने अवस्था आउँदैन।

**० तर संसद विघटनका लागि संविधानमा चार वटा विकल्प पूरा नभएपछि स्वतः संसद विघटन हुने व्यवस्था छ, प्रधानमन्त्रीले कसरी सिफारिस गर्न सक्नुहुन्छ ?**

– जति वटा विकल्प रहेपछि त्यसको सारमा हेर्नुपर्छ। जब दुई तिहाइको पार्टीले नै जनतामा जाने निर्णय गर्छ भने अन्य कुनै पनि विकल्पमा जाँदा पनि अन्त्यमा संसद विघटन नै हुने हो। नभए त्यसमा बीचमा संसदीय अभ्यासका नराम्रा पक्षहरु देखिन थाल्छन्। जस्तै, सांसद किनबेच गर्ने, पार्टी फुटाउने, देशलाई अस्थिरतामा लाने षड्यन्त्रहरु हुन थाल्छन्। देशलाई अस्थिरताबाट जोगाउनका लागि यो उत्तम विकल्प हो। कांग्रेस र जसपाले सरकार नै बनाउन सक्दैन, उनीहरुसँग बहुमत नै पुग्दैन।

**० नेकपाको चुनाव चिन्ह सूर्य र चल-अचल सम्पत्तिमाथि माधव-प्रचण्ड समूहले दावी गरिरहेका छन् नि ?**

– जसलाई शंका हुन्छ, उसले यो हाम्रो हो भनेर दाबी गर्छन्। हामीलाई त कुनै शंका नै छैन कि चुनाव चिन्ह सूर्य र नेकपाका चल-अचल सम्पत्ति हाम्रो हो भनेर। आफ्नै सामानका लागि हामीले के दाबी गर्ने हो। जहाँ केपी ओली हो त्यहाँ नेकपा हो, त्यहीं सूर्य चुनाव चिन्ह हो। उहाँहरु जतिसुकै दाबी गरेपनि अर्काको सामान पाउने हैन। प्रचण्डजीलाई यदि आफ्नो लोकप्रियतामाथि विश्वास छ भने हँसिया हथौडामा चुनाव लडेर प्रतिनिधिसभामा आउने आँट गर्नुपऱ्यो। सूर्य चुनाव चिन्हलाई आफ्नो भनेर दाबी गर्नु प्रचण्डका लागि लाजमर्दो कुरा हो। अर्को कुरा माधव नेपालहरु पार्टी छोडेर जानुभएको छ। उहाँहरु पार्टी छोडेर गइसकेपछि, उहाँहरुसँग अब नेकपा पनि भएन र सूर्य पनि भएन। त्यसोभए उहाँहरु अब अर्को पार्टी गठन गर्नुहोला। त्यसपछि हामी पनि हेरौंला। अहिले सबैले हेरिरहेका छन् कि जनमत र जनलहर कहाँ छ। जुन मधेशमा केही ओलीलाई मधेश विरोधी भन्थे, आज पूरै मधेश उल्टेर केपी ओलीको पक्षमा छन्। हजारौं हजारको मासले केपी ओलीलाई पुनः प्रधानमन्त्री बनाउन आतुर देखिएका छन्।

**० माधव-प्रचण्ड समूहको पक्षमा बहुमत केन्द्रीय सदस्य छन् भनेर निर्वाचन आयोगमा बुझाइएको छ त ?**

– उहाँहरुको पक्षमा रहेका केन्द्रीय सदस्यहरु निर्वाचित होइनन्, सबै मनोनितहरु मात्र छन्। यिनीहरु सबै केपी ओलीको हस्ताक्षरले केन्द्रीय सदस्य बनेका हुन्। अहिले केन्द्रीय सदस्य १२ सयभन्दा बढी छन्। त्योभन्दा बढी बहुमत पुऱ्यायो भने निर्वाचन आयोगमा उनीहरुको दुई तिहाइ हुन्छ।

**० तत्कालीन एमालेका प्रभावशाली नेताहरुले केपी ओलीको साथ छोड्नुभएको छन् नि ?**

– केपी ओलीबिना माधव-प्रचण्ड समूहलाई चुनाव जित्न गाह्रो छ। मेरो चुनौती छ, केपी ओलीबिना चुनाव जितेर देखाओस्। जनताको मनमष्तिस्कमा बसेका नेता नै प्रभावशाली हुन्छ। जुन अहिले सिंगो देशले देखाइरहेको छ कि केपी ओली कति प्रभावशाली छन्। उहाँहरु त्यतिकै प्रभावशाली हुनुहुन्छ भने चुनावको घोषणा भएको छ, जितेर देखाउनुस्। केपी ओलीको सहयोगबिना कमसेकम आफ्नो निर्वाचन क्षेत्रमा प्रतिनिधिसभाको चुनाव जितेर देखाउनुस्।

**० संसद विघटनविरुद्ध सर्वोच्च अदालतमा दर्जनौं रिटहरु परेका छन्, सर्वोच्चले यदि संसद पुनर्बहाली गऱ्यो भने त्यसपछि तपाईंहरुको अवस्था के हुनेछ ?**

– सर्वप्रथम त अदालतमा विचाराधिन रहेको मुद्दामा कुनै टिकाटिप्पणी गर्न चाहन्न। संविधानको कुनै धारामा संसद पुनर्स्थापनाको कुरै छैन। अब कुन धारामा टेकेर सर्वोच्चले संसद पुनर्स्थापना गर्छ त्यो त पछि हेर्ने कुरा हो। मैले पढेको संविधानमा कतै पनि संसदको पुनर्स्थापना गर्ने कुरा उल्लेख छैन।

**० प्रदेश २ मा प्रधानमन्त्री ओली समूह कमजोर देखिएको छ नि ?**

– प्रदेश २ मा हामी झन् बलियो हुँदै गएका छौं। हाम्रो कार्यक्रमहरुमा जनलहरलाई हेरेर तपाईंले आँकलन गर्न सक्नुहुन्छ कि हामी कति बलियो छौं। त्यहाँ जसपा, कांग्रेस र माधव-प्रचण्डको कार्यक्रम हेर्नुस् कति मान्छे आउँछन्। तर, प्रधानमन्त्री केपी शर्मा ओलीको समर्थनमा भएका कार्यक्रमहरुमा गाउँ-गाउँबाट मान्छेहरु स्वस्फूर्त सहभागी हुन्छन्। मतदान गर्ने आम जनता हुन्, नेता होइनन्। प्रधानमन्त्रीज्यूले पुनः निर्णय गर्ने अधिकार जनतामाझ राखिदिनुभएको छ। प्रदेश २ मा अहिले प्रधानमन्त्री ओलीको पक्षमा जनलहर छ। जनताका आशाका केन्द्र प्रधानमन्त्री केपी ओली नै हुन्। मैले नै पुस ७ गते धनुषामा कार्यक्रम आयोजना गरेको थिएँ, मैले त्यहाँ बढी १५ सय जनाको सहभागिताको आशा गरेको थिएँ, तर पाँच हजारभन्दा बढीको सहभागिता थियो। आम जनताहरु स्वस्फूर्त आए। यसले के देखाउँछ भने सही काम गर्नेहरुलाई जनताले अवलोकन गरिरहेका हुन्छन्।

**० प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले गर्ने नियुक्तिहरु समानुपातिक समावेशिताको सिद्धान्तअनुसार हुन्छ ?**

– नियुक्तिहरु सबै खुल्ला प्रतिस्पर्धाबाट हुन्छ। म आफै पनि सम्माननीय प्रधानमन्त्री समक्ष नियुक्तिको सवालमा समानुपातिक समावेशिताबारे जिज्ञासा राखेको थिएँ कि संख्यात्मक हिसावले अलि कम भयो। उहाँले सरल ढंगले भन्नुभो कि जुनसुकै नियुक्तिका लागि खुल्ला प्रतिस्पर्धामा हुन्छ। नियुक्तिका लागि सम्बन्धित विषयका विज्ञहरुले यदि त्यसमा सहभागिता नै जनाउँदैन भने के गर्ने ? अहिले हुने नियुक्तिहरु प्रतिस्पर्धामा आएकाहरुबाट नै मन्त्रिपरिषद्को बैठकले गर्दै आएको छ। जति बेला सरकारले आह्वान गर्छ, यदि सम्बन्धित विषय विज्ञहरुले भर्दैन भने प्रधानमन्त्रीले के गर्न सक्नुहुन्छ। अर्को कुरा, उदाहरणका लागि राजदूत नियुक्तिकै कुरा छ भने यो पूर्णतः राजनीतिक नियुक्ति हुँदैन। कुनै पनि देशका लागि राजदूत भनेको त्यो देशकै प्रतिनिधित्व गरेको हुनुपर्छ। कुनै पनि निकायमा नियुक्तिका लागि सो क्षेत्रका बारे जानकार हुनुपर्छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

16-38, Madheshvani, Pus-24, 2077.pmd 3

1/8/2021, 10:00 AM

# यसकारण संसद विघटन असंवैधानिक



उपेन्द्र यादव

## अवधारणा-पत्र

मिति २०७७ पौष ५ गते प्रधानमन्त्री के. पी. शर्मा ओलीले प्रतिनिधि सभा विघटनको सिफारिश गरेकोमा सोहि सिफारिश वमोजिम राष्ट्रपति श्री विद्यादेवी भण्डारीले संविधानको धारा ८५ र धारा ७६(७) लाई आधार मानी संसद विघटनको घोषणा गरी प्रतिनिधि सभाको निर्वाचन समेतको मिति घोषणा गरेकोमा नेपाल सरकारको यस स्वेच्छाचारी कदमबाट संवैधानिक संकटमात्र होईन, दुरगामी रुपमा राजनितिक अस्थिरता जन्मिनुका साथै देश अराजकताको दिशातिर जानसक्ने प्रवल आशंका व्यक्त हुन थालेका छन। संसद विघटनको घोषणाको संवैधानिकता परीक्षण सर्वोच्च अदालतले गर्न बाँकी नै छ।

तर जुन पृष्ठभुमि र परिवेशमा यो कदम चालिएको छ, संवैधानिक परिषद सम्बन्धि अध्यादेश प्रकरणको मुद्दा सर्वोच्च अदालतमा चलिरहदा पनि प्रधानन्यायाधीश समेत संलग्न संवैधानिक परिषदले विभीन्न संवैधानिक पदहरुमा नियुक्तिको सिफारिश गरिएको छ तथा पछिल्ला दिनहरुमा प्रधानमन्त्री स्वयंले कसैले पनि संसद पुर्नस्थापन गर्न सक्दैन भन्ने खालका अभिव्यक्तिहरु दिनुभएको छ यसले चिन्ताहरुलाई थप बढाएको छ। चिन्ता यसपाली प्रतिनिधि सभा विघटन भयो भन्नेमा मात्र सिमित छैन अपितु यस घोषणाले नेपालको संविधानलाई नै मृततुल्य तुल्याइदिएको छ र पुनः सरकारहरुले यस्तै स्वेच्छाचारी कदमहरु चाल्ने हुन कि भन्ने डर सिर्जना गरिदिएको छ।

हुन त यो संविधान जारी गर्नु अगावैदेखिका र जारी भएपछि पनि यस संविधानमा समावेशीता, संघियता तथा शासकिय स्वरुपका विषयमा हाम्रा असहमतिहरु रहेका थिए र त्यसैलाई ध्यानमा राखी संविधानलाई सर्वस्विकार्य वनाउन र परिमार्जन गर्नका लागी म कानुनमन्त्री हुँदा एक संविधान पुनरावलोकन आयोग वनाऔं भन्ने प्रस्ताव पनि गरेको थिए। तर सो प्रस्तावलाई त्यसवेला सुन्न समेत नचाहेका प्रधानमन्त्रीले स्वेच्छाचारी निर्णय गरी संविधानलाई नै कोमामा पुरयाइदिएका छन। यसबाट राजनैतिक रुपमा भांडभैलोको स्थिति उत्पन्न हुनसक्ने र कतै प्राप्त लोकतान्त्रिक उपलब्धिहरु जस्तै संघियता, समावेशीता, धर्म निरपेक्षता, स्वतन्त्र न्यायपालिका, मानव अधिकार जस्ता कानुनी शासनका आधारभुत तत्वहरु नै खतरामा पर्ने त होईन भन्ने चिन्ता सबैलाई हुन थालेको छ। यसै चिन्तालाई ध्यानमा राखी वर्तमान संवैधानिक र राजनितिक संकट, यसले पार्ने राजनितिक तथा संवैधानिक प्रभाव र यसबाट निकास पाउनको लागी गरिनुपर्ने उपायहरुको वारे वृहत धारणा निर्माण गर्न यो छलफल आयोजना गरेका छौं।

हुन त संसदीय व्यवस्था भएका मुलुकहरुमा शक्ति पृथकीकरण र सन्तुलनको सिद्धान्त अनुसार संसदले प्रधानमन्त्रीलाई अविस्वास प्रस्तावमार्फत नियन्त्रणमा राख्न सक्ने र प्रधानमन्त्रीले संसदलाई समेत विघटन गर्नसक्ने प्रावधानहरु राखिएका हुन्छन। तर संसदीय व्यवस्थाका अभ्यासहरु जसै जसै विकसित हुँदै आएको छ प्रधानमन्त्री वा भनौ कार्यकारीको यस अधिकारलाई नियन्त्रित गर्ने विभिन्न कानुनी र संवैधानिक व्यवस्थाहरु अपनाइन थालिएको छ। अदालतका निर्णयहरुले पनि संसद विघटन गर्नपाउने प्रधानमन्त्रीको अधिकारलाई स्वीकार त गर्छ तर यो स्वेच्छाचारी अधिकार होईन वरु खास परिस्थिति र अवस्था नभई संसद विघटन गर्न मिल्दैन भन्ने विभीन्न देशहरुमा अदालतले समेत नियन्त्रण गरेको देखिन्छ।

अन्तराष्ट्रिय अनुभवः वेलायत र श्रीलंकाको अनुभव

१. सँसदीय प्रणालीको जननी मानीने वेलायतमा सँसद भंग हुने ठुलो रोग थियो। उनीहरुले यसलाई सुधारे निश्चित अवधि सँसदीय ऐन २०११ वनाए जसमा दुई अवस्थामा मात्र सँसद भंग गर्न सकिने प्रावधान राख्यो। पहिलो दुइ तिहाइ साँसदले सँसद भंग गरी निर्वाचन गर्ने माग गरेको खण्डमा। दोश्रो, सँसदले कुनै खालको सरकार दिने अवस्था नरहेको खण्डमा। यो वाहेक सँसद भँग गर्ने वाटो बन्द गरयो।

२. २०१९ सेप्टेम्वर २४ मा वेलायतको सर्वोच्च अदालतले तात्कालीन प्रधानमन्त्री वोरिस जोन्सनले गरेको सँसद स्थगनको सिफारीसको आधारमा महारानी एलिजावेथले गरेको सँसद स्थगनको निर्णय गैर कानूनी र अप्रजातान्त्रिक भएकोले खारेज गरिदियो। सो खारेजीको निर्णयमा लर्ड विघमले व्याख्या गरेका थिए। सँसदीय प्रणालीको आत्मा भनेको प्रधानमन्त्री र मन्त्रीपरिषद सामुहिक रुपले सँसदप्रति उत्तरदायी हुन्छ। सँसदलाई संविधानले दिएको समयावधि र कार्य गर्नवाट बञ्चित गरिनु असंवैधानिक हुन्छ। वेलायतमा सत्रौ शताब्दी देखिनै सँसदीय संप्रभुताको रक्षा गर्दै आएको छ। प्रधानमन्त्रीको स्वविवेकीय अधिकारलाई सँसदीय सँप्रभुताले अंकुश लगाउँछ। जनप्रतिनिधि सँस्था सँसदमै जनताको संप्रभुता हुन्छ।

३. दुई वर्ष अगाडि श्रीलंकामा समेत राष्ट्रपतिले त्यहाँको संसद विघटन गरेका थिए। श्रीलंकाको सर्वोच्च अदालतले राष्ट्रपतिको त्यस कदमलाई असंवैधानिक करार गरेका थिए। केहि फरक प्रसंग तर संसद विघटनको असंवैधानिकता परीक्षण गरेको श्रीलंकन सर्वोच्च अदालतको त्यो फैसला हालको नेपालको राजनितिक तथा संवैधानिक संकटको परिवेशमा समेत सान्दर्भिक हुने भएकोले यहाँ चर्चा गर्नु उपयुक्त ठानेको छु। सन २०१८ को अक्टोवर २६ का दिन श्रीलंकाका तत्कालीन राष्ट्रपति मैत्रीपाला सिरिसेना ले तत्कालीन प्रधानमन्त्री रणील विक्रमसिंघेलाई अपदस्त नगरि महिन्द्रा राजापाक्षेलाई नयाँ प्रधानमन्त्री नियुक्त गरिएको घोषणा गरेका थिए। रणील विक्रमसिंघेले भने आफुसंग संसदको वहुमत रहेको र राष्ट्रपतिले आफुलाई अपदस्त गर्न नसक्ने भन्दै सभामुखलाई चाँडोभन्दा चाँडो संसद वैठक वोलाउन आग्रह गरेका थिए। राष्ट्रपतिले भने संसद वैठक वोलाउनुको सटटा संसदलाई नै २७ अक्टोवरमा विघटन गरिदिएका थिए। सर्वोच्च अदालतमा पुगेको यस संवैधानिक विवादको मुद्दामा त्यहाँको सर्वोच्च अदालतले संसद विघटनलाई असंवैधानिक मात्र भनेन रणील विक्रमसिंघेलाई नै आधिकारिक प्रधानमन्त्री को मान्यता समेत दियो।

४. श्रीलंकाको संविधानको धारा ७० (१) ले संसदले आफ्नो कार्यकाल साढे चार वर्ष पूरा गरेपछि र संसदको दुई तिहाई वहुमतले संसद विघटनको प्रस्ताव पारित गरेपछि मात्र संसद विघटन हुने व्यवस्था गरेको छ। यसको विपरित श्रीलंकाका राष्ट्रपतिले सँसद विघटन गरिदिए। श्रीलंकाको संविधानको धारा ७०(१) ले दुइ अवस्थामा मात्र सँसद विघटन गर्ने प्राबधान राखेको छ। पहिलो सँसद सुरु भएको समय देखि साढे चार बर्ष पुरा गरे पछि र दोश्रो सँसदका दुई तिहाइ साँसदहरुले हस्ताक्षर गरी सँसद भँग गर्ने आग्रह गरेको खण्डमा। श्रीलंकाको सर्वोच्च अदालतले लेखक विन्द्राको पेज १२८४ मा उल्लेखित विचारलाई उद्धृत गरेको छ जसमा भनिएको छ किः लोकतान्त्रिक संविधानलाई संकीर्ण र रुढिवादी तरिकाले व्याख्या गरिनुहुन्न। संवैधानिक प्रावधानहरुको व्याख्या संविधानका आधारभूत संरचनाहरुको सन्दर्भमा गरिनु पर्दछ। गुप्तासमेत विरुद्ध युनियन अफ इन्डिया (१९८२ एआइआर एससी) १९७ ) को मुद्दाको हवाला दिंदै भनिएको छ, संविधानमा यदि एउटा कुनै महत्वपूर्ण सिद्धान्त छ, जुन हरेक संरचनामा प्रतिविम्बित हुन्छ त्यो हो विधिको शासन। राज्यको हरेक अंगलाई सीमामा बाँध्ने र विधिको शासनलाई सार्थक र प्रभावकारी बनाउने काम अदालतको हो। गैर संवैधानिक हिसावले सँसद भंग गरी गैर कानूनी हिसावले गरिएको निर्वाचनको वैधता कमजोर हुन्छ र त्यस्तो निर्वाचानले काननी शासनको वहाली गर्न सक्दैन। मुहान फोहर छ भने त्यस्तो धारावाट आउने पानी सफा हुने परिकल्पना समेत गर्न सकिदैन।

५. संसदीय प्रणाली र प्रजातान्त्रिक मुलुकहरू (जस्तो संयुक्त अधिराज्य अष्ट्रेलिया, जापान) को इतिहासमा सर्वमान्य र स्थापित भएको संसदीय परम्परा अनुसार प्रधानमन्त्रीले राजीनामा र संसद विघटनको लागि सिफारिस एकैचोटी गर्न सक्दैनन् गरिएको छ भने राजीनामा स्वीकृत भएपछि अर्को सरकार गठन गर्ने सम्पूर्ण वैकल्पिक प्रयास असफल भएपछि अर्को सरकार गठन हुन नसक्ने भएमा मात्र संसद विघटनमा जाने लिखित संविधान भएको मुलुकमा (जस्तै डेनमार्क र भारत) लगायतका मुलुकले अंगिकार गरेको परम्परा पाइन्छ।

६. भारतमा एस.आर. वोमाईको मुद्दामा गरेको व्याख्या र पाकिस्तानको सर्वोच्च अदालतले निवेदक नवाज सरिफको मुद्दामा गरेको फैसलामा प्रधानमन्त्रीले स्वविवेकी अधिकारको प्रयोग गर्न असल नियतको शर्त राखेको छ अर्को तर्फ त्यस्तो अधिकारको प्रयोगमा तर्कसँगत र उचित कारण हुनु पर्दछ भनी व्याख्या गरेको छ। पार्टिको आन्तिरीक कलहले सँसद विघटको उचित कारण र तर्कको रुपमा पुष्टि हुन सक्दैन।

नेपालको संविधानमा सँसद विघटनको प्रावधान

७. २०४७ पछि नेपालले अंगीकार गरेको संसदीय व्यवस्थामा तीनचोटी प्रधानमन्त्रीहरुले आ आफनो राजनितिक उद्देश्यका लागि संसद विघटन गरेको ईतिहास हाम्रो सामु थियो। यसै अवस्थालाई ध्यानमा राखेर होला २०७२ को संविधानले एकचोटी विस्वासको मत प्राप्त गरिसकेपछि संसद विघटन गर्नपाउने व्यवस्था नै राखेको देखिदैन। राष्ट्रपतिले सँसद विघटन गरेको विज्ञप्तिमा धारा ७६ को उपधारा १ र ७ तथा धारा ८५ को उल्लेख गर्नु भएको छ। तर ती कुनैपनि धाराले वर्तमान प्रधानमन्त्रीलाई संसदको विघटन गर्नपाउने अधिकार दिएको छैन। यी दुई उपधारा एकआपसमा मिल्ने अवस्था छैन। उपधारा १ बहुमत प्राप्त दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने उद्देश्यको लागि हो। ओलीजी बहुमत प्राप्त दलको नेता भएको अवस्थामा सिफारिस गर्नु भएको हो। उहाँको सिफारिस अनुमोदन गर्ने काममा उपधारा ७ लाई जोडिएको छ। यो उपधारामा बहुमत प्राप्त नगरेको वा प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त नगरेको अवस्थामा मात्र प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट ६ महिनामा चुनाव गराउने गरी संसद्विघटन गर्न सक्ने उल्लेख छ। यसरी बहुमत प्राप्त दलको नेतालाई बहुमत प्राप्त नगरेको र विश्वासको मत पनि नभएको नेतासँग मिसाएर विघटनको सिफारिस अनुमोदन असंवैधानिक हो। धारा ७६ को उपधारा १ बमोजिम नियुक्त भएको प्रधानमन्त्रीको सिफारिसमा उपधारा ७ को प्रयोग गरी संसद्विघटन गर्न त पहिला उसले संसदमा अविश्वासको प्रस्ताव सामना गरेर पराजित भएको अवस्था विद्यमान हुनु पदर्छ। सरकार गठन हुने तर विश्वासको मत जित्न नसक्ने अवस्थामा मात्रै त्यो धारा आकर्षित हुन्छ। अविश्वासको प्रस्ताव परीक्षित नै नभई यसो गर्न मिल्दैन। ७६ (७) मा भनीएको छ उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महीनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछ। त्यस्तै धारा ८५ (१) मा यस संविधान वमोजीम विघटन भएमा बाहेक प्रतिनिध सभाको कार्यकाल पाँच वर्षको हुनेछ। अव धारा ७६ (७) वमोजीम वर्तमान प्रधानमन्त्रीलाई विस्वासको मत लिइराख्नुपर्ने कुनै परिस्थिति थिएन तसर्थ यो धारालाई टेकेर प्रधानमन्त्रीले संसद विघटन गर्न पाउने अधिकारलाई यस संविधानको संशोधित संसदीय अवधारणाले नियन्त्रण गर्न खोजेको प्रष्ट छ। तसर्थ के.पी. ओली सरकारको प्रतिनिधसभा विघटन गर्ने असंवैधानिक र अलोकतान्त्रि निर्णय भएको हुँदा उक्त कार्यलाई खारेज गर्दै प्रतिनिधिसभाको पुर्नस्थापना गरी प्रतिगमनकारी कदमलाई अन्त्य गरिनुपर्दछ।

८. सँसद विघटनवाट संविधानको धारा २ ले नोपलको सार्वभौमसत्ता र राजकिय सत्ता नेपाली जनतामा निहित रहने भन्ने सार्वभौमिक अधिकार माथि नै आघात परेको छ। संसदले राजनैतिक संप्रभूको रूपमा रहेको जनाताको इच्छा चाहना, वा अख्तियारको प्रतिनिधित्व गर्दछ। प्रतिनिधि सभाको विश्वास प्राप्त अर्को सरकारको गठन गर्न प्रतिनिधि सभा र संसदीय दलहरू वन्चित हुन पुगि तिनीहरुको अधिकार अतिक्रमण भएको छ। संसदीय व्यवस्थामा जनतामा निहित सार्वभौमसत्ता जननिर्वाचित सांसदहरुमार्फत संसदमा प्रतिविम्वित हुने मान्यता रहन्छ। तसर्थ कार्यकारीलाई नियन्त्रण गर्न संसदको महत्वपुर्ण भुमिका रहन्छ। मताधिकार प्रयोग गर्ने यथेष्ट समय नदिई लोकतान्त्रि स्वच्छ निर्वाचन प्रकृया कुण्ठित हुने गरी सदन भंग गरिएको छ। सरकारलाई संसद प्रति जिम्मेवार बनाउनबाट संसद बन्चित हुन पुगेको। संविधानको यसै शक्ति पृथकीकरणको मान्यता वमोजीम धारा ७६(१०) प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन्भनिएको छ। सँसदीय सँप्रभुताको मान्यता विपरित अवैधानिक ढंगबाट प्रतिनिधिसभाको ५ वर्ष सम्म प्रतिनिधित्व गर्नपाउने हकबाट साँसदहरु वन्चित भएका छन्।

९. पच्चासी जना साँसदहरुको हस्ताक्षर सहित राष्ट्रपति कार्यालय अविश्वासको प्रस्ताव दर्ता गर्न गइसकेको अवस्थामा प्रधानमन्त्रीले गरेको सिफारीसवाट प्रतिनिधि सभा विघटन हुदैन। अर्थात अल्पमतमा परिसकेको प्रधानमन्त्रीलाई प्रतिनिधि सभा विघटन गर्ने अधिकार हुँदैन।

राजनैतिक प्रश्न हो की संवैधानिक व्याख्याको बिषय ?

१०. राजनैतिक प्रश्नले अन्य जतिसुकै प्रश्नहरु भएपनि राजनैतिक पक्षलाई मात्र आवेष्टित गर्दछ। विवादमा तथ्यबाट राजनैतिक अधिकारको सुरक्षाको माग खोजिएको देखिन्छ र परिणाममा राजनैतिक हुन आउछ भने पनि यथार्थमा यसले राजनैतिक प्रश्नको प्रतिनिधित्व गरेको छ भनी मान्न हुदैन। कानूनी र राजनैतिक प्रश्नहरु आपसमा मिश्रित अवस्थामा न्यायिक अनुभव तथा परम्पराबाट के कस्तो अवस्था र आधारमा कुनै प्रश्न न्याययोग्य छ छैन भनी अदालतले मार्ग दर्शन गरेको उदाहरणहरु छन्। राजनैतिक प्रश्न विषयक सिद्धान्त परिभाषित हुन सहज छैन। यो प्रश्न लडाईमा शत्रुलाई छकाउने उपाय जस्तो एक राजनैतिकझाडी कै स्वरुप देखिन आउने प्रवलसंभावना भए पनि संविधानद्वारा यस्तो (ललित) कार्य अदालतलाई सुम्पि सो दायित्व निर्वाह गर्नु अदालतको कर्तव्य हुन आउछ। ठी यस्तै विवादमा वैद्यतालाई खोज तलास गर्न अदालतले अलकंकृत प्रश्नलाई खोली सवै सामु राख्न सक्दछ।

राजनैतिक प्रश्न समावेश भएको विवादमा अदालतलाई न्यायिक पुनरावलोकन गर्न परिमित राखे पनि कानूनी र संवैधानिक प्रश्नको व्याख्यामा अदालत अछुतो रहन सक्दैन, सो कार्यको सम्पन्नतामा परम्परागत भूमिका खेल्छ। कुनै विवादमा राजनैतिक प्रश्न समावेश छ छैन? भन्ने कुराको निरोपण संविधानको व्याख्याता सर्वोच्च अदालतको उत्तरदायित्वमा संवैधानिक व्याख्याको अभ्यासमा भर पर्ने विषय हो (सम्वत्२०५१ सालको रिट नं. २३०४, प्रतिनिधिसभा विघटनको सन्दर्भमा भएको फैसला) संसद भंगले जन्माएको अस्थिरता

११. लामो समयपछि नेपालमा अत्यधिक वहुमत प्राप्त दलको सरकार वनेको थिये र यसले पाँच वर्षको लागी उउटा स्थिर सरकार दिएको छ भन्ने धेरैलाई अनुभुति भएको थियो। तर हठात रुपमा भएको सँसद विघटनले नेपालमा फेरी एकचोटी राजनीतिक अस्थिरता जन्माएको छ। वैदेशीक शक्तिहरु चलखेल गर्ने आधार खडा भएको छ। राष्ट्रिय स्वाधिनता र राष्ट्रियता कमजोर भएको छ। नेपालको राजनीतिक दल तथा नेतृत्वहरुले स्वंय निर्णय लिन सक्ने शक्ति र अवस्था क्षीण हुँदै जान्छ।

१२.सँसद भंगले प्राप्त उपल्बिधहरु गुम्ने खतरा उतपन्न भएको छ। शासन व्यवस्था नै उल्ट फेर हुने हो की भन्ने डर आम जनमानिसमा उत्तपन्न भएको छ। गणतन्त्र, संघियता र धर्म निरपेक्षता विरोधी शक्तिहरु सलबलाउन थालेका छन्। यी उपलब्धीहरुको संरक्षक र कवज र कुण्डल सँसद नै थियो जसलाई भंग गरिएको छ। संविधानले लिक छोडेको छ। बुढी मरी भन्दा पनि काल पलकी भन्ने डर ठुलो छ।

सँसद भंगको असंवैधानिक सच्चाउने उपायहरु

१३. संसदीय व्यवस्थाप्रति प्रतिबद्ध राजनितिक दलहरुको यस संवैधानिक संकटको वारेमा एउटा स्पष्ट वुझाई कायम गर्नसक्नु नै आजको ठुलो आवश्यकता र चुनौति हो। ने.क.पा अव एक जुट रहनसक्ने संभावना न्युन छ र प्रधानमन्त्री ओली नेतृत्वको दलले संसद विघटनलाई जायज ठहरयाउन उचित अनुचित सवै कामहरु गर्नेछन भन्ने स्पष्ट भइराखेकै छ। तर प्रचण्ड माधव समुहको नेकपा पक्ष, नेपाली कांग्रेस तथा जनता समाजवादी पार्टी समेतको विचमा यस राजनितिक र

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### धनुषामा दाहाल-नेपालको संघर्ष समिति गठन

जनकपुरधाम। प्रधानमन्त्री केपी शर्मा ओलीको संसद विघटनको कदम असंवैधानिक रहेको भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहले धनुषामा पालिकास्तरीय संघर्ष समिति गठन गरेको छ। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) दाहाल-नेपाल समूहले प्रधानमन्त्री ओलीको असंवैधानिक कदम विरुद्ध आन्दोलन गर्न धनुषाको १५ वटा स्थानीय तहहरुमा संघर्ष समिति गठन गरेको दाहाल-नेपाल समूह धनुषाका सचिव दिपक यादवले जानकारी दिए। १८ मध्ये १५ स्थानीय तहमा १ सय देखि ५ सय सदस्यीय आन्दोलन संघर्ष समिति गठन गरिएको सचिव यादवले जानकारी दिए। धनुषाको कमला नगरपालिकामा देवचन्द्र यादवको संयोजकत्वमा २ सय ५० सदस्यीय, विदेह नगरपालिकामा राजकिशोर यादवको संयोजकत्वमा ३ सय सदस्यीय समिति गठन गरिएको छ। त्यस्तै धनुषाधाम नगरपालिकामा भगवानदत्त साहको संयोजकत्वमा १ सय ५० सदस्यीय, गणेशमान चारनाथ नगरपालिकामा महेश यादवको संयोजकत्वमा ३ सय सदस्यीय, हँसपुर नगरपालिकामा सुशिल साहको संयोजकत्वमा २ सय ५० सदस्यीय, मिथिला बिहारी नगरपालिकामा प्रदीप साहको संयोजकत्वमा २ सय ५१ सदस्यीय, बटेश्वर गाउँपालिकामा रामखेलावन महतोको संयोजकत्वमा २ सय ५ सदस्यीय, शहिदनगर नगरपालिकामा तनुलाल यादवको संयोजकत्वमा ५ सय सदस्यीय, धनौजी गाउँपालिकामा मोमिद राईनको संयोजकत्वमा २ सय सदस्यीय संघर्ष समिति गठन गरिएको हो। त्यस्तै मुखियापट्टी मुसहरनिया गाउँपालिका शिवकुमार झाको संयोजकत्वमा २ सय सदस्यीय, लक्ष्मीनिया गाउँपालिकामा सूर्यदेव यादवको संयोजकत्वमा १ सय ५१ सदस्यीय, सबैला नगरपालिकामा बिष्णुदेव यादवको संयोजकत्वमा २ सय ५१ सदस्यीय समिती गठन गरिएको सचिव यादवले जानकारी दिए। जनकपुरधाम उपमहानगरपालिका, नगराईन नगरपालिका, मिथिला नगरपालिका तथा जनकनन्दनी गाउँपालिकामा संघर्ष समिति गठन गर्न बाँकी रहेको बताइएको छ। समिति गठन गर्नका लागि पार्टीका केन्द्रिय सदस्य तथा आन्दोलन संघर्ष समिति प्रदेश २ का संयोजक सुधिर साह, केन्द्रिय सदस्य रामचन्द्र झा, धनुषा ईन्चार्ज समेत रहेका श्रवण यादव बरबरिया, केन्द्रिय सदस्य श्रीप्रसाद साह, रत्नेश्वरलाल गोइत, बोधमाया यादवलगायतका नेताहरु सक्रिय रहेका छन्।

### सीमा खोल्न माग गर्दै जसपाद्वारा विरोध प्रदर्शन

परासी। नेपाल-भारत सीमाबन्दीको विरुद्धमा नवलपरासीमा विरोध प्रदर्शन भएको छ। कोभिड-१९को नाममा सरकारले लम्ब्याउँदै लगेको सीमा बन्दलाई तत्काल खोल्न माग गर्दै जनता समाजवादी पार्टी नवलपरासीले विरोध प्रदर्शन गरेको हो। कोभिड-१९ को संक्रमण रोकथामका लागि विगत १० महिनादेखी बन्द गरिएको नेपाल भारत सीमा तत्काल खुलाउन जसपा नवलपरासीले माग गरेको छ। महेशपुर चोकबाट निस्किएको विरोध र्‍याली महेशपुर मुलनाकामा पुगेर कोणसभामा परिणत भएको थियो। जसपा जिल्ला अध्यक्ष धरेन्द्र यादव र मुकुरजी गिरीको नेतृत्वमा जिल्लाको पाल्हिनन्दन गाउँपालिका वडा १ महेशपुर चोकबाट निकालिएको विरोध ऱ्यालीमा नाका खोल्न र कोरोनाको भ्याक्सिन उप्लब्ध गराउनुपर्ने लगायतका माग राख्दै नारावाजी गरिएको थियो।

### जसपा प्रदेश १ ले तेस्रो चरणको आन्दोलन गर्ने

विराटनगर। प्रतिनिधिसभा विघटन विरुद्ध जसपा मोरङले तेस्रो चरणको आन्दोलन गर्ने भएको छ। जसपा मोरङका अध्यक्ष राजकुमार यादवका अनुसार प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले जनताको बलिदानलाई खेर फालेको बताउँदै आन्दोलनको सुरुआत गरेको जानकारी दिए। विराटनगरमा शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै अध्यक्ष यादवले प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटनको विरोधका क्रममा आन्दोलनलाई अघि बढाउने बताएका हुन्। जनताको संघर्ष र बलिदानद्वारा प्राप्त उपलब्धी रक्षा गर्न प्रधानमन्त्री ओली असमर्थ रहेको आरोप लगाउँदै यादवले प्रधानमन्त्री ओलीले असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदम चालेको उल्लेख गरे। पत्रकार सम्मेलनका क्रममा यादवले प्रधानमन्त्रीले चालेका अलोकतान्त्रिक कदम खारेज गर्न जनसंघर्षको विकल्प नरहेको बताए। पुषको २५ गतेबाट सुरु हुने तेस्रो चरणको आन्दोलनका लागि पार्टी अध्यक्ष उपेन्द्र यादव, पार्टीका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई, लक्ष्मणलाल कर्ण लगायतको उपस्थिति रहने पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो। त्यसैगरि सोही अवसरमा पुस २९ गते विर्तामोड र माघ ३ गते धरान र माघ ७ गते मोरङको रंगेलीमा जनप्रदर्शन गरिने जनाइएको छ।

### स्थानीय उद्यमीलाई लगानी गर्न आग्रह

बुटवल। रुपन्देही उद्योग सङ्घले जिल्लाको औद्योगिक विकासका लागि स्थानीय पालिकाहरुसँग सहकार्य सुरु गरेको छ। सङ्घका अध्यक्ष बाबुराम बोहोराले औद्योगिक विकासमा स्थानीय सरकारको भूमिकाको खोजी गर्दै स्थानीय उद्यमीलाई लगानी गर्न प्रेरित गर्ने उद्देश्यले सहकार्य गर्न सुरु गरिएको बताए। उनले सम्बन्धित पालिकाहरुमा रहेको स्रोत र सम्भावनाको पहिचान गरी घरेलु तथा साना, पर्यटन र कृषिजन्य उद्योगको विकास र विस्तारका लागि यो अभियान प्रभावकारी हुने बताए। रुपन्देहीको कञ्चन गाउँपालिका अध्यक्ष गोकर्णबहादुर क्षेत्रीले उद्योगमा लाग्न चाहनेका लागि तालिमलगायतका विषयमा पालिकाले सहयोग गर्ने बताए।

### आन्तरिक पर्यटन पुनरुत्थान समिति गठन

वीरगंज। नेपाल पर्यटन बोर्डले प्रदेश नं. २ मा आन्तरिक पर्यटन पुनरुत्थान समिति गठन भएको छ। मनिष झाको संयोजकत्वमा १६ सदस्यीय समिति गठन भएको छ। सो समितिका संयोजक मनिष झा, सदस्य तबरेज आलम बुद्धि प्रसाद पन्त (पर्सा) राकेश रोशन गुप्ता, विष्णु शाह (सिरहा), शैलेश चौधरी, सम्भु यादव (सप्तरी), बिरेन्द्र शाह (धनुषा), हिराकाजी योन्जन, चुडामणी वाग्ले (सर्लाही), अरुण लामा, जयराम कुवँर, खड्गबहादुर बम्जन (रौतहट), दिपेन्द्र पराजुली (महोत्तरी), राधाकृष्ण घिमिरे, मोहन प्रसाद शर्मा (बारा) लगायत १६ सदस्यीय गठन भएको छ। सो समितिले अगामि दिनमा उचित, उत्तरदायी, सुधारोन्मुख तथा रचनात्मक रुपमा पर्यटन क्षेत्रका नेतृत्वदायी भूमिकामा रहेका निर्णयकर्ता तथा नीतिनिर्माता माझ पर्यटनबारे बुझाई बढाउन, मुख्य सरोकारवाला निकायहरु बीच परिणाम मुखी समन्वय स्थापना गराउन, र देशका पर्यटन क्षेत्रका सरोकारवाला तथा स्रोत बजारका टुर अपरेटर्स र संभावित पर्यटकहरुबीच संचार गर्ने कार्यमा केन्द्रित रहने गरी पर्यटन प्रवर्द्धन गर्न तथा पर्यटन विकास गर्ने जस्तो कार्यहरु गर्ने भनि होटल व्यवसायी संघ पर्सा का महासचिब, नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ प्रदेश नं. २ को सचिव एवं होटल अमान प्यालेस बीरगन्जका संचालक युवा व्यवसायी एवं समाजिक अभियन्ता तबरेज आलमले जानकारी दिए।

### सुदूरपश्चिम प्रदेशका मन्त्रीद्वारा राजीनामा

धनगढी। सुदूरपश्चिम प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री झपटबहादुर बोहराले पदबाट राजीनामा दिएको घोषणा गरेका छन्। दृढ इच्छाशक्ति र यथेष्ट प्रयत्नका बाबजुद जनभावनाअनुसार काम गर्न विभिन्न कठिनाइ एवं चुनौती सामना गर्नु परेकाले पदबाट राजीनामा दिएको उनले बताए। “मन्त्री पदमा बसिरहँदा प्रदेशका नागरिकको मतको अपमान हुने देखिएकाले आजैका दिनदेखि मन्त्री पदबाट राजीनामा गरेको छु,” उनले भने। आफूले मन्त्री पदमा रहँदा केही महत्वपूर्ण कार्य गरेको, केही कार्यको थालनी गरेको र कतिपय काम गर्न नसकेको बोहोराले बताए।

### वैज्ञानिक वन व्यवस्थापनमा जोड

भैरहवा। दिगो व्यवस्थापन, काठको उच्चतम प्रयोग र नियमित आम्दानीका लागि उपभोक्ताले वैज्ञानिक वन व्यवस्थापनमा जोड दिएका छन्। नयाँ विरुवा हुर्काउने र अहिले रहेका रुखबाट धेरै आम्दानी लिने अपेक्षासहित सरकारले २०६८ देखि व्यवस्थापनको योजना खारेज गर्ने कि अगाडि बढाउने भन्ने विषयमा बहस चलिरहेको छ।

16-38, Madheshvani, Pus-24, 2077.pmd 4 1/8/2021, 10:00 AM

राष्ट्रिय साप्ताहिक
मधेशवाणी



# किन परिवर्तन भएन गुलामी मनस्थिति



कौशल गोपालवंशी

अहिलेको समयमा मधेश र गुलामी एक अर्काको पर्यावाची शब्द हो । गुलामीको जन्जिरमा बाँधिएको मधेशलाई स्वतन्त्रताको अनुभूति गराउन गरिएको सबै प्रयासहरु खेर गएको देखिन्छ । स्वतन्त्रता सेनानीहरुको प्रयास किन बिफल भए त ? आखिर कारण के होला ?

एउटा उदाहरणसँग तुलना गर्दै यसको कारण पत्ता लगाउन सजिलो हुन्छ । एक सय जनाको परिवारलाई कुनै शासकले कैदी बनाएर जेलमा हालियो । समय बित्दै गयो, त्यहा कैदीहरुको पनि सन्तान जन्मियो । सन्तानलाई विगतको घटित घटनाको भनक पनि नलाग्न दिन शासकले उनीहरुको पूर्वजलाई हत्या गरिदियो । जस्तो कि शासकले प्रायः शासन गर्दै गरेको ठाउँको ईतिहास मिटाइदिन्छ । अब नयाँ सन्ततिलाई शुरुदेखि नै गुलामीको जन्जिरले बाँध्यो । उनीहरुको बरिपरि सबै जनाको हाथमा जन्जिर थियो । जसले गर्दा नयाँ सन्ततिहरुलाई जीवनमा स्वतन्त्रताको आभाष नै भएन । तर समय बित्दै जाँदा जन्जिरमा खिया लाग्न थाल्यो । शासकले खिया लगेको देखेर जन्जिर टुटन सक्ला भनेर सबैलाई सरसफाइ भई सफा बस्न भन्यो । यी कदमले ती कैदीहरुले आफ्नो हाथमा लागेको जन्जिर समेत सफा गरि जन्जिर टल्काउन थाले । जसको जन्जिर जति टल्किन्थ्यो त्यसलाई शासकले त्यति नै राम्रो व्यक्ति हो भन्ने गर्दथ्यो । जस्तो कि जसले जति शासकको चाकरी गर्छन् त्यति नै उसले स्यावश पाउँछन् । चाकरी नगर्नेलाई अटेरी गरेको, संस्कार नभेको व्यक्ति भन्छन् । जसको जन्जिरमा खिया लगेको त्यसलाई फोहरी, फटाहा, संकोचित मान्छेको संज्ञा दिने गर्दथ्यो ।

अब उनीहरुको विकास भनेको नै जन्जिरलाई टल्काउने भयो । उनीहरु पनि यसमै खुसी थिए । किनकि वरिपरिको सबै यस्तै थियो । पिढीमाथि पिढी आउँदै गर्यो । कसैले जिवनमा स्वतन्त्रताको अर्थ बुझेन, बुझे त केवल जन्जिर (चाकरी, गुलामीपन) लाई कसरी टल्काउने । जताततै चाकरीबाजको वातावरणमा



हुर्केकालाई चाकरी नै धर्म हो, संस्कार हो लाग्न थाल्यो ।

अब यी पुस्तालाई कसरी स्वतन्त्रताको महत्व बुझाउने ? यो तरिकाले त यिनीहरु सधै गुलाम हुने हो । तिमी गुलाम छौं भन्ने कुरा बुझाउनलाई उसले आफ्नो जीवनलाई अर्कासँग तुलना गर्नु एकदम आवश्यक छ । म कति अगाडि पछाडि छु भन्ने बुझ्नलाई म आफूलाई अरु भिन्न ठाउँमा बसेकोसँग तुलना नगरी त थाहा हुन्न नि । तर दैवको खेल यहा सबै गुलाम छन्, चाकरीबाज छन्, कोसँग तुलना गर्ने नि ? गुलामी हटाउनलाई अर्का ठाउँको मान्छेसित तुलना गराउनै छ । जस्तो कि मधेशमा भएको गुलामी हटाउन तराई बहेकका जनतासँगको तुलना जरुरी छ ।

एक गाउँ एक देशको हैसियत राखेको मधेशको जनतालाई अन्त्य जानु पर्ने आवश्यकता पर्दैन । जसले गर्दा अधिकांश जनताले आफ्नो जीवनलाई अरुसंग दाँज्न पाएको छैन । हो म मान्न तयार छु कि कृषिलाई धारासायी बनाएपछि मधेशका युवाहरु विदेशिन गए । त्यहाँ जस्तो विकसित देशमा गएसि त विकसित नागरिकसँग आफ्नो जीवन तुलना गर्न मैका त पाएका छन् । हो यतिसम्म त ठिक हो तर, मधेशको गुलामी मनस्थितिबाट विदेश गएका युवाले त्यहाँ पनि कम्पनीको जन्जिरमै कैद भएका छन् । महिनामा मात्र एक चोटि कम्पनीको आवास स्थानभन्दा बाहिर निस्किन्छन् । समय तालिका यति कडा हुन्छन् कि घरपरिवारलाई पनि सधै फोनमा कुरा गर्न भ्याउँदैनन् । गएर त्यहाँको व्यक्तिसँग नजिक हुन पनि समय हुँदैन । अनि जीवनको तुलना त परको कुरा हो ।

फेरि कोही भन्ला कि भारतको सीमा नजिकै छ, त्यहाँबाट तुलना गरी दास मनस्थिति परिवर्तन हुन्छ । हो तर एउटा कुरा के छ भने मधेशसँग जोडिएको भारतीय क्षेत्र मधेशभन्दा पनि पिछडिएको छ, अनि त्यहाँबाट के तुलना गर्न सकिन्छ । कोही-कोही जो पढाइको सिलसिलामा बहिर गयो त्यो यो दास मनस्थितिबाट माथी उठ्न खोज्दा उनीमाथी सबै किसिमको प्रहार गरेको देखियो । जसले गर्दा अरुले आँट्न नै सकेन । कसै कसैकोमा व्यक्तिगत परिवर्तन भयो । कसैले समाज परिवर्तन गर्न खोजेका पनि हुन् तर पुर्ण सफल भएनन् । कोही-कोही त परिवर्तन गर्छु भनेर आएकाहरु झन् कारागारको सिपाही बनेर आफ्नैमाथी शासन गर्न थालेका पनि छन् ।

दुःखद कुरा के छ भने यहाँ यस्ता कारागारको सिपाही बनेर आफ्नै माथि शासन गर्नेहरुको जमात ठूलो छ । यिनीहरु कुनै कांग्रेस, कुनै राप्रपा, कुनै समाजबदी, कुनै एमाले, कुनै जनमत त कुनै कोही त कोही जस्ता ब्राण्ड भएका कम्पनीको कारागारको सिपाही भएर मधेशी जनतालाई लगातार गुलामीको जन्जिरमा बस्न बाध्य तुल्याएका छन् । त्यहीं भएर अब मधेशी जनताले जन्जिर (चाकरी) लाई टलकाउने होइन तोडनु पर्छ ।

के किसान कृषिको जन्जिरमा बाँधिएका छन् त ?

जन्जिरले मान्छेलाई मार्दैन, जन्जिरले मान्छेलाई जिउँदो लास बनाउँछ । न त जिउन दिन्छ न त मर्न दिन्छ । केवल तडपाएर बाँच्न दिन्छ । हुन त किसान सबै अन्नदाता हुन् । तर नेपालमा यो लागू हुन्न । मैले आफ्नो खेतको हिसाब गर्दा औसत प्रति बिघा ८० मन धान (३२ क्विन्टल) उत्पादन हुन्छ भने खर्च चाहिँ ३० क्विन्टल जतिको लाग्छ । यहाँबाट यो साफ छ कि अहिलेको कृषिले किसानलाई न त जिउन दिन्छ न त मर्न दिन्छ । न त भोकै मर्छ न त हातमा नगद नै हुन्छ । न त बिना कपडाको हुन्छ न त राम्रो कपडा लगाउन सक्छ । न त सन्तानलाई मुर्ख बनाउँछन् न त राम्रो शिक्षा नै दिन सक्छ ।

यी सबै कुराले गर्दा यो भन्न सकिन्छ कि आधुनिकता बिनाको कृषि जीवन बरदान होइन अभिसाप हो । कृषिले किसानलाई जन्जिरमा बाँधेका छन्, जसले किसानको आउने सन्तति सधै व्यापारीको गुलाम बनेर बस्ने छन् । नेपालमा ८०% भन्दा बढी कृषि र वैदेशिक रोजगारीमा निर्भरता भएको देशको ५५.५८% वार्षिक बजेट गृह र रक्षा मन्त्रालयमा हुन्छ भने १०% भन्दा कम बजेट चाहिँ कृषिको लागि छुट्टाएको हुन्छ ।

# प्रचण्ड–नेपाल समूह आन्दोलन गरी न्यायालयको अपमान गरे : मन्त्री साह

जनकपुर । नेकपा ओली पक्षका नेता तथाशहरी विकास मन्त्री प्रभु साहले न्यायालयमाथि विश्वास नगर्ने माधव-प्रचण्ड समूहले संविधानको कुरा गर्न नसुहाएको बताएका छन् ।

नेकपा जिल्ला कमिटी धनुषाले जनकपुरमा आयोजना गरेको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले नेपाल-प्रचण्ड समूहले अदालतमा विचाराधीन विषयलाई लिएर आन्दोलन गरी न्यायालयको पनि अपमान गरेको जिकिर गरे ।

एकातिर न्यायालयलाई छिनोफानो गर्ने जिम्मा दिने र अर्कोतिर सडकमा प्रदर्शन गर्नु जनतालाई दिग्भ्रम गरी अस्थिरता निम्त्याउने खेल मात्र भएको नेता साहको बुझाइ छ । अदालत पनि गुहार्ने र सडकमा नाटक मञ्चन गर्ने दोहोरो चरित्र देखाएर जनतालाई दिग्भ्रमित नगर्ने पनि उनले आग्रह गरे ।

# यसकारण...

संवैधानिक संकटबाट पार लगाउने उपाय सम्बन्धमा स्पष्टता आउन सकेको देखिदैन । अवका चरणमा सरकारमा सामेल गराइदिने भनेर केही पार्टीका केहि नेताहरुलाई फुटाइदिने, अझ थप गर्नुपरे प्रधानमन्त्री नै अमुक दलको नेतालाई वनाइदिने भन्ने सम्मका तिकडम के पी ओली गुटले नगर्ला भन्न सकिन्न । तर यो सवै असंवैधानिक कामलाई थप असंवैधानिकतातिर लैजाने वाटोकै काम हुनेछ भन्ने स्पष्टता राजनितिक दलहरुमा ल्याउन जरुरी हुनेछ । तसर्थ पहिलो उपाय भनेको राजनीतिक शक्तिहरुको ध्रुवीकरण नै हो । पहिलो उपाय भनेको सँसद भंग असंवैधानिक हो भनी लाइनमा रहेको राजनीतिक शक्तिहरुको ध्रुवीकरण ।

१४. सडक आन्दोलनमा तीव्रता र असंवैधानिक कदमको विरुद्धमा जनमत निर्माण । अदालतमाथि संविधान भन्दा बाहिर नजान मनोवैज्ञानिक दवाव वनाउने । यस बिषयमा छलफल र संवाद अगाडी बढाउने । नागरिक अगुवाहरुले गरेका आन्दोलनमा व्यापक जनशक्तिको सहभागीता विस्तार गर्ने । अन्तराष्ट्रिय समुदाय समक्ष यस समस्याले दुरगामी रुपमा नेपाललाई कसरी लोकतान्त्रीक मुल्य मान्यताबाट अलग्याउनेछ भन्ने जानकारी दिने र उनीहरुको पनि स्पष्ट धारणा माग गर्ने । असंवैधानिक एवम् अलोकतान्त्रिक कदम विरुद्ध संघर्षः

१५. गैर संवैधानिक हिसावले चालेको कदमले सँसदको विघटन हुन सक्दैन । यसकारण सँसद अहिले जिउँदै छ । यस्को कामकारवाहीलाई निरन्तरता दिने जिम्मेवारी सभामुकको काँधमा छ । सँसदको यो विशेषाधिकार संविधानको धारा १०३ (२) ले समेत सुनिश्चित गरेको छ । तर यो विवाद संवैधानिक मात्र नभएर राजनितिक पनि भएकोले शक्ति पृथकीकरणको सिद्धान्तलाई आतमसात गर्दै संसदीय सर्वोच्चताको मान्यतालई सुदृढ गर्न निम्न वमोजीमका प्रयास सभामुखले गर्नसक्छ ।

१६. मिति २०७७ मंसिर २ गते राष्ट्रपतिलाई विशेष अधिवे्न बोलाउन समावेदन दिन गएका ८५ जना साँसदको समावेदन राष्ट्रपति कार्यालयले दर्ता गरेन । नेपााली कांग्रेस र जनता समाजवादी पार्टीले समेत संयुक्त विज्ञप्तीमार्फत मिति २०७७।८।३ गते संसद वैठक आहवान गर्न अनुरोध गरेकोमा राष्ट्रपतिले सो वमोजीम संसदको वैठक पनि वोलाएनन । संसद वैठक आहवान गर्न सांसद र संसदीय दलहरुको अनुरोध वमोजीम काम नगरी प्रधानमन्त्रीको एकल प्रस्तावमा संसद विघटन गर्नु संसदीय मुल्य र मान्यता विपरीत रहेको छ । यसैलाई आधार मानी संसदीय गरिमा जोगाउने उद्देश्यले संसदको आकस्मिक वैठक सभामुखले आहवान गर्ने र सो को जानकारीमात्र राष्ट्रपति कार्यालयलाई गराइदिने ।

१७. वैठकमा नेपाली कांग्रेस, जसपा तथा नेकपा का असन्तुष्ट गरी दुई तिहाई वहुमत सदस्यको उपस्थिति सुनिश्चित गरी विशेष अधिवेशन बोलाउने । विशेष अधिवेशनबाट संसद विघटन को अधिकार प्रधानमन्त्रीको संवैधानिक अधिकार नभएको र प्रधानमन्त्रीले गरेको असंवैधानिक सिफारिशका आधारमा राष्ट्रपतिले संसद विघटन गरेकोले सो कार्यलाई असंवैधानीक घोषणा गर्दै सो सिफारिशलाई सार्वभौमसत्ता सम्पन्न संसदले वदर गर्दै सोको जानकारी राष्ट्रपलिाई गराउदै संसदको विशेषाधिकार प्रयोग गरि प्रधानमन्त्री ले गरेका स्वेच्छाचारी कदमलाई नियन्त्रण गरी प्रधानमन्त्रीमाथि गर्नुपर्ने आवश्यक कारवाहिको प्रकृया संसदीय मान्यता अनुरुप अगाडि वढाउने । हुन त संविधानविदले संविधानमा यस्तो केहि स्पष्ट व्यवस्था नरहेको तर्क गर्न सक्छन तर नेपालकै उदाहरण हेर्नेहो भने विघटित संसदलाई जनआन्दोलन मार्फत पुनर्स्थापित गरेकोमा गिरीजाप्रसाद कोइरालाको राजनितिक अडानको प्रशंशा गरिने गरिन्छ । वर्तमान राजनितिक परिवेशलाई हेर्ने हो भने राजनितिले बाटो विराइसकेकोमा कुनै विवाद छैन । बाटो विराइसकेको राजनितिले दुर्घटना ननिम्त्याओस भन्ने चाहना राख्ने हो भने यसको संवैधानिक बाटोबाट होईन अपितु राजनितिक बाटोबाटै समाधान खोज्नुपर्ने हुन्छ र यसका लागी सभामुखले राजनितिक सुझवुझका साथ ठोस निर्णय लिनु आवश्यक छ साथै त्यसका लागी अन्य राजनतिक दलका महत्वपुर्ण राजनितिक नेतृत्वको सहयोग पनि उत्तिकै महत्वपुर्ण हुनेछ ।

१८.संविधानसभाबाट जारी गरिएको नेपालको पहिलो संविधान यस देशको लागी भने सातौ संविधान हो । संसद विघटनबाट नेपालको संविधान र संविधानवादले एकचोटी फेरी जुन प्रकारको क्षति व्यहोरेको छ त्यसलाई मलमपटटी सर्वोच्च अदालतले कति चाँडो र कसरी गर्छ भन्ने हेर्न आज नेपाली जनता व्यग्र प्रतिक्षामा छन । २००७ को संविधानलाई राणाहरुले तुहाए । २०१७ सालमा राजा महेन्द्रले कु गरे । त्यस्तै ज्ञानेन्द्रले लोकतन्त्रको घाँटी निमोठे । ठयाकै त्यही रोड मयाप अर्न्तगत ओलीले सँसद विघटन गरेका छन्। अहिलेका सम्मपूर्ण उपलब्धीहरु नास हुने गरी गणतन्त्र, संघियता र धर्म निरपेक्षता माथि तरवार झुण्डीएको छ ।

मितिः २०७७ साल पौष २१ गते

## संक्षिप्त समाचार

### रौतहटमा सेनाको स्वास्थ्य शिविर

रौतहट । नेपाली सेनाले राजपुर-९ बैरियामा स्वास्थ्य शिविर गरेको छ । ओपीडी र दाँतका रोगको उपचार सेवा दिइएको एकदिने शिविरमा जँचाउन आउनेको भीड लागेको थियो । नेपाली सेनाको श्रीनम्बर २८ बाहिनी अड्डा जितपुरको टोलीलाई शिविरका लागि औषधि उत्पादक संघ, प्रदेश २ को सामाजिक विकास मन्त्रालय र सैनिक अस्पतालले सघाएको थियो । सेनानी नरबहादुर कार्कीको नेतृत्वमा प्राविधिक सहसेनानी डा. श्रीस्ना प्रधानसहित २२ जना स्वास्थ्यकर्मी सम्मिलित टोलीले स्वास्थ्य परीक्षण र औषधि वितरण गरेको थियो ।

### जलेर बालकको मृत्यु

सिरहा । मिर्चैया नगरपालिका-७ मा बिहीबार आगलागिमा परेर ८ वर्षीय बालकको मृत्यु भएको छ । रसिद राइनको ८ वर्षे छोरा जाविर राईनको जलेर मृत्यु भएको प्रहरीले जनाएको छ । घरमा निदाएको बच्चालाई एक्लै छोडेर आमाबुबा बजार गएका थिए । घरमा बलिरहेको घुरबाट आगलागी भएको प्रहरीले जनाएको छ । प्रहरी र स्थानीयको सहयोगमा साँझ आगलागी नियन्त्रणमा लिएका छन् । आगलागिबाट ५ लाख बराबरको धनमाल पनि क्षति भएको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।

### कोरोना खोपमा भारतको अग्रगामी छलाङ्

काठमाडौं । कोरोना संक्रमणबाट दोस्रो प्रभावित मुलुक भारत, जसले एकैदिन दुईवटा कोरोनाविरुद्धको खोपलाई प्रयोग अनुमति दिएर दक्षिण एसियामा आशालाग्दो सुरुवात गरेको छ । भारत सरकारले आफ्नै उत्पादन भारत बायोटेक कम्पनीको कोभाक्सिन र अक्सफोर्ड युनिभर्सिटीको उत्पादन अष्ट्राजेनिका खोपलाई आइतबार आपतकालीन प्रयोगको अनुमति दिएको हो । दुईवटा खोपलाई अनुमति दिएसँगै भारत कोरोनाविरुद्धको खोप उत्पादन र प्रयोग गर्ने पहिलो दक्षिण एसियाली राष्ट्रमा सूचीकृत भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई भारतको निर्णायक मोडको रुपमा लिएको बताएका छन् । भारतले शनिबार नै ९० हजार स्वास्थ्यकर्मीलाई खोप लिनका लागि तयार हुन आह्वान गरेको थियो यो वर्षभित्र ३० करोड जनतालाई कोरोनाविरुद्धको खोप दिने भारत सरकारको योजना रहेको छ ।

### वीरगन्जमा वृद्धाश्रम बनाइने

वीरगन्ज । प्रदेश नम्बर २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले पर्सा जिल्लाभरि अवलोकन गर्ने क्रममा वीरगंज महानगरपालिका वडा नं.२५ मा ३२ लाखको लगानीमा वृद्धाश्रम बनाउने निर्णय गरिएको छ। साथै गाउँपालिका अव्यवस्थीत अवस्था रहेका शैक्षिक क्षेत्रलाई उकास्ने प्रक्रिया लगायतका जीर्ण अवस्थामा रहेका विद्यालय र मदरसाहरुलाई निर्माण गरिने मन्त्री साहले बताए । प्रदेश सभासद तथा जनता आवासका प्रमुख रमेश प्रसाद कुर्मीको आयोजनामा भएको कार्यकर्ता भेला तथा पर्सा निरीक्षण कार्यक्रम मा सभासद कुर्मीले पर्सा क्षेत्र भित्र रहेका अव्यवस्थीत सडक, नाला, बिजुलीको निर्माण सँग-सँगै विकास को कार्य नियन्त्रण गरिने बताए ।

### नियन्त्रित लागूऔषधसहित पक्राउ

मोरङ । लेटाङ नगरपालिका-२ स्थित चिसाङ पुलबाट नियन्त्रित लागूऔषध २० पिस फेनेरामाइन, २० पिस फेनारगन, २० पिस लुपिजेसिक र १९ पिस डाइजेल्याब सहित ४ जनालाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही नगरपालिका(४ बस्ने २६ वर्षीय बिकेन राई, २५ वर्षीय राज कुमार लिम्बु, १६ वर्षीय किशोर र सोही नगरपालिका(३ बस्ने २२ वर्षीया अनु राई रहेका छन् । ईलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा उनीहरूलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

### दुई मोटरसाइकल ठोक्किादा एकको मृत्यु

कपिलवस्तु । शिवराज नगरपालिका-१ स्थित सडकमा बा.९५ प ६२२६ नम्बरको मोटरसाइकल र लु.५ प ८१९५ नम्बरको मोटरसाइकल आपसमा ठक्कर खाई मंगलबार राति दुर्घटना हुँदा लु.५ प ८१९५ नम्बरको मोटरसाइकल चालक शिवराज नगरपालिका-९ भगवानपुर बस्ने २५ वर्षीय ओम प्रकाश चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको स्थानीय संजिबनी अस्पताल चन्द्रौटा हुँदै बुटवलमा थप उपचारको क्रममा मृत्यु भएको हो । दुर्घटनामा घाइते भएका बा.९५ प ६२२६ नम्बरको मोटरसाइकल चालक शिवराज नगरपालिका(५ समितीचोक बस्ने २२ वर्षीय बिक्रम गौतमको बुटवलमा उपचार भईरहेको छ ।

### विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ

बाँके । बाल यौन दुरुपयोग मुद्दाका फरार प्रतिवादी कोहलपुर नगरपालिका-१ बस्ने आकाश सार्कीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत बाँकेको २०७५ फागुन २९ गतेको फैसलाले बाल यौन दुरुपयोग मुद्दामा ६ महिना कैद सजाय भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यसैगरी चोरी मुद्दाका फरार प्रतिवादी बाँके कोहलपुर नगरपालिका( ११ बस्ने सुरज परियारलाई सोमबार प्रहरीले पक्राउ गरेको छ। जिल्ला अदालत बाँकेको २०७५ पुस १० गतेको फैसलाले चोरी मुद्दामा ११ दिन कैद र १५ हजार रुपैयाँ जरिवाना भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । दुवै जनालाई जिल्ला अदालत बाँकेमा बुझाइने जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### प्लाइउड फेक्ट्रीमा आगलागी

बाँके । कोहलपुर नगरपालिका-१४ ठाडागाँउस्थित दाङ तुल्सिपुर उपमहानगरपालिका-१९ बस्ने चाणक्य आचार्य सहित ३ जनाले संचालन गरेको प्लाईउड फेक्ट्रीमा गएराति आगलागी भएको छ। आगलागीबाट भएको लाखौंको धनमाल जलेर नष्ट भएको जनाइएको छ। स्थानीय बासिन्दाको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### टोलीद्वारा चोरीपैठारीको सामानसहित पक्राउ

कैलाली । कैलाली जिल्लाको टिकापुर नगरपालिका ८ बनगाउँ स्थित सीमा ईलाकाबाट एपीएफ टोलीले करीव ६ लाख २५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको कस्मेटिक सामान र लत्ताकपडासहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही जिल्लाको टिकापुर नगरपालिका २ विजयनगर बस्ने २३ वर्षिय रन्जु चौधरी र सोही नगरपालिका १ बस्ने २२ वर्षिय सागर चौधरी छन्। भारतबाट से १ च २१४८ नम्बरको बलेरो जीपमा राखी अवैध रुपले नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा उक्त सामानसहित उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट खक्रौलाबाट खटिएको एपीएफ टोलीले पक्राउ गरेको हो। त्यसवेला उल्लेखित सामान ल्याउन प्रयोग भएको उक्त बलेरो जीप समेत बरामद गरेको छ। बरामद जीपको भन्सार दाखिला मुल्य ९ लाख रुपैयाँ रहेको छ।

### सात किलो चरेससहित पक्राउ

कैलाली । गोदावरी नगरपालिका-२ रिङरोडस्थित न्यु जानकी होटल एण्ड लजका संचालक कञ्चनपुर कृष्णपुर नगरपालिका-१ दोमेल्ला बस्ने २९ वर्षीय बल बहादुर धामीलाई करीब ७ किलो अवैध लागूऔषध चरेश सहित सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। धामीको होटलमा लागूऔषध चरेशको कारोबार भइरहेको सूचनाको आधारमा सुदूर पश्चिम प्रदेश प्रहरी कार्यालय र ईलाका प्रहरी कार्यालय अत्तरियाबाट खटिएको प्रहरीले उक्त होटलमा लुकाई राखेको अवस्थामा उक्त लागूऔषध चरेश फेला पारी उनलाई पक्राउ गरेको हो।

### ट्याक्टर र मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

मोरङ । रतुवामाई नगरपालिका(६ कादुपाडाचोक स्थितमा को.२ त १२९२ नम्बरको ट्याक्टर र को.१५ प १४०७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक सोही ठाउँ बस्ने १९ वर्षीय ज्ञानु भुसालको सोमबार साँझ मृत्यु भएको छ। दुर्घटनामा गम्भीर घाइते भएका उनको अरनिको अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो। ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# नेपाल-भारत पाइपलाइनबाट साढे एक अर्ब बचत

काठमाडौं । नेपाल आयल निगमले गत वर्षदेखि सञ्चालनमा ल्याएको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनबाट रु साढे एक अर्ब बचत गरेको छ ।
निगमले सार्वजनिक गरेको गत आर्थिक वर्ष २०७६/७७ को वार्षिक आर्थिक प्रतिवेदनअनुसार २०७६ भदौदेखि २०७७ असारसम्मको १० महिनामा ढुवानीबापतको रु एक अर्ब ४७ करोड बचत भएको हो । उक्त प्रतिवेदनअनुसार प्रति महिना पाइपलाइनमार्फत इन्धन ढुवानी हुँदा रु १४ करोड ७० लाख बचत हुँदै आएको छ । गत वर्षको भदौ २४ गतेबाट मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन सञ्चालनमा आएको थियो । इन्डियन आयल कर्पोरेसन (आईओसी) बाट ट्याङ्करमार्फत इन्धन ढुवानी गर्दै आएको निगमले गत वर्षबाट पाइपलाइनमार्फत डिजेल ढुवानी शुरु गरेका थियो । पाइपलाइनमार्फत डिजेल ढुवानी गर्न थालेपछि ठूलो रकम बचत हुन थालेको निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेलले जानकारी दिए ।
उनका अनुसार अन्तर्राष्ट्रिय बजारमा पछिल्ला वर्ष इन्धनको मूल्य घट्नु र निगमले स्वचालित मूल्य प्रणाली लागू गर्दै गएपछि नाफामा वृद्धि भएको हो । इन्धनको ढुवानी रकम बचत हुनुका साथै अघिल्लो वर्षको नाफा रकमको ब्याजबाट समेत नाफा बढाउन सहयोग पुगेको प्रतिवेदनमा उल्लेख छ । पाइपलाइन सञ्चालनको शुरुआती दिनमा कम मात्रामा डिजेल आयात भएकामा हाल उल्लेख्य मात्रामा आयात भएको निगमले जनाएको छ ।
लामो समयदेखि घाटामा रहेको निगम आर्थिक वर्ष २०७२/०७३ देखि (पाँच वर्ष यता) नाफामा सञ्चालन भइरहेको छ । निगमले आव २०७२/०७३ मा रु १९ अर्ब ३६ करोड, आव २०७३/०७४ मा रु नौ अर्ब ४५ करोड, २०७४/०७५ मा रु तीन अर्ब ५८ करोड, २०७५/०७६ मा आठ अर्ब ७५ करोड र गत आव २०७६/०७७ मा रु १२ अर्ब ८७ करोड नाफा कमाएको छ ।

# ‘कोभिड-१९ खोपको खरिद तथा आपूर्तिमा सहकार्य गर्न तयार’

काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्राले स्वास्थ्य तथा जनसंख्यामन्त्री हृदयेश त्रिपाठीसँग मन्त्रालय पुगेर भेटवार्ता गरेका छन् ।
मन्त्री त्रिपाठीसँग भेटवार्ता गर्ने क्रममा भारतीय राजदूत क्वात्राले कोभिड-१९ खोपको खरिद तथा आपूर्तिमा सहकार्य गर्न भारत तयार रहेको प्रतिबद्धता व्यक्त गरेका हुन् । जवाफमा मन्त्री त्रिपाठीले कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि भारतको सहयोगका लागि धन्यवाद दिएको मन्त्रालयका एक प्रतिनिधिले बताए ।
विश्वमा विभिन्न संस्थाहरुसँग संलग्न भएर भारतले कोरोना भाइरस विरुद्धको खोपको परीक्षण गरिरहेको छ । र, नेपाल सरकारले पनि भारत सरकारलाई खोप आउनेबित्तिकै नेपाललाई सहयोग गर्नका लागि आग्रह गरिसकेको छ ।
उक्त भेटमा राजदूत क्वात्राले भारतले खोप लगायत महामारीको सामना गर्ने साझा प्रयासहरुमा नेपाल सरकार, स्वास्थ्यकर्मी र नेपालका जनतालाई भारतको निरन्तर समर्थन रहने प्रतिबद्धता दोहोर्‍याएको दूतावासका प्रवक्ता नविन कुमारले जानकारी दिए ।
प्रधानमन्त्री केपी शर्मा ओलीले आफू कामचलाउ सरकार भएपछि गरेको मन्त्रिपरिषद् विस्तारका दौरानमा त्रिपाठीलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्वास्थ्य मन्त्रालयमा पठाएका छन् ।


## नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

### यसबाट बच्ने उपायहरु :

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको ‘रेकर्ड’ राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

**प्रदेश सरकार**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

**प्रदेश नं. २, धनुषा, नेपाल**

सम्पर्क नं. : ०४१५२२३५०

इमेल : malcprovince2@gmail.com


# सीताराम मार्गको बहस



राकेशप्रसाद चौधरी

धार्मिक ग्रंथ रामायणमा चर्चा गरिएको अयोध्या नगरीको विषयमा थप अध्ययन हुन थालेको छ । भारतमा रहेको अयोध्या रामायणकालीन नै भएको अन्तर्राष्ट्रिय मान्यतालाई नेपालमा रहेको अयोध्याबारेको खोज र अनुसन्धानले चुनौती दिने विषयमाथिको बहस केही बर्षपछि अवश्य नै हुनेछ । अहिले चर्चा हुने गरेको धार्मिक एवं ग्रामिण पर्यटनमा रामायणकालीन मार्गको विषय उठान गरिनु अपयुक्त लागेको छ ।

रामायणकालीन जनकपुर र अयोध्याबीचको मार्गको चर्चा अझैसम्म कायम छ । अर्थात जनकपुरमा मनाइने रामजानकी बिवाहोत्सवमा अयोध्याबाट आउने जन्ती झाँकीले प्रयोग गर्ने मार्गको अत्याधिक चर्चा हुने गर्दछ । भारत सरकारले रामायण सर्किट भनेर चर्चा थालेको धेरै भइसकेको छ । तर वर्तमान अवस्थामा जनकपुरबाट अयोध्यासम्म पुग्ने बसले प्रयोग गर्ने मार्ग पक्कै रामायणकालीन नरहेकोमा दाबी गर्न सकिन्छ । रामायणमा चर्चा गरिएको मार्ग धार्मिक पर्यटनको हिसाबले उपयुक्त रह्यो ।

रामजानकी बिवाहोत्सव नाम दिइएपनि रामका तीन भाई लक्ष्मण, भरत र सत्रुधन र सीताकी तीन बहिनी उर्मिला, माण्डवी र श्रृतिकीर्तीको बिवाह र बिदाई एकसाथ भएको थियो । रामायणमा रामको यशगान रहेकोले रामायण सर्किटमा बेहुलीहरुसहित जन्ती फर्किएको मार्गको अध्ययन अनुसन्धानमा बेबास्ता भएको मान्न सकिन्छ ।

जनकपुत्री सीताको बिवाहोत्सवमा मण्डपको वेदी बनाउन माटो लगिएको मृतखनी वर्तनको मटिहानी हो भने त्यस समयको महेशपुर अहिलेको जलेश्वर हो । सीताको स्वयंवरमा राखिएको धनुषलाई धुन नित्यदिन प्रयोग हुने जलको कुण्ड पुरन धोइ सरोवरको नाम पुरन्धर सर भइसकेको छ । जन्तीहरुको लागि एकत्र गरिएको अन्न राखिएको ठाउँ अहिले अनैठा, सुन भण्डारण भएको ठाउँ सोनागढी (हालको सोनउखडा), जन्तीलाई रोकेर राखिएको ठाउँ ठाँडी हो । बिवाहोत्सवपश्चात जनकपुरबाट



*सीताराम मार्गबारे महोत्तरी गाउँपालिका अध्यक्ष सुनिल कुमार रायसँग छलफल गर्दै स्तम्भकार ।*

रहेकोमा दुईमत छैन ।

समय समयमा चर्चा हुने रामायण सर्किटले जंगली अवस्थामा अयोध्याबाट भगवान रामले गुरु बशिष्ठका साथ जनकपुरसम्म तय गरेको मार्गको बिकास गर्ने योजना अनुसार काम गरिरहेको छ । त्यही रामजानकी बिवाहोत्सवका लागि जन्ती आएको र बेहुलीसहित फर्किएको मार्गबारे रामायण सर्किटमा खासै चर्चा गरिएको छैन । यस विषयमा चर्चा गर्न नेपाल र भारत सरकारले चाँसो नदेखाए पनि स्थानीयस्तरबाट पहल भइसकेको छ । यसबर्ष कोभिड१९ को कारण हंसानन्द गिरीको नेतृत्वमा संत तथा साध्वीहरुको २८ जनाको समूह मात्र अयोध्याबाट जनकपुर आउनुभएको थियो । यस जन्तीको एक मात्र उद्देश्य बिवाहोत्सवपछि डोलीमा बसेर सीतालाई अयोध्या लगिएको मार्गको पहिचान गर्नु बेहुलीहरुको डोली एकछिन ठाँडीमा रोकिएर जलेश्वर महादेवको दर्शन गरि पंथपाखरमा बिश्राम भएको मानिन्छ ।

अयोध्याबाट आउनुभएका संत हंसानन्द गिरीले जनकपुरबाट आउने क्रममा मटिहानीको मार्ग प्रयोग गर्दै फर्किने क्रममा ठाँडी र जलेश्वरमा एक/एक रात बिश्राम गरि भारत बिहारको बथनाहा प्रखंडमा रहेको पंथपाखरमा पुग्नुभयो । हंसानन्द गिरीको उद्देश्य थाहा पाउनुभएका महोत्तरी गाउँपालिका अध्यक्ष सुनिल कुमार रायले आफ्नो क्षेत्रमा स्वागत र व्यवस्थापन गर्नुभयो । नेपालमा सानो जन्तीको समूहलाई मटिहानीका मानमहन्थ जगन्नाथ दास, मेयर हरिप्रसाद मण्डल, जलेश्वरका मेयर रामशंकर मिश्र, राजनारायण साहसहितका व्यक्तिहरुले आ-आफ्नो क्षेत्रमा स्वागत तथा व्यवस्थापनमा कुनै कसर बाँकि राखेनन् ।

कोभिडको कारण नेपाल भारत सीमानामा निजी सवारीसाधनको आवागमन बन्द रहेपनि दुबैतर्फका जिल्लाधिकारीको पहलमा भारतीय नम्बर प्लेटको सवारीसाधन नेपाल प्रवेश गर्न सफल भएको थियो । काठमाडौं र दिल्लीले दिएकै अधिकारको उपयोग गर्दै विपद्को बेला धर्म,संस्कृति र परम्पराको पालना गर्नु नितान्त आवश्यक रहेको कुरा जिल्लाधिकारीहरुले बुझेकै कारण बिशेषाधिकार प्रयोग गर्नुभयो ।

गिरीसँग अत्याधिक समय साथ रहेको महोत्तरी गाउँपालिकाका अध्यक्ष रायले पंक्तिकारसँग बिवाहोत्सवको समयमा अयोध्याबाट जनकपुर आउने जन्ती सोनागढी, अनैठा, ठाँडी, रतवार हुँदै जलेश्वरसम्म फर्किने वातावरण मिलाउन तत्पर रहने बताउनुभयो । जनकपुरदेखि जलेश्वरसम्मको भित्री ग्रामिण सडकको नामाकरण बृहत जलेश्वर सीताराम मार्ग राख्दा उपयुक्त हुने देखिन्छ । पर्यटन पूर्वाधार बिकासमा यो मार्गले टेवा पुर्‍याउने आंकलन गर्न सकिन्छ । यो मार्गमा रामायण वर्णन भएका बाहेक राजा चेदीकालिन, राजा नान्यकालिन तथा राजा पूरादित्यकालिन गढ एवं मूतिहरु हेर्न सकिन्छ । जलेश्वरलाई सतयुगदेखि कलयुगको संगम नै भन्निछ । यो मार्गको नामाकरण र बिकासको लागि प्रदेश सरकारले तत्काल पहल गर्नु उचित देखिन्छ ।

बिवाहोत्सवको अवसरमा स्वामी हंसानन्द गिरी नेपाल प्रवेश गरेदेखि भारतीय छापा मेडियामा सीताराम मार्गको बहस शुरु भइसकेको छ । यो बहसलाई आफ्नो अनुकूल बनाउन मटिहानी, पिपरा, जनकपुर, लोहारपट्टि, महोत्तरी र जलेश्वरका स्थानीय सरकारहरुबीच एकमत हुनु आवश्यक छ । त्यही मटिहानी, पिपरा, महोत्तरी र जलेश्वर जोड्ने ग्रामिण पर्यटन मार्गको विषयमा समेत बहस आवश्यक छ । मटिहानी हुँदै विद्यापति गढ, सोनागढी, ठाँडी, रतवारा र जलेश्वर हुँदै सुगा, मटिहानी जोड्ने पर्यटन चक्रपथको लागि तत्काल छलफल गर्न आवश्यक छ ।


## नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

### यसबाट बच्ने उपायहरु :

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- ० अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- ० खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ० ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**


16-38, Madheshvani, Pus-24, 2077.pmd 6 1/8/2021, 10:00 AM

## विश्व परिवेश

# भारतमा कोरोनाविरुद्धका दुई खोपलाई अनुमति

काठमाडौं । भारतमै बनेको कोरोना भाइरसविरुद्धका २ खोपलाई स्वास्थ्य अधिकारीहरुले अनुमति दिएका छन् । अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनेकाले विकास गरेको र भारतकै औषधि कम्पनी भारत बायोटेकले बनाएको खोपलाई आपतकालिन प्रयोगका लागि अनुमति दिईएको हो ।

आइतबारको प्रेस ब्रिफिङमा बोल्दै औषधि नियन्त्रक जनरल डा. भेणुगोपाल जी सोमानीले दुवै खोप दुई डोजमा दिइने बताएका छन् ।

अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनेकाले विकास गरेको खोप भारतमा सेरम इन्सिटट्युटले उत्पादन गरिरहेको छ भने भारत बायोटेकले आफै खोप विकास गरेको हो ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आपतकालिन प्रयोगका लागि दुई खोपलाई अनुमति मिलेको कुरा गौरवमय भएको बताउँदै यो आत्मनिर्भर भारतको महत्वपूर्ण कदम भएको बताएका छन् ।

१.३ अर्ब जनसंख्या भएको भारतमा पहिलो चरणमा ३० करोड नागरिकलाई खोप लगाउने योजना रहेको छ । जसअन्तर्गत फ्रन्टलाइनमा काम गर्ने कर्मचारी र जोखिम समुहका नागरिकहरु रहनेछन् ।

विश्वकै सबैभन्दा ठूलो औषधि उत्पादन गर्ने कम्पनीका रुपमा रहेको सेरम इन्सिटट्युट अफ इन्डियाले एस्ट्रेजेकासँग अर्बौं डोज खोप उत्पादनका लागि सम्झौता गरेको थियो ।

इन्स्च्युटका कार्यकारी प्रमुख अदर पुनावालाले ट्विट गर्दै खोपले अनुमति पाएसँगै आउँदा हप्ताभित्रै खोप अभियान सुरु हुने बताएका छन् ।

यो कम्पनीले उत्पादन गरेको खोप अहिलेसम्मको परीक्षणमा सुरक्षीत र पूर्णरुपमा प्रभावकारी रहेको बताइएको छ । शरिरमा कुनै अन्य असर नगरी यो खोपले कोरोनाभाइरविरुद्ध एन्टीबडी तयार पारेको परीक्षणले देखाएको छ ।

# भत्काइएको हिन्दू मन्दिरलाई पुन: निर्माण गर्न आदेश

काठमाडौं । पाकिस्तानका सर्वोच्च अदालतले मुस्लिम समूदायद्वारा पछिल्लो साता भत्काइएको हिन्दू मन्दिरलाई पुनः निर्माण गर्न आदेश जारी गरेको छ । मंगलबार पाकिस्तानको राजधानीमा रहेका सर्वोच्च अदालतका प्रधानन्यायधिश गुलजार अहमदको इजलासले श्री परम्हंश जी महाराजको हिन्दू मन्दिरलाई पुनः निर्माण गर्न आदेश दिएका हुन् ।

प्रधानन्यायाधीशले उक्त घटनालाई घटाउने स्थानीय नेतालाई कारवाही गर्ने समेत आदेश दिएका हुन् । ३० डिसेम्बरमा कराक जिल्ला स्थीत रहेको हिन्दू मन्दिर भत्काउन हजारौको संख्यामा मुस्लिम जमात ओर्लिएको थियो । ओर्लिएको जमातले मन्दिरलाई भत्काएको र पछि आगो लगाएको भिडियोको आधारमा अदालत मन्दिरलाई पुनः निर्माण गर्न आदेश जारी गरेको हो ।

मन्दिर सन् १९२० मा बनाइएको थियो । र, केही विवादका कारण मन्दिर बन्द अवस्थामा रहेको थियो । सो मन्दिर अदालतको आदेशानुसार सन् २०१५ मा खुल्ला गरिएको थियो । पाकिस्तानमा ३५ लाख हिन्दू समूदायका वासीहरु बसोवास गर्ने गर्छन् । समुदायलाई लिए विवाद सिर्जना गर्ने प्रति पाकिस्तान सरकार शख्त रहेको जनाइएको छ । कुनै पनि पवित्र स्थलको उति नै महत्व रहेको कारण सो मन्दिरलाई पुनः निर्माण गर्न आदेश जारी गरिएको छ । उक्त विषयमा सर्वोच्चले अगामी सुनवाई जनवरी १९ मा गर्ने छ । मन्दिरलाई प्रान्तको कोषबाट पुनः निर्माण गरिने जनाइएको छ ।

# चीनलाई टक्कर दिन लडाकु विमान र मिसाइल बनाउँदै जापान

काठमाडौं । रक्षा क्षेत्रमा यस वर्ष एतिहासिक बजेट छुट्याएको जापानले पाइलटविहिन लडाकु विमान र मिसाइलको निमार्ण गर्ने भएको छ । चीनक बढ्दो आक्रमकतालाई टक्कर दिन जापानले रक्षा क्षेत्रका लागि यस वर्ष ५१.७ अर्ब अमेरिकी डलर बजेट विनियोजन गरेको थियो ।

सोही अनुसार सन् २०३५ सम्ममा प्रयोगमा ल्याउन सकिने किसिमले पाइलटविहिन र रिमोटबाट नियन्त्रण गर्न सकिने मिसाइल र विमान बनाउँन लागेको हो । चिनियाँ सैन्य स्थापना र उपकरणहरुलाई जित्न जापानको रक्षा विभागले तीन चरणमा लडाकु ड्रोन बनाउँदै छ ।

जसअन्तर्गत पहिलोमा रिमोटबाट नियन्त्रण गर्न सकिने ड्रोन बनाउँनेछ ,यस्ता धेरै ड्रोनहरुलाई नियन्त्रणगर्न सक्ने मानवप्रसारित अर्को विमान बनाउँने र तेस्रोमा पूर्ण मानवरहित र स्वायत्त स्क्वाड्रोनहरु बनाउँनेछ ।

यस्ता मिसाइलहरुमा जापानले आर्टिफिसियल इन्टेलिजेन्सीको प्रयोग गर्ने भएको छ । लामो समयदेखि शान्तिवाद रहिआएको जापानलाई सैन्य क्षेत्रलाई शक्तिशाली बनाउँने सिन्जो आबेको भिजनअनुसार यस्ता मिसाइल बनाइन लागेको हो ।

वर्षौंदेखि शान्तिवाद अपनाएर बसेको टोकियोले अहिले चीनलाई नियन्त्रणमै राख्नु पर्ने स्थिती देखेपछि रोबटिक एवं अत्याधुनिक किसिमका मिसाइल एवं हतियार बनाउँन थालेको बताइन्छ ।

शान्तिवादकै कारण जापानले सैन्य क्षेत्रलाई ठूलो विस्तारीकरण गरेको छैन् । यसै कारण जापानले रोबटिकर आर्टिफिसियल इन्टेलिजेन्सीको प्रयोग बढाउँदै लडाकु मिसाइल निमार्ण गर्न थालेको हो ।

जापानले मानवरहित डिफेन्स सिस्टम, मिसाइल, विमान एवं ड्रोन बनाउँने प्रकृयामा अघि बढ्दा चीनका लागि भने यो टाउँको दुखाईको विषय बन्ने देखिन्छ ।

जापानको सैन्य क्षेत्र शक्तिशाली हुनुले इन्डोप्यासिफिकमा शान्ति र स्थितरताका लागि भने महत्वपूर्ण भुमिका निर्वाह गर्नेछ ।

# जम्मु काश्मिरका १५ लाख परिवारलाई मोदीले दिए स्वास्थ्य बिमा

काठमाडौं । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो दोस्रो कार्यकालमा संघ प्रशासित जम्मु काश्मिरका नागरिक स्वास्थ्यलाई प्राथमिकतामा राखेका छन् । उनको प्राथमिकीकरण आयुष्मान भारत स्वास्थ्य बिमा योजना सुरुवात गरेबाट समेत देखिएको छ । जम्मु काश्मीरका सम्पूर्ण नागरिकलाई लाभ पुर्याउने उद्धेश्यले प्रधानमन्त्री मोदीले यो योजनाको सुरुवात गरेका हुन् । भर्चुअल माध्यमबाट गरिएको कार्यक्रममा भारतीय गृहमन्त्री अमित शाह र जम्मु(कश्मीरका उपराज्यपाल मनोज सिन्हा पनि सहभागी भएका थिए । यस योजनाले विश्वव्यापी स्वास्थ्य कभरेजलाई सुनिश्चित गर्ने, वित्तीय जोखिम संरक्षण प्रदान गर्ने र सबै व्यक्ति र समुदायहरूलाई गुणस्तर र सुलभ स्वास्थ्य सेवाहरू सुनिश्चित गर्न लक्ष्य लिएको भारतीय संचार माध्यमहरुले जनाएका छन् ।

यस योजनाले संघ प्रशासित जम्मु काश्मीरका सबै नागरिकहरुलाई निःशुल्क बीमा गरिदिने भएको छ । जम्मु काश्मीरका सबै बासिन्दाहरूलाई फ्लोटर आधारमा प्रति परिवार ५ लाखसम्मको आर्थिक सहायता प्रदान गर्नेसमेत जनाइएको छ । यस योजनाअन्तर्गत करिब १५ लाख परिवारहरु लाभान्वित हुने अपेक्षा गरिएको छ ।

## अल्पसंख्यकहरूको चीनद्वारा श्रम शोषण

नयाँ दिल्ली । चीनले सयौं हजार उइगर र अल्पसंख्यक समुदायका मानिसहरुको श्रम शोषण गरिरहेको छ । पछिल्लो समय प्रकाशित भएको बीबीसीको अनुसन्धान प्रतिवेदनका अनुसार उइगर र अल्पसंख्यकहरुलाई जबरजस्ती श्रम शोषण गर्ने काम गरिरहेका छन् । चीनले विश्वको पाँचौं ठूलो कपास कारखानामा त्यस्ता श्रमिकहरुलाई निर्यात गर्ने गरेको पाइएको छ । त्यहाँ उत्पादित फेसनहरु विश्वबजारमा निर्यात भइरहेको छ । मानिसहरू डिसेम्बर २२, २०१९ मा हङकङको र्‍यालीमा उइगर अल्पसंख्यकहरुको समर्थन गरिएको थियो । तर, चीनलाई हङकङको स्वायत्तता र स्वन्त्रता नै खोसि दिएको छ । हङकङको दंगा प्रहरीले कथित रूपमा चीनले सयौं हजार उइगरहरूले सिन्जियाङ क्षेत्रमा कपास उत्पादन गर्न श्रम शोषण गर्ने थालेको बीबीसीको दावी छ । बीबीसीले दिएको एक नयाँ रिपोर्टमा चीनले सिन्जियाङ क्षेत्रमा हजारौं उइगरले कपास उत्पादन गर्ने गरेको बताएको छ । उइगरसँगै अन्य अल्पसंख्यकहरूलाई पनि जबरजस्ती म्यानुअल श्रममा धकेलिएको छ । उक्त प्रतिवेदनहरुका अनुसार कपास छनोट गर्न चीनले अल्पसंख्यकहरूको प्रयोग गरिरहेको छ । चिनियाँ कपासले विश्वव्यापी आपूर्तिको पाँचौं हिस्सा ओगटेको छ र विश्व फेसन उद्योगको लागि प्रदान गर्दछ ।

## कोरोना खोप निर्यातमा प्रतिबन्ध

काठमाडौं । भारतले कोरोना भाइरसविरूद्धको खोप केही महिनासम्म निर्यात नगर्ने भएको छ। अक्सफोर्ड र अष्ट्राजेन्काले बनाएको खोप उत्पादन गर्ने अनुमति पाएको सेरम इन्स्टिच्युट अफ इन्डियाका प्रमुखले अझै केही महिना खोप भारतबाहिर नपठाउने बताएका छन्। सेरम संसारकै ठूलो खोप उत्पादक कम्पनी हो । उसले गरिब मुलुकका लागि १ अर्ब डोज खोप उत्पादन गर्ने सम्झौता गरेको छ । समाचार संस्था एपीसँग कुरा गर्दै सेरमका सिइओ आदर पुनावालाले भारत सरकारले तत्काल खोप बाहिरी मुलुकमा नपठाउने सर्त आइतबार खोपलाई अनुमति स्वीकृति दिएको बताए । उनका अनुसार सेरमले खोप तत्काल निजी बजारलाई पनि बेच्ने छैन । 'अहिले हामी भारत सरकारलाई मात्र खोप उपलब्ध गराउन सक्छौं,' उनले भने । भारत सरकारको यस्तो निर्णयले गरिब मुलुकहरूलाई खोप दिलाउने विश्व स्वास्थ्य संगठनको कार्यक्रम कोभ्याक्सलाई असर पर्ने भएको छ । नेपालले खोप लगाउन आवश्यक जनसंख्याको २० प्रतिशतलाई पुग्ने गरी कोभ्याक्सबाट खोप ल्याउने तयारी गरिरहेको छ । सेरमले भारत सरकारलाई प्रति डोज २०० भारूका दरले १० करोड डोज खोप दिन लागेको छ ।

लैंगिक हिंसा अन्त्यको प्रतिबद्धताः
व्यक्ति, समाज र सबैको ऐक्यबद्धता

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## न्यूमोसिल सार्वजनिक

नयाँ दिल्ली । भारतका स्वास्थ्यमन्त्री हर्षबर्धनले बिल र मेलिन्डा गेट्स फाउन्डेशनको साझेदारीमा भारतको सिरम इन्स्टिच्युटले विकसित गरेको न्यूमोकोकल कन्जुगेट भ्याक्सिन 'न्यूमोसिल' सार्वजनिक गरेका छन् ।

विश्वको सबैभन्दा ठूलो खोप उत्पादक र भारतको अर्थतन्त्रमा ठूलो योगदान गरेको भारतको सिरम इन्स्टिच्युट अफ इण्डिया प्राइभेट लिमिटेड (एसआईआईपीएल)को खोपलाई मान्यता दिँदै स्वास्थ्यमन्त्री हर्षबर्धनले यो खोप विश्वका १७० भन्दा मुलुकमा प्रयोग गरिने बताएका छन् ।

विश्वका हरेक तेस्रो व्यक्तिलाई यो खोप लगाइने बताइएको छ । भारतीय स्वास्थ्य मन्त्रालयले एक विज्ञप्तिमा उत्पादकहरुले यसको उत्पादनमा वृद्धि गर्नुपर्ने जनाएको छ ।

मन्त्रीले पनि 'एसआईआईपीएल'ले प्रधानमन्त्री नरेन्द्र मोदीको आत्मनिर्भर भारतको दर्शन अनुरुप नै कोभिड १९ महामारीको बीचमा पनि सरकारबाट पहिलो स्वदेशी न्यूमोकोकल कन्जुगेट भ्यासीन (पीसीभी) ले लाइसेन्स प्राप्त गरेको बताएका छन् ।

सीरम संस्थानको पहिलो स्वदेशी न्यूमोकोकल कन्जुगेट भ्याक्सिन एकल डोज (वायल र प्रिभरी सिरिन्ज) र मल्टि डोज (शीशिक) मा उपलब्ध छ। सस्तो मूल्यमा उपलब्ध हुने औषधी 'न्यूमोसिल' ब्राण्डमा बजारमा उपलब्ध हुने भएको हो ।

## जिल्ला समाचार

### प्रहरी निरीक्षक पुरी 'पुलिस अफ द मन्थ'

वीरगञ्ज । वडा प्रहरी कार्यालय विर्ता वीरगञ्जमा कार्यरत प्रहरी निरीक्षक राजेश राज पुरी पर्सा जिल्ला कै उत्कृष्ट प्रहरीका रुपमा सम्मानित भएका छन् । पछिल्लो एक महिनाको अवधिमा प्रहरी निरीक्षकका रुपमा उनले अपराध नियन्त्रण, शान्ति सुरक्षा र प्रहरी परिचालनमा उल्लेखनीय कार्य गरेकोले प्रहरी निरीक्षक पुरीलाई जिल्लाको उत्कृष्ट प्रहरीका रुपमा सम्मानित गर्दै (पुलिस अफ द मन्थ) उल्लेखित सम्मान पत्र हस्तान्तरण गरेका हुन् । एक कार्यक्रमको आयोजना गरि पर्साका प्रहरी प्रमुख प्रहरी उपरिक्षक गङ्गा पन्तले उनलाई सम्मान पत्र हस्तान्तरण गरेर सम्मान गरेका हुन् । पुरी गएको असोज महिनाको १८ गतेबाट वडा प्रहरी कार्यालय विर्ताको प्रहरी निरीक्षकको रुपमा दरबन्दी भई आफ्नो कार्यभार इमान्दारीपूर्वक सम्हाल्दै आएका छन् । उनीले जघन्य प्रकृतिका अपराध नियन्त्रण गर्नुका साथै अवैध हतियार पक्राउ, लागूऔषध पक्राउ, चाँदी पक्राउ, विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ, चोरी निकासीमा नियन्त्रण, सवारी दुर्घटना न्युनिकरण जस्ता कार्यहरुलाई निस्तेज बनाउन उलेखनिय कार्य गरेका छन् । पुरीले कम समयमा बढी घटनाहरु न्युनिकरण गर्न सफल भएका छन् भने राज्यलाई उल्लेखनीय मात्रामा राजश्व संकलन गर्ने समेत सहयोग पुऱ्याएका छन् । उनले समाजमा शान्ति सुरक्षा कायम गर्नमा विशेष ध्यान दिई समय-समयमा विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरु समेत गर्ने गरेकोले उनलाई २०७७ साल मंसिर महिनाको उत्कृष्ट प्रहरी (पुलिस अफ द मन्थ) को रुपमा सम्मान गरिएको छ ।

### ११ हजार घुससहित पक्राउ

जनकपुरधाम । सर्लाहीमा सेवाग्राहीसँग घुस लिएका दुईजनालाई अख्यितारको टोलीले नियन्त्रणमा लिएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान अयोगको कार्यालय बर्दिबासबाट खटेको टोलीले मालपोत कार्यालय हरिवनका नायव सुब्बा बेदनिधि बराल र लेखापढी व्यवसायी हरिवन नगरपालिका वडा नं. २ का राम सुन्दर महतोलाई ११ हजार घुस सहित नियन्त्रणमा लिएको अख्तियारको बर्दिबासको कार्यालयले जनाएको छ । जग्गाधनी दर्ता प्रमाण पत्र लालपुर्जामा नाम संशोधन वापत सेवाग्राहीसँग अतिरिक्त रकम माग गरेको सूचना एवं उजुरीको आधारमा बर्दिवासबाट खटेको टोलीले लेखापढी व्यवसायी महतोलाई सेवाग्राहीबाट ११ हजार रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएका छन् भने नायब सुब्बा बराललाई मालपोत कार्यालय, हरिवन, सर्लाहीबाट नियन्त्रणमा लिएका छन् । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको छ अख्तियारको कार्यालय बर्दिबासले जनाएको छ ।

### सर्लाहीमा नौ बिगाहाको गाँजा नष्ट

सर्लाहि । प्रमुख जिल्ला अधिकारी (सिडियो)को नेतृत्वमा गएको प्रहरी टोलीले सोमबार सर्लाहीको नारायणखोलामा करिव नौं बिगाहमा लगाएको अवैध लागूऔषध गाँजा खेती नष्ट गरेको छ । चुरेक्षेत्रस्थित लालबन्दी नगरपालिका वडा नं. १४ मा पर्ने जिल्लाकै दुर्गम भेग नारायणखोलामा व्यावसायिक हिसावले ठूलो क्षेत्रफलमा गाँजा खेती भइरहेको सूचना पाएर सर्लाहीका प्रमुख जिल्ला अधिकारी (सिडियो) सुरेन्द्र पौडेल नेतृत्वको सुरक्षाकर्मीको जम्बो टोली त्यहाँ पुगेको हो । प्रहरी उपरीक्षक सन्तोष सिंह राठौरले त्यस क्षेत्रमा गाँजाको व्यापक मात्रामा खेती हुने गरेको पाइएको जानकारी दिए । उनका अनुसार नारायणखोलास्थित डाईनीखोला र त्यस आसपासका क्षेत्रमा लगाइएको तयारी हुनै लागेका गाँजा नष्ट गरिएको हो । एसपी राठौरले त्यस क्षेत्रमा गाँजा नष्ट गर्न प्रहरीले अब अपरेशन नै चलाउने बताए। फोन नै नलाग्ने त्यस क्षेत्रमा गाँजा फडानी गर्न हातहतियारसहित ठूलो सङ्ख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी लगिएको थियो। केही दिनअघि पनि दुई पटक लालबन्दी र पत्थरकोटबाट गएका प्रहरीले नारायणखोलाको विभिन्न ठाउँमा लगाइएको गाँजा नष्ट गरेको थियो। गाँजाबाट राम्रो आम्दानी हुने देखेर नारायणखोलाका स्थानीयहरुले केही वर्षअघि देखि अरु बाली लगाउन छाडेर डाँडापाखाका बारीभरी गाँजाको खेती गर्दै आएका छन्। गत वर्ष पनि तत्कालिन प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीको नेतृत्वमा प्रहरी टोली पुगेर नारायणखोलाका विभिन्न ठाउँमा लगाइएको गाँजा नष्ट गरेको थियो ।

### सालको काठ बरामद

रुपन्देही । रुपन्देही जिल्लाको कञ्चन गाउँपालिका १ स्थित प्रगती माविको जंगलबाट एपीएफ टोलीले करीव तीन लाख ५० हजार रुपैयाँ बराबरको सालको काठ बरामद गरेको छ । अवैध रुपले कटान गरीरहेको अवस्थामा उल्लेखित मुल्य बराबरको करीव ९० क्यूफिट सालको काठ सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश विष्णुपुराबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । त्यसवेला काठ काट्ने व्यक्ति एपीएफ टोलीलाई टाढैबाट देख्नासाथै भागी फरार भएका थिए । बरामद काठ कञ्चन सव डिभिजन वन कार्यालयमा बुझाईएको छ ।

### मोटरसाइकल चोरी गर्ने पक्राउ

बाँके । नेपालगंज उपमहानगरपालिका-४ गणेशपुरस्थित पार्किङ गरी राखेको भे.१० प ४७८९ नम्बरको मोटरसाइकल चोरी गरेको अभियोगमा जाजरकोट त्रिवेणी नगरपालिका-८ घर भएका २० वर्षीय विपिन बस्नेतलाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ । सोही उपमहानगरपालिका(११ बस्ने जान मोहम्मद जरगरको उक्त मोटरसाइकल चोरी भएको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उक्त चोरी भएको मोटरसाइकल सहित फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

### डुबेर बालकको मृत्यु

रुपन्देही । सैनामैना नगरपालिका-५ बुद्दनगर बस्ने गणेश ज्ञवालीको छोरा ३ वर्षीय अविराज ज्ञवालीको घर नजिकै माछा पोखरीमा खेल्ने क्रममा डुबेर सोमबार साँझ मृत्यु भएको छ । डुबेर अशक्त भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### गैडाको खाग जस्तो देखिने वस्तुसहित पक्राउ

कैलाली । बर्दगोरिया गाउँपालिका-४ छतिवन सामुदायिक वन नजिकबाट १ सय ७१ ग्राम ९ सय ६० मिलीग्राम तौल बराबरको गैंडाको खाग जस्तो देखिने वस्तु सहित सोही गाउँपालिका-५ बस्ने ५८ वर्षीय नयन बहादुर कठरियालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ । संघीय प्रहरी ईकाइ कार्यालय धनगढीबाट खटिएको प्रहरीले ना.३ स ५७१८ नम्बरको अटो जाँच गर्नेक्रममा अटो पछाडी सिटमा सुन्तला राखेको झोलाभित्र लुकाएको उक्त वस्तु सहित अटोका चालक नयन बहादुरलाई पक्राउ गरेको हो । उनलाई थप अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय सुख्खड पठाइएको संघीय प्रहरी इकाई कार्यालय धनगढीले जनाएको छ ।

### रौतहटमा डुबेर बालकको मृत्यु

रौतहट । रौतहटमा डुबेर एक बालकको मृत्यु भएको छ । परोहा नगरपालिका-३ स्थित पानीको खाल्डोमा डुबेर सोही ठाउँ बस्ने सेराज देवानको छोरा ३ वर्षीय अरमान देवानको आइतबार साँझ मृत्यु भएको छ ।

### आगलागीबाट १६ लाखको क्षति

रौतहट । बौधीमाई नगरपालिका-२ ईनर्वा टोलमा आगो ताप्न बालेको घुरबाट सोही ठाउँ बस्ने राम प्रसाद महतो लगायत ४ जनाको खरले छाएको घरमा आइतबार राति आगलागी हुँदा करिब १६ लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### सवारी दुर्घटनामा विकको मृत्यु

कपिलवस्तु । बुद्धभूमी नगरपालिका-२ गोरुसिंगे जंगलस्थित सडकमा लु.१ ख ६३०७ नम्बरको टिपरले लु.५ प ९६३१ नम्बरको मोटरसाइकललाई बुधबार राति ठक्कर दिँदा मोटरसाइकलमा सवार २० वर्षीया निशा विकको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको ४ नम्बर सामुदायिक अस्पताल हुँदै लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालक अर्घाखाँची सिदारा घर भएका २२ वर्षीय बम बहादुर विकको मेडिकल कलेज भैरहवामा उपचार भइरहेको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## कला/साहित्य

कमल मण्डल



# सफलता पाउँदै गायक प्रवलदीप विश्वास



सुमधुर आवाजको धनी प्रदेश नम्बर १ बिराटनगरका यूवा गायक प्रवलदीप विश्वास एउटा चर्चित नाम हो। सानैदेखि गीत संगीतमा रुचि राख्ने गायक विश्वास अहिलेसम्म सैयौं एल्बम तथा संगीत तथा स्थानीय मैथिली, भोजपुरी, थारु, राजवंशी, नेपाली भाषाको फिल्महरुमा संगीत तथा सुमधुर आवाज दिन सफल भएका छन्। दुइ तीन सय जति एफएम र टेलिभिजनको लागि विज्ञापन जिंगल बनाइसकेका छन्। काठमाडौंदेखि मुम्बईसम्मको ठाउँमा पुगेर आफ्नो प्रस्तुति देखाउन सफल प्रवलदीप गायनसँगै गिटार र पियानोमा विशेष रुची राख्छन्। हाल विराटनगरको डीएभी स्कुल, एभरेष्ट सेकेन्ड्री बोर्डिङ्ग स्कुललगायतमा संगीत गुरुको रुपमा पनि कार्यरत छन् र आफ्नै घरमा स्थापना गरिएको रेकर्डिङ्ग स्टुडियोमा पूर्वाञ्चल लगायत भारतको फरबिसगंजसम्मका मान्छेहरु एफएम टिभि तथा विभिन्न व्यवसायको विज्ञापन जिंगलहरु रेकर्डिङग गराउन आउने गरेको कुरा प्रवलदीप बताउँछन्। सैयौं पुरस्कार तथा सम्मानहरु पाउन सफल गायक विश्वास २०६४ सालमा सर्वोत्कृष्ट मैथिली गीतको इमेज अवार्ड पनि पाएका छन्। बिकल दुल्हा मौगीके गुलाम, नव घर उठे पुरान घर खसे, लाल मधेश, खतरा, प्रेम सफल, स्वर्गके परीलगायतका फिल्महरुमा स्वर तथा संगीत दिन सफल भएका छन्। मेरो धरान प्यारो धरान, हिमाल पहाड तराई कोही छैन पराई, १२ नेपाली एकै चिहानमा संगीतकारको रुपमा पनि काम गरेका छन्।

# हुम्लाको विद्यालय भवन निर्माणका सहयोग



काठमाडौं। भारतीय राजदूतावास, सङ्घीय मामिला तथा सामान्य प्रशासन र हुम्ला जिल्लाको चंखेली-दार्मा गाउँपालिकाका प्रतिनिधिबीच जिल्लाको चंखेली-दार्मास्थित श्री महादेव उच्च माध्यमिक विद्यालयमा प्रयोगशाला र पुस्तकालय भवन निर्माणका लागि सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

नेपाल-भारत मैत्री विकास साझेदारी कार्यक्रमअन्तर्गत उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा अघि सारिएको यस परियोजनाका लागि भारत सरकारले नेरु चार करोड ४१ लाख ३० हजार आर्थिक सहयोग प्रदान गरेको जनाएको छ।

सन् १९७६ मा स्थापना भएको उक्त विद्यालय राष्ट्रिय परीक्षा बोर्ड र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदसँग आबद्ध रहेको छ।

साना विकास परियोजनाको नामले परिचित यस उच्च प्रभाव सामुदायिक विकास परियोजना कार्यक्रमले विशेष गरी नेपालको स्वास्थ्य, शिक्षा, खानेपानी, कनेक्टिभिटी, सरसफाई तथा अन्य सार्वजनिक सुविधाहरुको निर्माणका क्षेत्रमा काम गरिरहेको छ।

परियोजनाअन्तर्गत भारतले सन् २००३ देखि नेपालका सातै वटा प्रदेशमा ४२८ वटा परियोजनाहरु सम्पन्न गरिसकेको छ। यीमध्ये १४ वटा परियोजनाहरु प्रदेश नं ६ मा रहेका छन् जसमा हुम्ला जिल्लामा निर्माण सम्पन्न एक विद्यालय तथा चार विद्यालय निर्माण परियोजना विविध चरणमा रहेका छन्।

नजिकका छिमेकी भारत र नेपालबीच मित्रता र सहयोगको अद्वितीय सम्बन्ध रहेको छ। प्राथमिकताको क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण गर्नका लागि नेपाल सरकारको प्रयासलाई पूर्णता दिन भारत सरकारको निरन्तर प्रतिबद्धतालाई पनि दुई देशबीच सम्पन्न सम्झौतापत्रले प्रतिबिम्बित गरेको छ।

## आर्थिक समाचार

# विद्यालय पुनर्निर्माणका लागि ३ करोड ६ लाख सहयोग



काठमाडौं। भारतले भूकम्पले भत्किएका विद्यालयहरूको पुनर्निर्माणको लागि ३ करोड ६ लाख रुपैयाँ सहयोग गरेको छ। काठमाडौंस्थित भारतीय दूतावासकी मिसन उप प्रमुख नामग्या खम्पाले भूकम्पबाट प्रभावित विद्यालयहरूको पुनर्निर्माणको लागि ३०६ मिलियन नेपाली रुपैयाँ राष्ट्रिय भूकम्प पुनर्निर्माण प्राधिकरणका सीईओलाई हस्तान्तरण गरेकी हुन्। भारतले नेपालका ८ वटा जिल्लाहरूका ७१ शैक्षिक संस्थाको पुनर्निर्माणका लागि ५० लाख अमेरिकी डलरको प्रतिबद्धता गरेको छ।

# सेञ्चुरी बैंकको थप ७ शाखा सञ्चालन

काठमाडौं। सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले मंगलबार ७ वटा नयाँ शाखाहरु सञ्चालनमा ल्याएको छ। उक्त बैंकले बाँकेको कोहलपुर, मुस्ताङको लेते, ललितपुरको बालकुमारी, काठमाडौंको कपन, नरेफाँट र टोखा तथा भक्तपुरको सुकुलढोकामा साखा सञ्चालमा ल्याएको विज्ञप्तिमार्फत जनाएको छ। विस्तारित शाखासहित बैंकको कुल शाखा संख्या १२० पुगेको छ। सबै क्षेत्रसम्म बैंकिङ सेवा विस्तार गर्ने उद्देश्यले बैंकले विभिन्न स्थानमा शाखा, शाखारहित बैंकिङ सेवा तथा एक्सटेन्सन काउन्टर सञ्चालन गरेको विज्ञप्तिमा उल्लेख छ।

# ग्लोबल आइएमई बैंक र हेफर इन्टरनेशनलबीच सम्झौता

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेड र हेफर इन्टरनेशनल नेपालबीच कृषि अनुदान कर्जामा साना किसानको पहुच बढाउने उद्धेश्य पुरा गर्नका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ। समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र हेफर इन्टरनेशनल नेपालका राष्ट्रिय निर्देशक डा. शुभनारायण महतोले हस्ताक्षर गरेका छन्। समझदारी पत्र अनुसार ग्लोबल आइएमई बैंकले गुल्मी जिल्लाका विभिन्न ठाउँहरुमा बाख्रापालन, डेरी, तरकारी खेति, कुखुरापालन, बङ्गुरपालन, माछ्रापालन तथा फलफूलहरुको उत्पादन गर्ने कृषकहरुलाई स्थानीय सहकारीको सिफारिसमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने छ भने हेफर इन्टरनेशनलले सहकारीको सिफारिसमा साना किसानहरुलाई आवश्यक तालिमको व्यवस्था गर्नेछ। यो समझदारीले गुल्मी जिल्लाका महिला, सिमान्तकृत तथा पूजीँ अभावका कारण पछाडि परेका स्थानीय कृषि उद्यमीहरुको जिवनस्तर उकास्न उल्लेख्य योगदान पुऱ्याउने छ। यससँगै बैंकले बैंकिङ्ग साक्षरता तथा सूचना प्रविधिको प्रयोग गर्न स्थानीय कृषकहरुलाई प्रोत्साहन गर्नेछ। मुलुकभर तथा मुलुक बाहिर शाखा सञ्जाल रहेको ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने उद्देश्यले बैंकले ७ वटै प्रदेश तथा ७३ जिल्लामा बैंकको २६४ शाखा सहित ८०० सेवा केन्द्रबाट सेवा प्रदान गरिरहेको छ। त्यसैगरी बैंकले १७ भन्दा धेरै मुलुकबाट रेमिट्यान्स भिऱ्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

# नेपाल-भारत परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक बस्ने

काठमाडौं। नेपाल र भारतबीच परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको छैटौं बैठक माघ पहिलो साता हुने तय भएको छ। बैठक नयाँ दिल्लीमा माघ १ र २ गते हुनेछ। त्यसका लागि परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवाली दिल्ली जाने छन्। नेपालमा प्रतिनिधि सभा विघटन पछि आन्तरिक राजनीतिमा उथलपुथल भएपछि परराष्ट्र मन्त्री ज्ञवालीको भारत भ्रमणमा अन्योल देखिएको थियो। नेपालको प्रस्ताव अनुसार नयाँ दिल्लीले पनि माघको पहिलो साता परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक गर्न तयार भएको हो। यसअघि मंसिर र त्यसपछि पुसमा उक्त बैठक गर्ने भनिए पनि दुवै पक्षबीच एउटै मितिलाई लिएर सहमति नहुँदा पनि बैठक बस्न नसकेको हो।

दुवै मुलुकको राजनीतिक तहमा उक्त संयन्त्र बनाउने सहमति भएपछि पहिलो पटक २०४४ सालमा नेपाल-भारत परराष्ट्र मन्त्रीस्तरीय संयुक्त आयोगको बैठक बसेको थियो। उक्त आयोग दुई मुलुकबीचका समस्याहरुलाई समाधान गर्न र सम्बन्धलाई थप बलियो बनाउनका लागि अघि बढाइएको हो।

नेपाल-भारत परराष्ट्र मन्त्री स्तरीय संयुक्त आयोगको पाँचौ बैठक २०५६ को भदौमा काठमाडौंमा बसेको थियो। त्यस गरि तेस्रो बैठक २०७१ को असारमा काठमाडौंमा,चौथो बैठक २०७३ को असोजमा नयाँ दिल्लीमा र दोस्रो बैठक २०४८ साल मंसिरमा नयाँ दिल्लीमा बसेको थियो।

पाँचौ संयुक्त बैठकमा दुई मुलुक बीचको नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (ईपीजी) को प्रतिवेदन र नेपाल-भारत बीचको सन् १९५० मा भएको सन्धीको बारेमा छलफल भएको थियो।

# जनकपुर-जयनगर रेल चलाउन जनशक्ति आपूर्ति प्रस्ताव

काठमाडौं। भारतको कोङ्कर्ण रेल्वे कर्पोरेसनले जनकपुर-जयनगर रेल सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति आपूर्तिका साथै रेल सञ्चालनको व्यवस्थापनको प्रस्ताव पठाएको छ।

नेपालको रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले जनकपुर-जयनगर रेल सञ्चालनका लागि नेपालले माग गरे अनुसारको तत्काल आवश्यक पर्ने प्राविधिक कर्मचारीको आपूर्तिका साथै रेल सञ्चालनको समग्र व्यवस्थापनका लागि सो कर्पोरेसनले प्रस्ताव गरेको जानकारी दिए।

"रेल्वे कम्पनीलाई प्राप्त भएको भारतीय प्रस्ताव भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाइसकिएको छ, अहिले प्रस्तावमाथि मन्त्रालय स्तरीय छलफल भइरहेको छ" महाप्रबन्धक भट्टराईले स्पष्ट पारे। उक्त प्रस्तावमाथि छलफल गरी अन्तिम स्वीकृतिका लागि यसै हप्ता मन्त्रिपरिषदमा पेस गरिने उनको भनाई छ। भारतको प्रस्ताव मन्त्रिपरिषद्मा पेस गर्न रेल्वे कम्पनीको सञ्चालक समितिले समेत निर्णय गरिसकेको उनले जनाए।

नेपाल पठाउनका लागि रेल्वे कर्मचारी तयारी अवस्थामा राखिएको जनाइएको छ। मन्त्रिपरिषद्को स्वीकृति प्राप्त हुने बित्तिकै भारतसँग सम्झौता गरी त्यहाँका कर्मचारी बोलाएर कर्मचारीलाई तालिम दिने योजना छ। उनले थपे, "करिब दुई हप्ता तालिमको काम हुन्छ र त्यसपछि उक्त रेल सेवाको विधिवत् रूपमा उद्घाटन गरिनेछ।'

# भारतमा स्वीकृत भएको खोप नेपालका लागि सहज

काठमाडौं। भारतले आपत्कालीन प्रयोगको मान्यता दिएको कोभिड-१९ विरुद्धका खोप कोभिसिल्ड र कोभ्याक्सिन नेपालका लागि समेत सहज हुने देखिएको छ। तिनलाई कोभाक्स सुविधाबाट सहुलियत दरमा प्राप्त हुने भनिएको खोपभन्दा छिटो ल्याउन पहल सुरु भइसकेको स्वास्थ्य मन्त्रालयका अधिकारीले बताएका छन्।

स्वास्थ्य मन्त्रालयका अनुसार खोपको सहज उपलब्धताका लागि भारत र नेपालबीच उच्चस्तरीय संवाद जारी छ। कोभिड खोप सल्लाहकार समितिका संयोजक तथा बाल स्वास्थ्य महाशाखाका पूर्वनिर्देशक डा. श्यामराज उप्रेतीले पनि खोप ल्याउन नेपाल सरकारले भारतसँग गम्भीर कुरा गरेको जानकारी दिए। उनले खोप छिटो ल्याउन सिरम इन्स्टिच्युट अफ इन्डिया, भारत बायोटेक र भारत सरकारसँग कुरा भएको बताए। पूर्वाधारका दृष्टि नेपालका लागि २ देखि ८ डिग्री सेल्सियस तापक्रममा भण्डारण गर्न सकिने खोप उपयुक्त देखिएको छ। कोभिसिल्ड र कोभ्याक्सिन दुवै नेपालको राष्ट्रिय खोप कार्यक्रमको कोल्ड चेन अनुकूल छन्। स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. अधिकारीले खोपका लागि भारतले सहयोग गर्ने प्रतिबद्धता जनाइरहेको बताए। सरकारले खोप उपलब्धताका लागि भारतलगायतका मुलुकहरूमा पहिल्यै कूटनीतिक नोटसमेत पठाइसकेको छ।

# प्रभु...

अमनको बयान र अन्य अनुसन्धानको आधारमा पर्सा प्रहरीले हत्याका मुख्य योजनाकार साह भएको किटान गरी १५ वर्ष जेल सजायको रायसहितको मिसिल सरकारी वकिलको कार्यालयमा बुझाएको थियो। तर २५ असोजमा अभियुक्तको सूचीबाट साहको नाम हटाएर अन्य आरोपीविरुद्ध मात्र मुद्दा दर्ता गरियो। आरोपित साह तिवारी हत्यापछि पहिलो पटक ७ कात्तिकमा पार्टी तात्काली माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग वीरगञ्ज पुगेका थिए। उनकै बचाउका लागि पार्टीको भोजपुरा राज्य समितिले आयोजना गरेको चियापान कार्यक्रममा अध्यक्ष प्रचण्डले अभियुक्त साहलाई राजनीतिक रूपमा फँसाइएको दाबी गरे। तराई-मधेशमा आफ्नो पकडका लागि प्रचण्डले साहको बचाउ गरेको राजनीति वृतमा चर्चा पनि चलेको थियो। प्रचण्ड मधेश आउँदा त्यसको तारतम्य सबै साहले नै गर्थे। प्रचण्डले पनि मधेशमा मातृकाभन्दा बढी भरोसा साहलाई नै गर्थे। त्यसैले साहलाई 'मधेशको प्रचण्ड' पनि भन्ने गरिन्थ्यो।

प्रचण्ड-नेपाल समूहमा साहले समूह परिवर्तन गर्दा मधेशको राजनीतिमा असर पर्ने नेकपाका नेताहरू बताउँछन्। प्रदेश २ मा माओवादीबाट निवार्चन जितेका साह त्यहाँका जनताले विश्वास गर्ने नेता मध्येमा पर्छन्। साह प्रदेश २ मा माधव नेपालसँग राजनीतिक प्रतिस्पर्धा गर्न क्षमता राख्ने नेता हुन्।

साहले पटक-पटक माओवादी कोटाबाट मन्त्री बन्ने आस गरेका थिए। तर उनी मन्त्री बन्न असफल भएपछि पछिल्लो समय नेकपाको विवादमा मौन नै देखिए पनि अन्तिममा प्रचण्ड-नेपाल समूहको भेलामा गएका थिए।

प्रचण्ड-नेपाल समूहमा आएर म तपाईंहरूकै हो भनेर सन्देश दिएका साहले मन्त्री बन्नकै लागि ओली समूह रोजेको आरोप उनीमाथि लागेको छ।

प्रचण्ड-नेपाल समूहका नेताहरुले साहले आफ्नो राजनीतिक धरातल नै बिर्सिएर ओली समूहको मन्त्री बनेको टिप्पणी गर्छन्। साह जुन समूहमा गए पनि उनको राजनीतिक पृष्ठभूमि भने प्रचण्डकै आसपासमा रहने पनि ती समूहका नेताको मत छ। साहसँग भने रौतहटका जनता धेरै रुष्ट देखिएका छन्। ओली समूहबाट मन्त्री भएपछि साहको निवार्चन क्षेत्रमा विरोधसमेत भएको छ।

# पञ्चेश्वर परियोजना टुंगयाउन भारत सहमत

काठमाडौं। पञ्चेश्वर बहुउद्देश्यीय परियोजना कार्यान्वयन गर्न भारतीय पक्ष तयार भएको छ। पञ्चेश्वर परियोजना अघि बढाउन नेपाल र भारतले संयुक्त रूपमा तयार पारेको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) मा सुल्झाउन बाँकी बुँदामध्ये चार वटामा सहमति जुटेको छ।

पञ्चेश्वरको डीपीआरमा विवादित भनिएका बुँदामा छलफलका लागि पाँच सदस्यीय टोलीसहित दिल्ली पुगेर फर्किएका ऊर्जा सचिव दिनेशकुमार घिमिरेले छलफलबाट चार वटा बुँदामा सहमति जुटेको र एउटा बुँदामा सकारात्मक छलफल भएको भन्दै यसलाई महाकाली सन्धिको कार्यान्वयनमा जान ठूलो सफलता मिलेको बताए।

सन्धिको धारा ४ मा उल्लेख भए अनुसार दोधारा-चाँदनी क्षेत्रका लागि महाकाली नदीबाट ३ सय ५० क्युसेक पानी उपलब्ध गराउन भारतीय पक्षले सहमति जनाएको छ।

सन्धिमा उल्लेख भएअनुसार ३ सय ५० क्युसेक पानी वर्षैभर उपलब्ध गराउन भारतीय पक्ष सहमति भएको घिमिरेले जानकारी दिएरु। महाकाली सन्धिको धारा ३ मा पञ्चेश्वर परियोजनाबाट हुने लाभका आधारमा दुवै देशले लागत व्यहोर्ने उल्लेख छरु। पञ्चेश्वर परियोजना बने नेपाललाई सिँचाइ र बाढी नियन्त्रणतर्फ २० र जलविद्युत् परियोजनाबाट ५० प्रतिशत लाभ हुने विश्लेषण गरिएको छ।

वार्तामा नेपाली पक्षले पञ्चेश्वर बनेपछिको सिँचाइ र बाढी नियन्त्रणमा नेपाललाई कुनै लाभ नहुने भन्दै बाढी नियन्त्रण र सिँचाइ परियोजनाको लागत नव्यहोर्ने अडान राखेको थियो।

पञ्चेश्वर परियोजनाबाट सिँचाइ र बाढी नियन्त्रणको लाभ हुने क्षेत्रमा नेपाल आफैंले काम गरिरहेको र परियोजना बनुन्जेल सिँचाइ र बाढी नियन्त्रणको काम भइसक्ने भन्दै नेपाली पक्षले परियोजनाबाट यो लाभ नेपाललाई नहुने तर्क गरेको सचिव घिमिरेले बताएरु। यसलाई भारतीय पक्षले स्विकार्दै जलविद्युत् परियोजनाको लागतको आधा हिस्सा मात्रै नेपालले व्यहोर्नुपर्ने व्यवस्थामा सहमति जनाएको छ।

आगामी केही साताभित्र दिल्लीमा हुने नेपाल-भारत संयुक्त आयोगको बैठकमा समेत यो विषयमा छलफल हुने उनले बताए। बैठकमा भाग लिन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवाली केही साताभित्र दिल्ली जाँदै छन्।

# परराष्ट्रमन्त्री ज्ञवाली माघ १ मा दिल्ली जाने

काठमाडौं। नेपाल-भारत परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठक पनि बस्ने भएको छ। २ माघमा हुने आयोगको छैटौं बैठकका लागि परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली १ माघमा नयाँदिल्ली जाँदै छन्। 'परराष्ट्रमन्त्री ज्ञवाली १ माघमा दिल्ली जाने तय भएको छ। उहाँ दुई रात दिल्ली बस्ने कार्यक्रम छ/। संयुक्त आयोगको बैठकका अतिरिक्त उहाँले उच्च राजनीतिक भेटवार्ता गर्ने पनि कार्यक्रम छ,' परराष्ट्र मन्त्रालयले भन्को छ। आलोपालो प्रचलनअनुसार यसपटक आयोगको बैठक नयाँदिल्लीमा बस्न लागेको हो। यसअघि मंसिर अन्तिम साताका लागि तय भएको बैठक नेपालको राजनीतिक अन्योलका कारण सरेको थियो। भारतीय परराष्ट्रमन्त्री डा. एस जयशंकरका तर्फबाट परराष्ट्रसचिव हर्षबर्धन शृंगलाले ११ मंसिरमा परराष्ट्रमन्त्री ज्ञवालीलाई बैठकको निमन्त्रणा गरेका थिए। तर, सत्तारुढ नेकपाको आन्तरिक विवादका कारण मन्त्रिपरिषद् पुनर्गठन हुन सक्ने सम्भावनाबीच नेपालले बैठकको मितिमा सहमति जनाउन सकेको थिएन। भारतीय परराष्ट्रसचिव हर्षबर्धन शृंगलाको मंसिरमा भएको नेपाल भ्रमणकै वेला संयुक्त आयोगको बैठकको मिति तय भएको जनाइएको छ। भारतीय परराष्ट्रमन्त्री जयशंकरको अनुकूलतामा प्रस्तावित मितिमा बैठक बस्न नेपाल तयार भएको हो। बैठकमा अन्य विषयसँगै सुस्ता र कालापानीको सीमा विवाद एवं नयाँ नक्साबारे पनि छलफल हुने जनाइएको छ।

# प्रेस काउन्सिल नेपालको अपिल

काठमाडौं। समसामयिक राजनीतिक परिस्थिति एवं अहिलेको संवेदनशील घडीमा राजनीतिक दल/नेताहरूबाट एकआपसमा लक्षित गर्दै कुनै बैठक तथा सभाहरूमा बोल्ने कममा प्रयोग भएको भनिएका भनाइ, भाषा, शब्द, सडकमा लागेका उच्छृङ्खल र अमर्यादित नारासमेतमा आधारित भई सम्मानित संस्था, व्यक्ति र नागरिकहरूको मर्यादामा समेत आँच पुग्ने गरी मूल शीर्षक बनाई, तोडमरोड गरी नकारात्मकतालाई मद्दत पुऱ्याउने किसिमबाट सञ्चार माध्यमहरूबाट पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६) विपरीत सामग्रीहरू प्रचारप्रसार भइरहेको देखिएकाले यसप्रति प्रेस काउन्सिल नेपालको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। काउन्सिलले बुधबार एक विज्ञप्ति जारी गरी तथ्यभन्दा टाढा रही कसैलाई लाभ वा हानी पुऱ्याउने नियत राखी, कसैमाथि भेदभाव हुने वा घृणा उत्पन्न गर्ने गरी, कसैको आत्मसम्मानमा ठेस पुऱ्याउने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने किसिमबाट अशिष्ट, अमर्यादित भाषा र कार्यशैलीमा जनमानसमा भ्रम पार्ने, उत्तेजित बनाउने र सामाजिक सद्भावमा खलल पुऱ्याउने गरी सामग्री सम्प्रेषण गर्नु/गराउनु पत्रकार आचारसंहिता प्रतिकूल हुने हुँदा तथ्यगत पुष्टिसहित मर्यादित, सन्तुलित सामग्री सम्प्रेषण गर्नु जिम्मेवार पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य र जिम्मेवारी हो। यसबाट नै प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्न मद्दत पुग्ने जनाएको छ। यसर्थ सार्वजनिक शिष्टाचार, सामाजिक सद्भाव, व्यक्तिको आत्मासम्मानको ख्याल गरी आफ्नो कर्तव्य निर्वाहका कममा थप सभ्य, शिष्ट, मर्यादित, जिम्मेवार भइ सामग्री सम्प्रेषण गर्नु/गराउनु हुन आमसञ्चार माध्यम, सम्पूर्ण पत्रकार, सञ्चारकर्मी, सामाजिक सञ्जाल र यसकाप्रयोगकर्तामा प्रेस काउन्सिल नेपालले अपिल गरेको छ।




मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : राम ल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madhes ail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

16-38, Madheshvani, Pus-24, 2077.pmd 8 1/8/2021, 10:00 AM